# आर्थिक वर्ष २०७३/७४ को बजेटको मध्यावधि समीक्षा प्रतिवेदन

नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०७३ फागुन

# मन्तव्य

आर्थिक वर्ष २०७३/७४ को बजेट कार्यान्वयनको मध्यावधि समीक्षा प्रकाशन गरिएको छ। यो समीक्षाले चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भएको बजेट कार्यान्वयन, स्रोत परिचालन, क्षेत्रगत उपलब्धिहरु, समस्याहरु/चुनौतीहरु र बाँकी अवधिमा गर्नुपर्ने सुधारका प्रयासलाई समेटेको छ।

चालु आर्थिक वर्षको बजेटले मुख्यरुपमा संविधान कार्यान्वयन र शान्ति प्रक्रिया सम्पन्न गर्ने, भूकम्प पछिको पुनर्निर्माणलाई तीव्रता दिने, आर्थिक समृद्धिका लागि पूर्वाधार खडा गर्ने, सेवा प्रवाह र शासकीय सुधार गर्ने जस्ता क्षेत्रलाई प्राथमिकतामा राखेको थियो।

बजेट कार्यान्वयनको प्रथम ६ महिनाको अवधि मिश्रित रहेको छ। भूकम्पपछिको पुनर्निर्माणमा तीव्रता, अनुकुल मनसुन एवं रासायनिक मल तथा उन्नत विउ/विजनको सहज उपलव्धता, विद्युत आपूर्तिमा सुधार, निर्माणजन्य एवं उपभोग्य समाग्रीको मागमा हुने वृद्धि समेतका कारण मुलुकको समग्र आर्थिक वृद्धिदर बजेटले लिएको लक्ष्यअनुरुप ६.५ प्रतिशत हुने अनुमान छ।

समृद्ध नेपालको लागि आर्थिक विकास हाम्रा लक्ष्य हुन्। यसका लागि आर्थिक वृद्धि लक्ष्य भन्दा बढी हासिल गर्न, मुद्रास्फीतिलाई घटाउन, निर्यात वृद्धि गरी व्यापार घाटा कम गर्न, चालु खर्चलाई सीमाभित्र राखी पूँजीगत खर्चलाई उल्लेख्य रुपमा बढाउन र क्षेत्रगत लक्ष्यहरु हासिल गर्न सक्दो प्रयास गर्न म सम्बन्धित सवैमा हार्दिक आव्हान गर्दछु।

समीक्षा प्रतिवेदन तयारीमा संलग्न सवै र विशेष गरी बजेट तथा कार्यक्रम महाशाखामा कार्यरत कर्मचारीहरुलाई धन्यवाद दिन्छु।

कृष्णवहादुर महरा
उपप्रधानमन्त्री तथा अर्थमन्त्री

# मन्तव्य

अर्थ मन्त्रालयले प्रत्येक आर्थिक वर्षको पहिलो छ महिनाको अवधि पूरा भएपछि वार्षिक बजेट कार्यान्वयनको मध्यावधि समीक्षा नियमित रुपमा तयार गर्ने गरेको छ। यसै सिलसिलामा आर्थिक वर्ष २०७३/७४ मा बजेटले लिएका उद्देश्य, निर्धारण गरिएका प्राथमिकता र सो अनुरुपका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था, कार्यान्वयनका क्रममा देखिएका समस्या र बाँकी अवधिमा चाल्नु पर्ने कदमहरुको बारेमा विश्लेषण गरी मध्यावधि समीक्षा तयार गरिएको छ।

विगतका वर्षहरुमा बजेटको कार्यान्वयनमा विभिन्न समस्याहरु देखिएको र कार्यान्वयन समयमै नभएको अवस्था रहेको थियो। यस आर्थिक वर्षको लागी आर्थिक वर्ष शुरु हुनुभन्दा करिव ४५ दिन अगाडि नै व्यवस्थापिका-संसदमा बजेट प्रस्तुत गर्ने संवैधानिक व्यवस्था अनुरुप बजेट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। समीक्षा अवधिमा समष्टिगत आर्थिक परिसूचकहरु अनुकुल भएतापनि बैंकिङ्ग प्रणालीमा कर्जायोग्य लगानीको अभाव, उच्च व्यापार घाटा र विप्रेषण घटिरहेको अवस्था छ। यो अवस्थामा पनि चालु वर्ष निर्धारण गरिएको आर्थिक वृद्धिको लक्ष्य भने हासिल हुन सक्ने देखिन्छ। समीक्षा अवधिमा आइपुग्दा राजस्व लक्ष्यभन्दा बढी संकलन भएको, आपूर्ति प्रणालीमा सुधार आई मुल्यवृद्धि वाञ्छित सीमाभित्रै रहेको, पुनर्निर्माणले गति लिएको भएतापनि चालु खर्चमा मितव्ययिता कायम हुन नसक्नु र पूँजीगत खर्चमा अपेक्षित वृद्धि हुन नसक्नु जस्ता समस्याहरु कायमै रहेका छन्।

बजेटको विनियोजन र सञ्चालनमा कुशलता, दक्षता, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी वित्तीय अनुशासन कायम गर्ने कार्यहरु अझैपनि चुनौतीपूर्ण नै देखिएका छन्। हामीसँग साधन स्रोतको अभाव होइन, खर्च गर्ने क्षमता भने बढाउनुपर्ने देखिन्छ। समीक्षा अवधिमा वैदेशिक सहायताको प्रतिवद्धता बढेतापनि प्राप्ति र उपयोग क्षमतामा सुधार आउन सकेको छैन। अतः प्रतिवेदनले औंल्याएका सुझावहरुलाई कार्यान्वयनयोग्य कार्ययोजना बनाई बजेटले लिएका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित सबै निकायहरुबाट जिम्मेवारीपूर्ण प्रयास हुनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा मध्यावधि समीक्षा प्रतिवेदन तयार गर्न मेहनतपूर्वक खटिनु भएका सबै कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

डा. शान्तराज सुवेदी
सचिव

# विषय सूची

| विषय | पाना नं. |
|---|---|


**मन्तव्य** **१**

मन्तव्य २

**कार्यकारी सारांश** **१**

**परिच्छेद १** **४**

**समष्टिगत आर्थिक तथा वित्तीय स्थिति** **४**

*१.१ समीक्षाको पृष्ठभूमि र सीमा* *४*

*१.२ समष्टिगत आर्थिक तथा वित्तीय स्थिति* *४*

१।२.१ विश्व अर्थतन्त्रको परिदृश्य ४

१.२.२ राष्ट्रिय अर्थतन्त्र ४

१.२.४ मौद्रिक स्थिति ५

१.२.५ कुल आन्तरिक कर्जा ६

१.२.६ बैंक तथा वित्तीय संस्थाहरुको साधन परिचालनको स्थिति ६

१.२.७ धितोपत्र तथा बीमा व्यवसाय ७

१.२.८ वाह्य क्षेत्र ७

**परिच्छेद २** **९**

**बजेट खर्च र स्रोत परिचालनको विश्लेषण** **९**

*२.१ खर्च विश्लेषण* *९*

२.१.१ वार्षिक बजेट विनियोजन ९

२.१.२ निकाय/मन्त्रालयगत खर्च स्थिति १२

२.१.३ कार्यगत खर्चको स्थिति १२

२.१.४ प्राथमिकताका आधारमा खर्च स्थिति १२

२.१.५ रणनीतिक स्तम्भहरूको आधारमा खर्च स्थिति १३

२.१.६ वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको खर्च स्थिति १४

२.१.७ शीर्षकगत खर्च स्थिति १४

**२.२ स्रोत परिचालन विश्लेषण** **१४**

२.२.१ राजस्व परिचालन १४

२।२.२ राजस्व संकलनको अवस्था १४

२.२.३ शीर्षकगत राजस्व संकलनको अवस्था १६

२।२.४ चालु आर्थिक वर्षको समीक्षा अवधिमा सम्पन्न भएका राजस्वसँग सम्बन्धित मुख्य मुख्य उपलव्धीहरु १८

२।२।५ सम्बृद्ध नेपालको लागि दिगो आर्थिक विकासको तत्कालिन कार्यान्वयन कार्ययोजना २०७३ मा समावेश विषयहरु १९

२।२.६ राजस्व परिचालनमा देखिएका चुनौतीहरुः १९

२.२.७ राजस्व संकलनमा सुधारका सम्भावनाहरु २०

२.२.८ राजस्व लक्ष्यको संशोधित अनुमान र त्यसका आधारहरू २०

*२.३ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन २१*

२.३.१ बजेटमा वैदेशिक सहायताको अवस्था २१

२.३.२ वैदेशिक सहायताको प्रतिवद्धता २२

२.३.३ वैदेशिक सहायताको सोधभर्ना स्थितिस २३

२.३.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालनमा देखा परेका प्रमुख समस्याहरू २३

२.३.५ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालनलाई प्रभावकारी बनाउन गर्नुपर्ने सुधार २३

२.३.६ आन्तरिक ऋण परिचालन २४

**परिच्छेद-३ २५**

**क्षेत्रगत उपलब्धि विश्लेषण २५**

*३.१ आर्थिक क्षेत्र २५*

३.१.१ अर्थ मन्त्रालय २५

३.१.२ उद्योग मन्त्रालय २६

३.१.३ कृषि विकास मन्त्रालय २६

३.१.४ श्रम तथा रोजगार मन्त्रालय २७

३.१.५ पशुपन्छी विकास मन्त्रालय २८

३.१.६ राष्ट्रिय योजना आयोगको सचिवालय २८

३.१.७ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय २८

३.१.८ वन तथा भू-संरक्षण मन्त्रालय २९

३.१.९ वाणिज्य मन्त्रालय २९

३.१.१० भूमिसुधार तथा व्यवस्था मन्त्रालय ३०

३.१.११ सहकारी तथा गरिबी निवारण मन्त्रालय ३०

*३.१.१२ आपूर्ति मन्त्रालय ३१*

*३.२. भौतिक पूर्वाधार ३१*

३.२.१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ३१

३.२.२ सिंचाइ मन्त्रालय ३२

३.२.३ सूचना तथा सञ्चार मन्त्रालय ३२

३.२.४ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ३३

३.२.५ ऊर्जा मन्त्रालय ३४

३.२.६ सहरी विकास मन्त्रालय ३६

३.२.७ विज्ञान तथा प्रविधि मन्त्रालय ३७

*३.३. सामाजिक पूर्वाधार ३७*

३.३.१ स्वास्थ्य मन्त्रालय ३७

३.३.२ शिक्षा मन्त्रालय ३८

३.३.३ खानेपानी तथा सरसफाई मन्त्रालय ३९

३.३.४ जनसंख्या तथा वातावरण मन्त्रालय ४०
३.३.५ महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय ४१
३.३.६ युवा तथा खेलकुद मन्त्रालय ४२

*३.४. सार्वजनिक सेवा प्रवाह र सुशासन ४२*

३.४.१ अख्तियार दुरूपयोग अनुसन्धान आयोग ४२
३.४.२ निर्वाचन आयोग ४२
३.४।३ लोक सेवा आयोग ४२
३.४।४ महालेखा परीक्षकको कार्यालय ४३
३.४.५ राष्ट्रिय मानव अधिकार आयोग ४३
३.४।६ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ४३
३.४.७ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ४३
३.४.८ गृह मन्त्रालय ४३
३.४.९ परराष्ट्र मन्त्रालय ४३
३.४.१० रक्षा मन्त्रालय ४४
३.४.११ शान्ति तथा पुनर्निर्माण मन्त्रालय ४४
३.४.१२ सामान्य प्रशासन मन्त्रालय ४४
३.४.१३ सार्वजनिक संस्थान व्यवस्थापन ४४

**परिच्छेद ४ ४६**

**राष्ट्रिय पुनर्निर्माण ४६**

*४।१ पृष्ठभुमी ४६*

*४।२ अद्यावधिक स्थिति र प्रगति ४६*

४.२.१ आवास अनुदान वितरण र निर्माण ४६
४.२.२ पुरातात्विक सम्पदा पुननिर्माण ४८
४.२.३ विद्यालय भवन पुनर्निर्माण ४८
४.२.४ भौतिक संरचना पुनर्निर्माण ४८
४.२.५ गुनासो व्यवस्थापन ४८

*४.३ समस्या तथा चुनौती ४८*

*४.४ अवसर ४९*

**परिच्छेद ५ ५०**

**सुधारका प्रयास ५०**

*५.१ बजेट कार्यान्वियनलाई तिव्रता दिन गरिएका प्रयासहरू ५०*

*५.२ यस मध्यावधी अवधिभित्र चालिएका कदमहरु ५२*

५.२.१ पूँजिगत खर्च बृद्धिका प्रयासहरु ५२
५.२.२ नयाँ नीति निर्माण सम्बन्धी ५२
५.२.३ समृद्ध नेपालको लागि दिगो आर्थिक विकासको कार्ययोजना ५२
५.२.४ नयाँ कानुनको निर्माण र विद्यमान कानुनहरुको संशोधन ५३

५.२.५ वित्तीय क्षेत्र विकास रणनीति ५३
५.२.६ भूकम्पपछिको पुनर्निर्माणको लागि बजेट व्यवस्थापन ५४
५.२.७ प्रभावकारी अनुगमन तथा मूल्याङ्कन ५५
**परिच्छेद ६** **५६**
**खर्च प्रक्षेपण र पुनः प्राथमिकीकरण** **५६**
*६।१ खर्चको संशोधित अनुमान र त्यसका आधारहरू* *५६*
*६.२ कार्यक्रम तथा आयोजनाहरूको खर्च व्यवस्थापनको प्राथमिकीकरण* *५९*
*६.३ आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा प्राथमिकता दिनुपर्ने क्षेत्रहरू* *६०*
**परिच्छेद ७** **६१**
**बजेट कार्यान्वयनका चुनौती र गर्नुपर्ने सुधार** **६१**
*७.१ चुनौतीहरु* *६१*
*७।२ तत्काल चाल्नु पर्ने सुधारका कदमहरु* *६२*
*७.३ भावी कार्यदिशा* *६३*

# कार्यकारी सारांश

१. चालु आर्थिक वर्षमा ६.५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य मौसमी अनुकुलता, रासायनिक मल तथा उन्नत विउ/बिजनको सहज उपलब्धता, विद्युतको आपूर्तिमा सुधार, निर्माणजन्य एवं उपभोग्य सामाग्रीको मागमा हुने वृद्धि लगायतका कारणले लक्ष्यअनुरुप नै हासिल हुने अनुमान रहेको छ। पर्यटन, थोक तथा खुद्रा व्यापार एवं यातायात तथा सञ्चार क्षेत्रमा हुने बिस्तारले गर्दा समग्र आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्ने अनुमान रहेको छ।

२. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यहरु तीब्र रुपमा अगाडी बढ्ने अवस्था सिर्जना भएको कारणले गर्दा भूकम्पबाट प्रभावित क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण कार्यमा तिब्रता आउने देखिन्छ। यसका अतिरिक्त निर्माण सामाग्रीहरुको मागमा समेत वृद्धि भई पूँजीगत खर्च बढ्ने र लगानीमैत्री वातावरणको सिर्जनाद्धारा निजी लगानी आकर्षित भई अर्थतन्त्रमा गतिशिलता आउने अनुमान रहेको छ।

३. वार्षिक बजेटले लिएको लक्ष्यअनुरूप औसत मुद्रास्फीति ७.५ प्रतिशत कायम रहने अनुमान गरिएकोमा पहिलो ६ महिना सम्मको औसत मुद्रास्फीति ५.८ प्रतिशत रहेको छ।

४. समीक्षा अवधिमा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा १४.८ प्रतिशतले वृद्धि भई रू. ३६ अर्ब २७ करोड पुगेको छ। यस अवधिमा कुल वस्तु आयात ६७.३ प्रतिशतले वृद्धि भई रू. ४ खर्ब ६४ अर्ब ६१ करोड पुगेको छ। समीक्षा अवधिमा कुल व्यापार घाटा ७४ प्रतिशतले वृद्धि भई रू. ४ खर्ब २८ अर्ब ३३ करोड कायम हुन गएको छ।

५. समीक्षा अवधिमा शोधानन्तर स्थिति रू. ४५ अर्ब ८३ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रू. १ खर्ब ३९ अर्ब ७५ करोड रहेको थियो। वस्तु आयात उच्च दरले बढेको कारणले गर्दा समीक्षा अवधिमा चालु खाता रू. १ अर्ब ८ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खाता रू. १ खर्ब ५७ अर्ब ५२ करोडले बचतमा रहेको थियो। कुल विदेशी विनिमय सञ्चिति रू. १० खर्ब ८८ अर्ब ९६ करोड पुगेको छ। छ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमयको यो सञ्चितिले १४.३ महिनाको वस्तु आयात र १२.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

६. समीक्षा अवधिमा सरकारी बजेट रू. २ खर्ब ७४ अर्ब ६८ करोड ५० लाख ६७ हजार खर्च भएको छ। यो रकम कुल बजेटको २६.१९ प्रतिशत हुन आउँछ। कुल खर्चमध्ये चालु खर्च रू. २ खर्ब १८ अर्ब ६० करोड ९० लाख ३८ हजार, पूँजीगत खर्च रू. ३५ अर्ब २५ करोड ४६ लाख र वित्तीय व्यवस्थातर्फ रू. २० अर्ब ८२ करोड १४ लाख १३ हजार खर्च भएको छ। उल्लिखित खर्चहरु विनियोजनको तुलनामा क्रमशः ३५.४२ प्रतिशत, ११.३० प्रतिशत र १७.३८ प्रतिशत रहेको छ।

७. समीक्षा अवधिसम्म राजस्वको लक्ष्य रू. २ खर्ब ५८ अर्ब ७४ करोड ३ लाख रहेकोमा रू. २ खर्ब ७७ अर्ब ५७ करोड १५ लाख संकलन भएको छ। यो असुली अर्ध वार्षिक लक्ष्यको तुलनामा १०७.२८ प्रतिशत र वार्षिक लक्ष्यको तुलनामा ४९.०५ प्रतिशत रहेको छ।

८. विभिन्न विकास आयोजना कार्यान्वयनको लागि रू. १ खर्ब ५२ अर्ब ३१ करोड ३१ लाख बराबरको वैदेशिक सहायताको प्रतिबद्धता प्राप्त भएको छ। यसमध्ये रू. ३८ अर्ब ३० करोड २७ लाख अनुदान र रू. १ खर्ब १४ अर्ब १ करोड बराबरको सहुलियतपूर्ण ऋण सहायता रहेको छ।

९. चालु आर्थिक वर्षको सुरूमा वैदेशिक सहायतातर्फ सोधभर्ना प्राप्त गर्नुपर्ने रकम रू. ३६ अर्ब ९६ करोड ९ लाख रहेकोमा समीक्षा अवधिमा रू. २१ अर्ब ९३ करोड ८४ लाख सोधभर्ना प्राप्त भएको छ।

१०. खर्चको प्रवृत्ति र अनुमानको आधारमा चालु खर्च रू. ५ खर्व ६१ अर्व ६१ करोड ९३ लाख ५७ हजार, पूँजीगत खर्च रु. २ खर्व ६२ अर्व ३ करोड ४९ लाख १३ हजार र वित्तीय व्यवस्था तर्फ रू. १ खर्व १२ अर्व २२ करोड ७३ लाख समेत गरी कुल खर्च रू. ९ खर्व ३५ अर्व ८८ करोड १६ लाख ५८ हजार पुग्ने संशोधित अनुमान रहेको छ। यो कुल विनियोजित बजेटको ८९.२२ प्रतिशत हो। पुनर्निर्माण कार्यको दोश्रो किस्ता वितरण कार्य सुरु हुने भएको, मन्त्रालय/निकायहरूबाट भएका थप बजेट मागलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको, मन्त्रिपरिषद्को निर्णयबाट सिर्जित दायित्व भुक्तानी गर्नुपर्ने अवस्था, निर्वाचन र सरकारबाट सोको तयारीमा हुने खर्च, मुद्रास्फीति तथा अन्य सञ्चालन तथा उपभोग खर्चमा हुनसक्ने बृद्धि समेतको आधारमा चालु खर्च बढ्न जाने देखिन्छ।

११. यसैगरी विभिन्न सिंचाइ, सडक, जलविद्युत आयोजनाहरु, १३२ के.भी. तथा अन्य प्रसारण लाइन विस्तार आयोजना ,राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी कार्य योजना, दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना, मेलम्ची खानेपानी लगायतका आयोजनाहरुको खर्च बढ्ने स्थिति रहेको छ।

१२. राष्ट्रिय पुनर्निर्माणतर्फ पहिलो किस्ता वापतको ५० हजार रुपैया रकम करिव ५ लाख १० हजार लाभग्राहीले प्राप्त गरिसकेका छन्। दोस्रो किस्ताको थप गरिएको रु. १ लाख समेत गरी रु. १ लाख ५० हजार पनि वितरणको तयारी भइरहेको छ। गैरसरकारी क्षेत्रबाट १४ वटा सम्पदा र ४८० विद्यालय भवनको पुनर्निर्माण कार्य सम्पन्न भएको छ। प्राविधिकहरूलाई Training of Trainers (TOT) तालिम प्रदान गरिएको र विभिन्न सरकारी भवनहरू पुनर्निर्माणको कार्यलाई समेत तीब्रता दिइएको छ।

१३. बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन संविधान अनुकूल हुने गरी अन्तर सरकारी वित्त हस्तान्तरण सम्बन्धी ऐन तर्जुमा गर्न अत्यावश्यक देखिएको छ। यसैगरी राजस्व बाँडफाँड, समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनको लागि दिने विशेष अनुदान सम्बन्धी र नमुना कर कानुनको निर्माण गरी संघीयता व्यवस्थापन कार्यलाई सहज र प्रभावकारी बनाउन आवश्यक देखिएको छ। जसको लागि प्रारम्भिक मस्यौदा तयारीको क्रममा रहेका छन्।

१४. ठूला आयोजना र महत्वपूर्ण कार्यक्रमहरूको अनुगमन सम्माननीय प्रधानमन्त्री स्वयंबाट हुनुका साथै आयोजना कार्यान्वयनसँग सम्बन्धित मन्त्री, अर्थमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सम्बन्धित सचिवहरू यस्ता आयोजनाको अनुगमनमा प्रत्यक्ष संलग्न रही अनुगमन भइरहेकोले बजेट तथा आयोजना कार्यान्वयनमा अनुशासन र नतीजा प्राप्तिमा सहजता र प्रभावकारिता आएको छ।

१५. मध्यमकालीन खर्च संरचनालाई यथार्थपरक बनाई त्यसैको आधारमा बजेट विनियोजन गर्ने परिपाटीको विकास गर्न जरूरी देखिएको छ।

१६. विनियोजित बजेट खर्च नगर्ने तर नयाँ एवं थप बजेट मागको चापलाई निरुत्साहित गर्नुपर्ने देखिएको छ।

१७. योजना र वार्षिक बजेट तथा कार्यक्रम वीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याई कार्यान्वयनलाई प्रभावकारी बनाउन अपरिहार्य देखिएको छ।

१८. दिगो विकासका लक्ष्यहरु हासिल गर्दै सन् २०३० सम्म नेपाललाई मध्यम आम्दानी भएको मुलुकको रुपमा स्तरोन्नती गर्नेतर्फ बजेटलाई लक्षित गर्नुपर्ने भएको छ।

१९. आर्थिक एवं प्राविधिक विश्लेषण पश्चातमात्र कार्यक्रम/आयोजना कार्यान्वयनका लागि बजेट विनियोजन गर्ने र उच्च प्रतिफल एवं आर्थिक सामाजिक दृष्टिले महत्त्वपुर्ण रहेका पूर्वाधार आयोजनाहरुमा मात्र सार्वजनिक खर्च अभिवृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्ने अवस्था छ।

२०. आपूर्ति प्रणालीमा सुधार गरी मुद्रास्फितिलाई लक्ष्यभित्रै राख्ने प्रयास गर्नुपर्ने साथै बैंक तथा वित्तीय संस्थाबाट अनुत्पादक क्षेत्रमा जाने कर्जालाई निरुत्साहित गरी उत्पादनशील क्षेत्रमा कर्जालाई निर्देशित गरी तत्कालका लागि देखापरेको तरलता अभावलाई समेत सम्बोधन गर्न आवश्यक देखिएको छ।

२१. पूँजीगत खर्च अभिवृद्धिका लागि अर्थ मन्त्रालयबाट सरोकारवाला मन्त्रालय/निकायसँग घनिभूत छलफल भएको एवं पूँजीगत खर्च गर्ने विषयमा सरोकारवाला निकायहरुलाई १० बुँदे निर्देशन समेत गएको छ। यो प्रयासले आर्थिक वर्षको बाँकी अवधिमा पूँजीगत खर्च वृद्धिमा उल्लेख्य सुधार आउने अपेक्षा गरिएको छ।

# परिच्छेद १
# समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ समीक्षाको पृष्ठभूमि र सीमा

आर्थिक वर्षको प्रथम छ महिना ब्यतित भईसकेको अवस्थामा मुलुकको समग्र अर्थतन्त्रको अवस्था, बजेटले लिएका उद्धेश्य, नीति तथा कार्यक्रमहरुको प्रगति समीक्षा, छ महिनाको खर्चको अवस्था र राजस्व परिचालन एवं बैदेशिक सहायता उपयोगको विश्लेषण, बजेटका निर्धारित उद्धेश्यहरु पुरा गर्ने दिशामा लिइएका नीतिगत तथा संरचनागत प्रयासहरु र बजेट कार्यान्वयनमा देखिएका समस्याहरु पहिचान गरी सुधारका लागि सुझाव सहित आर्थिक वर्षक २०७३/७४ को बजेटको मध्यावधि समीक्षा प्रतिवेदन तयार गरिएको छ।

उर्जा आपूर्तिमा आएको सुधार, निर्माणजन्य एवं उपभोग सामाग्रीको मागमा वृद्धि, अनुकुल मनसुन एवं रासायनिक मल तथा उन्नत विउ विजनको सहज उपलब्धता, पुनर्निर्माणमा तीव्रता र नीतिगत सुधारको परिणामस्वरुप आर्थिक वर्षको बाँकी अवधिमा आर्थिक गतिविधिको विस्तार, राजस्व परिचालन र पुँजीगत खर्चमा उल्लेख्य उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ।

यो समीक्षा आर्थिक वर्ष २०७३/७४ को पहिलो छ महिनाको तथ्याङ्कमा आधारित छ। यी तथ्याङ्कहरु सम्बन्धित मन्त्रालय/निकाय, नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रक कार्यालय र स्थलगत अवलोकन, निरीक्षणबाट प्राप्त भएका हुन्। तथ्याङ्क उपलब्धतामा रहेका कतिपय सीमाहरुका बावजुद प्राप्त तथ्याङ्क र विवरणहरुका आधारमा मध्यावधि समीक्षालाई बस्तुपरक र यथार्थपरक बनाउने प्रयास गरिएको छ।

## १.२ समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### १.२.१ विश्व अर्थतन्त्रको परिदृश्य

सन् २०१६ मा ३.१ प्रतिशत रहेको विश्वको आर्थिक वृद्धिदर सन् २०१७ मा ३.४ प्रतिशत रहने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्राकोषले गरेको छ। उदीयमान अर्थतन्त्र तथा विकसित अर्थतन्त्र अन्तर्गत अमेरिका लगायतका केही मुलुकमा भईरहेको क्रमिक सुधारका कारण विश्व अर्थतन्त्रमा समेत क्रमिक सुधार हुने अपेक्षा रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपणअनुसार सन् २०१६ मा ४.१ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको उदीयमान तथा विकासोन्मुख देशहरुको अर्थतन्त्र सन् २०१७ मा ४.५ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ। दुई ठुला छिमेकी अर्थतन्त्रहरु भारतीय र चीनिया अर्थतन्त्र सन् २०१६ मा ६.६ र ६.७ प्रतिशतले बढेको अनुमान रहेकोमा सन् २०१७ मा क्रमश ७.२ र ६.५ प्रतिशत रहने प्रक्षेपण छ।

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०१६ मा विकसित मुलुकहरुको मुद्रास्फीतिदर ०.७ प्रतिशत रहेकोमा सन् २०१७ मा १.७ प्रतिशत रहने प्रक्षेपण छ। त्यसैगरी, उदीयमान तथा विकासशील देशहरुको मुद्रास्फीतिदर सन् २०१६ मा ४.५ प्रतिशत रहेकोमा सन् २०१७ मा पनि ४.५ प्रतिशत रहने प्रक्षेपण छ। सन् २०१६ मा १.९ प्रतिशतले बढेको अनुमान गरिएको वस्तु तथा सेवाको विश्व व्यापार सन् २०१७ मा ३.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ।

### १.२.२ राष्ट्रिय अर्थतन्त्र

#### वास्तविक क्षेत्र

आर्थिक वर्ष २०७३/७४ मा अनुकूल मनसून एवम् रासायनिक मल तथा उन्नत बिउ/विजनको सहज उपलव्धताको कारण प्रमुख खाद्य बालीहरुको उत्पादन वृद्धि हुने प्रारम्भिक अनुमान छ। त्यसैगरी, विद्युत

आपूर्तिमा आएको सुधार तथा निर्माणजन्य एवम् उपभोग्य सामग्रीको मागमा हुने वृद्धिका कारण उद्योग क्षेत्रको क्षमता उपयोग समेत विस्तार हुने अनुमान गरिएको छ। हालसम्म उपलव्ध जानकारी तथा परिदृश्यका आधारमा पर्यटन, थोक तथा खुद्रा व्यापार एवम् यातायात तथा सञ्चार जस्ता क्षेत्रहरु विस्तार हुनगई समग्र सेवा क्षेत्र समेत वृद्धि हुने अनुमान गरिएको छ। उपर्युक्त परिदृश्यहरुका आधारमा चालू वर्ष मुलुकको समग्र आर्थिक वृद्धिदर बजेटको लक्ष्यअनुरुप ६.५ प्रतिशत हुने प्रक्षेपण छ।

**कृषि क्षेत्र**

आर्थिक वर्ष २०७३/७४ मा मनसुन अनुकूल रहेको, धान लगायतका प्रमुख वर्षे बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको र उन्नत बिउ/विजन तथा रासायनिक मल सहज रुपमा उपलव्ध भएकोले उत्पादनमा वृद्धि हुने देखिएको हो। चालू वर्षमा धानको उत्पादन २१.७ प्रतिशत, मकैको उत्पादन १.२ प्रतिशत, कोदोको उत्पादन १.२ प्रतिशत र फापरको उत्पादन १.४ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत वर्ष धान र कोदोको उत्पादनमा क्रमशः १०.२ प्रतिशत र २.० प्रशितले ह्रास आएको थियो भने मकै तथा फापरको उत्पादन क्रमशः ४.० प्रतिशत र ७.१ प्रतिशतले वृद्धि भएको थियो। हालसम्म उपलव्ध जानकारी एवम् परिदृश्यका आधारमा चालू वर्षमा गहुँ बालीको उत्पादनमा सामान्य वृद्धि हुने अनुमान छ।

**गैर-कृषि क्षेत्र**

विद्युत आपूर्तिमा सुधार भएको, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण कार्य अघि बढिरहेको एवम् विकास निर्माण सम्वद्ध परियोजनाहरुमा सरकारको पूँजीगत खर्च वृद्धि हुँदै जाने तथा उपभोग्य वस्तुहरुको मागमा वृद्धि हुने अपेक्षाका आधारमा निर्माण तथा उत्पादनशील उद्योगहरुको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ।

सन् २०१६ मा अघिल्लो वर्षको तुलनामा पर्यटक आगमन संख्यामा ३५.४ प्रतिशतले वृद्धि भई कुल ७ लाख २९ हजार ५५० पर्यटकहरुले नेपाल भ्रमण गरेका छन्। पर्यटक आगमनमा भएको सुधारको परिणामस्वरुप होटल तथा रेष्टुरेन्ट क्षेत्र विस्तार हुने अनुमान छ।

समीक्षा अवधि सम्ममा कुल १ लाख ८९ हजार ४३३ जनालाई वैदेशिक रोजगारीमा जान अन्तिम श्रम स्वीकृति प्रदान गरिएको छ। यो संख्या गत वर्षको सोही अवधिको तुलनामा ९.९ प्रतिशतले कम हो। यस अवधिमा वैदेशिक रोजगारीको प्रमुख ३ गन्तव्य मुलुकहरु कतार, साउदी अरब र मलेसिया रहेका छन्।

समीक्षा अवधिमा कुल रु. ८ अर्ब २५ करोडको वैदेशिक लगानी प्रतिवद्धता आएको छ जुन अघिल्लो वर्षको तुलनामा २७.५ प्रतिशतले बढी हो। प्रतिवद्ध भएका परियोजनाहरुबाट कुल ५४३० रोजगारी सिर्जना हुने अपेक्षा रहेको छ।

**मुद्रास्फीति**

आर्थिक वर्ष २०७३/७४ मा मुद्रास्फीतिलाई ७.५ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य लिएकोमा पहिलो छ महिनासम्मको औसत मुद्रास्फीति ५.८ प्रतिशत रहेको छ। गत वर्षको आधार मूल्य प्रभाव, वर्षे वालीहरुको उत्पादनमा उच्च वृद्धि, आपूर्ति अवस्थामा सहजता तथा भारतमा उपभोक्ता मुद्रास्फीतिदर घट्दै गएको कारण पछिल्ला महिनाहरुमा समग्र उपभोक्ता मुद्रास्फीतिमा निरन्तर कमी आइरहेको हुँदा चालू आर्थिक वर्ष २०७३/७४ मा मुद्रास्फीति लक्ष्यभित्रै रहने अनुमान गरिएको छ।

### १.२.४ मौद्रिक स्थिति

**मुद्राप्रदाय**

आर्थिक वर्ष २०७३/७४ को ६ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ८.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ९.० प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा विप्रेषण आप्रवाहको विस्तारमा कमी आउनुको साथै आयात समेत उच्च रहेको कारण खुद वैदेशिक सम्पत्तिको वृद्धि कम रहेकोले विस्तृत मुद्राप्रदाय अघिल्लो वर्षको तुलनामा कम दरले बढेको हो। वार्षिक विन्दुगत आधारमा २०७३ पुसमा विस्तृत मुद्राप्रदाय १८.५ प्रतिशतले बढेको छ।

### १.२.५ कुल आन्तरिक कर्जा

समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १.१ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी उल्लेख्य रुपमा वृद्धि भएकोले कुल आन्तरिक कर्जा बढेको हो। समीक्षा अवधिमा निजी क्षेत्रमाथिको दाबी १२.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी ५.९ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७३ पुसमा कुल आन्तरिक कर्जा २४ प्रतिशतले बढेको छ।

### १.२.६ बैंक तथा वित्तीय संस्थाहरुको साधन परिचालनको स्थिति

**निक्षेप संकलन**

समीक्षा अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप ७.२ प्रतिशत (रु. १ खर्व ४४ अर्ब ३८ करोड) ले वृद्धि भई रु. २१ खर्व ६१ अर्ब पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ६.० प्रतिशत (रु. १ खर्व ९२ करोड) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७३ पुसमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप २०.८ प्रतिशतले बढेको छ। २०७३ पुसमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ति, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ८.२ प्रतिशत, ४२.१ प्रतिशत र ३२.७ प्रतिशत रहेको छ।

**कर्जा प्रवाह**

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १२.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ५.८ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको १४.८ प्रतिशत र विकास बैंकहरुको ६.२ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको ५.२ प्रतिशतले घटेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ पुसमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३२ प्रतिशतले बढेको छ।

**तरलता ब्यवस्थापन**

आर्थिक वर्ष २०७३/७४ को ६ महिनासम्ममा नेपाल राष्ट्र बैंकले  रिपो बोलकबोल मार्फत् रु. १५ अर्ब ४० करोड तरलता प्रवाह गरेको छ। साथै, समीक्षा अवधिमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले रु. १३ अर्ब ९८ करोडको स्थायी तरलता सुविधा उपयोग गरेका छन्।

आर्थिक वर्ष २०७३/७४ को ६ महिनासम्मको अवधिमा केन्द्रिय बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब ४ करोड खुद खरिद गरी रु. २ खर्ब १९ अर्ब ३५ करोड खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब २३ करोड खुद खरिद भई रु. २ खर्ब ३४ अर्ब १३ करोड खुद तरलता प्रवाह भएको थियो।

आर्थिक वर्ष २०७३/७४ को ६ महिनासम्ममा खुलाबजार कारोबारका विभिन्न उपकरण मार्फत् पटक-पटक गरी रु. १ खर्ब १ अर्ब १० करोड तरलता प्रशोचन गरिएको छ। यस अन्तर्गत ब्याजदर करिडोर अन्तर्गतको चौध दिने निक्षेप बोलकबोल मार्फत् रु. २९ अर्ब ८० करोड, ९० दिने निक्षेप बोलकबोल मार्फत् रु. ७ अर्ब ५ करोड र रिभर्सरिपो मार्फत् रु. ६४ अर्ब २५ करोडको प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोलकबोल, रिभर्स रिपो तथा सोझै बिक्री बोलकबोल मार्फत् क्रमशः रु. १ खर्ब ९८ अर्ब ४० करोड, रु. ९७ अर्ब ३५ करोड र रु.९ अर्ब १० करोड तरलता प्रशोचन गरिएको थियो।

समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ९८ करोड र यूरो ९ करोड ५० लाख बिक्री गरी रु. २ खर्ब २४ अर्ब ३० करोड बराबरको भा.रु. खरिद भएको छ। अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ३४ करोड बिक्री गरी रु. १ खर्ब ४० अर्ब ९९ करोड बराबरको भा.रु. खरिद भएको थियो।

### १.२.७ धितोपत्र तथा बीमा व्यवसाय

#### धितोपत्र बजार

नेप्से सूचकाङ्क २०७२ पुस मसान्तको १,१९०.२ विन्दुबाट २०७३ पुस मसान्तमा २४.३ प्रतिशतले वृद्धि भई १,४७९.९ विन्दुमा पुगेको छ। २०७३ असार मसान्तको १,७१८.२ विन्दुको तुलनामा भने नेप्से सूचकाङ्कमा १३.९ प्रतिशतले ह्रास आएको छ। समीक्षा अवधिमा कुल सेयर कारोबार रकम अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १२९.९ प्रतिशतले वृद्धि भई रु. ११५ अर्ब १ करोड पुगेको छ। डिम्याट प्रणालीबाट कारोबार भई स्टकको तरलता बढेको, चालू आर्थिक वर्षदेखि कारोबार अवधि बढेको तथा नेप्से सूचकाङ्कमा समेत वृद्धि भएको कारण कुल कारोबार रकममा उल्लेख्य वृद्धि देखिएको हो। समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले १० वटा कम्पनीहरुलाई रु. ७ अर्ब ६६ करोड बराबरको ३ करोड ५० लाख कित्ता सेयर प्राथमिक निष्कासनका लागि स्वीकृति दिएको छ।

#### बीमा व्यवसाय

२०७३ पुस मसान्तमा २६ वटा बीमा कम्पनीमध्ये सूचीकृत कम्पनीहरूको संख्या २२ रहेको छ। कुल २६ वटा बीमा कम्पनीहरूमध्ये १७ वटा निर्जीवन, ९ वटा जीवन बीमा कम्पनीहरु रहेका छन्। बीमा समितिबाट प्राप्त तथ्याङ्कअनुसार २०७३ असार मसान्तमा बीमा कम्पनीहरुको कुल सम्पत्ति/दायित्व रु. १ खर्ब ५८ अर्ब २४ करोड पुगेको छ।

### १.२.८ वाह्य क्षेत्र

#### वैदेशिक ब्यापार

समीक्षा अवधिमा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा १४.८ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब २७ करोड पुगेको छ। अघिल्लो आर्थिक बर्षको सोही अवधिमा यस्तो निर्यात २७.२ प्रतिशतले ह्रास आएको थियो।

समीक्षा अवधिमा कुल वस्तु आयात ६७.३ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ६४ अर्ब ६१ करोड पुग्न गएको छ। अघिल्लो आर्थिक बर्षको सोही अवधिमा यस्तो आयातमा २५.७ प्रतिशतले ह्रास आएको थियो। यसप्रकार समीक्षा अवधिमा कुल व्यापार घाटा ७४ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब २८ अर्ब ३३ करोड

रहन गएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा व्यापार घाटामा २५.५ प्रतिशतले कमी आएको थियो।

**शोधनान्तर स्थिति**

समीक्षा अवधिमा शोधनान्तर स्थिति रु. ४५ अर्ब २ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु. १ खर्ब ३९ अर्ब ७५ करोड रहेको थियो। समीक्षा अवधिमा चालू खाता रु. १ अर्ब ८ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यो खाता रु. १ खर्ब ५७ अर्ब ५२ करोडले बचतमा रहेको थियो। वस्तु आयात उच्च दरले बढेको कारण समीक्षा अवधिमा चालू खाता घाटामा गएको र शोधनान्तर बचतमा न्यूनता आएको हो।

विप्रेषण आप्रवाह चालू आर्थिक वर्षको प्रथम छ महिनाको अवधिमा ५.७ प्रतिशतले वृद्धि भई रु. ३ खर्व ४२ अर्ब २३ करोड पुगेको छ। यस्तो आप्रवाह अघिल्लो वर्षको सोही अवधिमा १७.३ प्रतिशतले वृद्धि भएको थियो।

**विदेशी विनिमय सञ्चिति**

२०७३ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १० खर्व ३९ अर्ब २१ करोडको तुलनामा ४.८ प्रतिशतले वृद्धि भई रु. १० खर्व ८८ अर्ब ८५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सञ्चिति १९.९ प्रतिशतले वृद्धि भएको थियो। २०७३ पुस मसान्तमा कायम विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २१.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७३/७४ को छ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १४.३ महिनाको वस्तु आयात र १२.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

# परिच्छेद २
# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ खर्च विश्लेषण

### २.१.१ वार्षिक बजेट विनियोजन

चालु आर्थिक वर्ष २०७३/७४ का लागि कुल रू. १० खर्व ४८ अर्व ९२ करोड १३ लाख ५४ हजार बजेट विनियोजन गरिएको छ। यसको विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ।

तालिका २.१: बजेट व्यवस्था

(रू.हजारमा)

| बाँडफाँड | विनियोजन रकम | कुल विनियोजनमा प्रतिशत |
|---|---|---|
| चालु | ६१७१६४१२९ | ५८.८४ |
| पूँजीगत | ३११९४६३२५ | २९.७४ |
| वित्तीय व्यवस्था | ११९८१०९०० | ११.४२ |
| **कुल** | **१०४८९२१३५४** | **१००.००** |

चालु आर्थिक वर्षको बजेटलाई गत आर्थिक वर्षको बजेटसँग तुलना गर्दा विनियोजनको तुलनामा २८ प्रतिशत र यथार्थ खर्चको तुलनामा ५७.३० प्रतिशतले वृद्धि भएको देखिन्छ। भूकम्पपछिको पुनर्निर्माण र पूर्वाधार निर्माणका लागि ठूलो रकम विनियोजन गरिएकोले बजेटको आकार बढेको हो।

**समष्टिगत खर्च स्थिति**

चालु आर्थिक वर्षको प्रथम ६ महिनामा रू. २ खर्व ७४ अर्व ६८ करोड ५१ लाख खर्च भएको छ। यो रकम कुल बजेटको २६.१९ प्रतिशत हो। कुल खर्चमध्ये चालु खर्च रू. २ खर्व १८ अर्व ६० करोड ९१ लाख, पूँजीगत खर्च रू. ३५ अर्व २५ करोड ४६ लाख र वित्तीय व्यवस्थातर्फ रू. २० अर्व ८२ करोड १४ लाख खर्च भएको छ। यी खर्चहरु विनियोजनको तुलनामा क्रमशः ३५.४२, ११.३० र १७.३८ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको प्रथम छ महिनाको शीर्षकगत खर्च र गत आर्थिक वर्षको सोही अवधिको खर्च बीचको तुलनात्मक विवरण तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२: समष्टिगत खर्चको तुलनात्मक स्थिति**

(रकम रू.लाखमा)

| विवरण | विनियोजन | | पहिलो छ महिनाको खर्च | | गत आ.व.को तुलनामा चालु आ.व.को परिवर्तन % | बजेटको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | ०७२/७३ | ०७३/७४ | ०७२/७३ | ०७३/७४ | | ०७२/७३ | ०७३/७४ |
| चालु | ४८४२६६३ | ६१७१६४१ | १४०२९०२ | २१८६०९१ | ५५.८३ | २८.९८ | ३५.४२ |
| पूँजीगत | २०८८७७२ | ३११९४६३ | १५००५५ | ३५२५४६ | १३४.९५ | ७.१८ | ११.३० |
| वित्तीय व्यवस्था | १२६३२५२ | ११९८१०९ | २४४६४९ | २०८२१४ | (१४.८९) | १९.३७ | १७.३८ |
| **जम्मा** | **८१९४६८८** | **१०४८९२१४** | **१७९७६०६** | **२७४६८५१** | **५२.८०** | **२१.९४** | **२६.१९** |

बजेटको आकार बढेसँगै गत आर्थिक वर्षको प्रथम छ महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा खर्च ठूलो आकारमा बढेको देखिन्छ। गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा चालुतर्फ ५५.८३ प्रतिशत, पूँजीगततर्फ १३४.९५ प्रतिशत वृद्धि भएको छ भने वित्तीय व्यवस्थातर्फ १४.८९ प्रतिशतले ऋणात्मक रहेको छ। गत आर्थिक वर्षको प्रथम छ महिनाको कुल खर्चको तुलनामा यो आर्थिक वर्षमा कुल खर्च ५२.८० प्रतिशतको वृद्धि भएको छ।

यसका अतिरिक्त अर्थ मन्त्रालयले ठूला पूँजीगत खर्च विनियोजन भएका मन्त्रालयहरुसंग एक एक गर्र गरिएको घनीभूत छलफल, त्यसको आधारमा मंसिर महिनामा जारी गरिएको १० बुँदे निर्देशन, उच्चस्तर एवं मन्त्रालयस्तरबाट भइरहेको विभिन्न आयोजनाहरुको अनुगमनले पनि चालु आर्थिक वर्षको बाँकी अवधिमा पूँजीगत खर्च उल्लेख्य रुपमा बढ्न जाने अनुमान गरिएको छ।

**पूँजीगत खर्च वृद्धि गर्न अर्थ मन्त्रालयबाट जारी गरिएको निर्देशन**



नेपाल सरकार
अर्थ मन्त्रालय
(बजेट तथा कार्यक्रम महाशाखा)
सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः(पूँजीगत खर्च) ०७३/०७४ मिति २०७३/८/८
च. नं.:- ६५

विषयः- पूँजीगत खर्च वृद्धि र समग्र खर्चमा गुणस्तरीयता कायम गर्ने सम्बन्धमा।

श्रीमान् सचिवज्यू
सबै मन्त्रालय/निकाय, सिंहदरवार।

चालु आ.व. २०७३/७४ को बजेट २०७३ जेठ १५ गते व्यवस्थावपिका संसदमा प्रस्तुत गरी २०७३ असारभित्रै पारित भई सोही बमोजिम बजेट कार्यान्वयको लागि २०७३ असार ३० गते नै अख्तियारी पाठाइ २०७३ साउन ७ गतेभित्रै कार्यक्रम स्वीकृत गराउने, साउन १५ गते भित्र सबै विनियोजित बजेटको अख्तियारी कार्यान्वयन इकाईमा पठाउने व्यवस्था मिलाउन र विनियोजित बजेट खण्डिकरण नगर्ने तथा अवण्डा नराखे व्यवस्था मिलाउने समेत गरी बजेट अख्तियारी पठाइएको व्यहोरा पुनः अनुरोध छ।

उपर्युक्त व्यवस्थाले चालु आर्थिक वर्षमा पुँजिगत खर्च बढ्ने अपेक्षा गरिएता पनि समग्रमा पुँजिगत खर्च प्रथम चौमासिकमा ४.७६ प्रतिशत मात्र भएकाले खर्चको अवस्था निराशाजनक रहेको देखिन्छ। जसले गर्दा बजेटले लिएको समग्र आर्थिक विकासको लक्ष्य पुरा हुन कठीन हुने देखिन्छ। यो अवस्था आउन नदिन देहायका विषयवस्तुहरुलाई ध्यान दिई बजेट कार्यान्वयनमा विशेष जोड दिनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७३।०८।०८ को निर्णय अनुसार अनुरोध छ। स्मरणको लागि तहाँ मन्त्रालय अन्तर्गतका नियकाको चालु आर्थिक वर्षमा विनियोजित बजेट र प्रथम चौमासिक अवधि सम्मको खर्चको विवरण (बजेट उप-शीर्षक अनुसार) यसै साथ संलग्न छ। जसको प्रगति समीक्षा पुस महिनामा अर्थ मन्त्रालयमा हुने व्यहोरा समेत अनरोध छ।

१ त्यस मन्त्रालय/आयोग/कार्यालयको चालु आ.व.को प्रथम चौमासिकमा पुँजीगत खर्च ... प्रतिशत र चालु खर्च .... प्रतिशत भएको देखिन्छ।

२. तोकिएको समयमा मातहतका निकायमा अख्तियारी नदिइएको, दिइएको अख्तियारी पनि पुरै विनियोजित बजेटको नदिइ आंशिक मात्र दिइएको, अत्यन्त ढिलामात्र कार्यक्रम स्वीकृत गर्ने प्रवृत्ति रहिरहेको पाइएकाले यदि कार्यक्रम स्वीकृत हुन र अख्तियारी दिन बाँकि भए दुबै कार्य तत्काल सम्पन्न गर्ने।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा
सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः-
च. नं.:-

३. नयाँ कार्यक्रमका लागि थप बजेट माग नगरी विनियोजित बजेट कार्यान्वयन गर्ने, गराउने। २०७३ फागुन मसान्तसम्म काम शुरु नभएका कार्यक्रमहरुको सम्पूर्ण बजेट २०७३ चैत्र १ गते फिर्ता गर्नु पर्नेछ ।

४. बजेट खर्च गर्ने/कार्यान्वयन गर्ने इकाइलाई बजेट कार्यान्वयनका लागि जिम्मेवार र जवाफदेही वनाउने।

५. पुँजीगत खर्च वृद्धि गर्न मातहतका निकायहरुको अनुगमन गरी कुनै समस्या भए तत्काल सम्वोधन गर्ने। पुंजिगत वजेट बढी विनियोजन भएका आयोजना प्रमुखहरुसंग सो सम्बन्धमा अविलम्ब समीक्षा गर्ने।

६. स्वीकृत बजेट तथा कार्यक्रममा रहेका बाहेकका वैदेशिक भ्रमण र सवारी साधनका लागि थप बजेट माग नगर्ने।

७. वैदेशिक सहायतामा संचालित आयोजनाहरुको सोधभर्ना लिन बाँकी भए तत्काल लिने र सोझै भुक्तानी (Direct Payment) को सम्बन्धमा लेखाङ्कन/विवरण नियमित रुपमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रविष्टि गराउने व्यवस्था गर्ने।

८. चालु बजेटलाई अनुत्पादक क्षेत्रमा खर्च नगर्ने र मितव्ययी ढंगले खर्च गर्ने र समय तालिका सहित पूँजीगत बजेट खर्चमा जोड दिने।

९. निर्धारित समय र लागतमा गुणस्तरीय काम सम्पन्न गर्न र परिणामाप्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने। यस प्रति सम्बन्धित प्रमुखहरुलाई जिम्मेवार गराउने।

१०. संघीयता कार्यान्वयनको लागि कर्मचारी व्यवस्थापन तथा समायोजन सम्बन्धी कार्य भइरहेको सन्दर्भमा स्थानीय तहमा प्रत्यक्ष र अति आवश्यक सेवा पुऱ्याउने र नयाँ विशिष्टिकृत सेवा प्रदान गर्ने प्रयोजन वाहेक थप नयाँ संगठन र दरवन्दी सृजना माग नगर्ने।

(मधुकुमार मरासिनी)
सह सचिव

बोधार्थ तथा कार्यार्थ
१ श्रीमान् मूख्य सचिव ज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार।
२. श्री राष्ट्रिय योजना आयोगको सचिवालय
सिंहदरवार।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

संविधानमा नै बजेट पेश गर्ने मिति उल्लेख भए बमोजिम चालु आर्थिक वर्षको बजेट जेठ १५ मा नै व्यवस्थापिका संसदमा पेश भई असारमा नै पारित भए पनि अपेक्षा गरे बमोजिम पूँजीगत खर्चले गति लिन नसकेको हुँदा यसलाई प्रभावकारी रुपमा बढाउन विशेष प्रयास गर्नु जरुरी छ।

गत आर्थिक वर्षको पहिलो छ महिनामा विनियोजित बजेटको तुलनामा कुल खर्च अनुपात २१.९४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात बढेर २६.१९ प्रतिशत पुगेको छ। चालु खर्च बजेटको २८.९८ प्रतिशत रहेकोमा यो आर्थिक वर्ष ३५.४२ प्रतिशत, पूँजीगत खर्च अनुपात ७.१८ प्रतिशत रहेकोमा यो वर्ष ११.३० प्रतिशत र वित्तीय व्यवस्था १९.३७ प्रतिशत रहेकोमा यो वर्ष १७.३८ प्रतिशत रहेको छ। यसरी विश्लेषण गर्दा चालु आर्थिक वर्षको पहिलो छ महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा कुल खर्च, चालु खर्च र पूँजीगत खर्च क्रमशः ४.२५, ६.६४ र ४.१२ विन्दुले वृद्धि भएको छ भने वित्तीय व्यवस्थातर्फ १.९९ प्रतिशत विन्दुले कमी भएको छ। गत आर्थिक वर्षको तुलनामा सहज वाह्य अवस्था, विद्युत आपूर्तिमा नियमितता, पूर्वाधार निर्माणमा द्रुतता, भूकम्प पिडितलाई घर बनाउन भएको रकम निकासा र पुनर्निर्माणमा आएको गतिशिलताले खर्चमा उल्लेखित बृद्धि भएको हो।

अघिल्लो आर्थिक वर्षमा नै बजेट पेश भई पारित भएको र सम्बन्धित मन्त्रालय/निकायहरूलाई खर्च गर्ने अख्तियारी समयमै पठाइएको, समय समयमा अर्थ मन्त्रालय र सम्बन्धित निकायबाट छलफल र अनुगमन गरिएको, सार्वजनिक खरिद सम्बन्धी कानुनमा आवश्यक संशोधन भएको, अर्थ मन्त्रालयबाट बजेट कार्यान्वयनमा सहजता ल्याउन सहजकर्ताको भूमिका समेत निर्वाह गरिएको अवस्था छ। साथै पूर्वाधार निर्माणका क्षेत्रमा वित्तीय स्रोतको उपलव्धतामा कुनै कमी आउँन नदिने र निर्माण सहजताको लागि स्रोतको सुनिश्चितता, गत वर्ष कार्यसम्पन्न भएका निर्माण कार्यहरुको बाँकी रकम भुक्तानी गर्नमा पुऱ्याइएको सहयोग, पुनर्निर्माणको लागि रकम अभाव हुन नदिन थप बजेट समयमै निकासा गरिएको, आवश्यक समन्वय एवं सहयोगमा तिव्रता दिइएको छ। यति पहल गर्दा पनि पूँजीगत खर्चमा पहिलो छ महिनामा अपेक्षित रुपमा विस्तार भने हुन सकेको देखिएन। यस्तो हुनुमा कानुनी तथा प्रक्रियागत कारणहरू भन्दा पनि बजेट कार्यान्वयन गर्ने निकायहरूमा अपेक्षित सक्रियता नदेखिनु, समन्वयमा कमी, जवाफदेहिताको कमी, परम्परागत कार्यशैली र ढिलो काम शुरु गर्ने प्रवृत्ति जस्ता कारणहरु बढी जिम्मेवार रहेको देखियो। आर्थिक वर्ष शुरु हुनुभन्दा ४५ दिन अगाडि बजेट प्रस्तुत भएतापनि बजेट कार्यान्वयनका प्रक्रियाहरु साउनदेखि मात्र शुरु भएकाले छिटो बजेटको खासै प्रभाव पूँजीगत खर्चमा पर्न सकेन।

**स्तम्भ चित्र २.१ः समीक्षा अवधिको खर्चको तुलनात्मक स्थिति**

(प्रतिशतमा)



### २.१.२ निकाय/मन्त्रालयगत खर्च स्थिति

समीक्षा अवधिको विभिन्न निकाय/मन्त्रालयहरूको खर्चको तुलना गर्दा विनियोजनको अनुपातमा चालु खर्च तर्फ परराष्ट्र मन्त्रालयले ७६.८७ प्रतिशत, गृह मन्त्रालयले ५७.६८ प्रतिशत र राष्ट्रपति कार्यालयले ५४.५८ प्रतिशत खर्च गरेका छन्। बजेटको ठूलो हिस्सा चालु खर्चतर्फ विनियोजन भएका कृषि, स्वास्थ्य, संघीय मामिला र स्थानीय विकास मन्त्रालय र शिक्षा मन्त्रालयको चालु खर्च क्रमश: २५.११ प्रतिशत, ३१.७८ प्रतिशत, ३८.४५ प्रतिशत र ३६.३१ प्रतिशत मात्र भएको देखिन्छ। यसरी चालु खर्चको अवस्था विश्लेषण गर्दा उपभोग प्रकृतिका साधारण खर्चहरू बढी भएको र पुँजी निर्माणमा योगदान पुऱ्याउँने चालु खर्च भने अपेक्षाकृत रुपमा बढ्न सकेको छैन।

पूँजीगत खर्चतर्फ न्याय परिषद् ५७.२९ प्रतिशत, राष्ट्रिय मानव अधिकार आयोग ५६.२० प्रतिशत र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ३५.८० प्रतिशत रहेका छन्। पूँजीगत खर्च तर्फ धेरै विनियोजन भएका मन्त्रालयहरूको पूँजीगत खर्च भने कम रहेको छ। भूकम्प पछिको पुनर्निर्माणका लागि विनियोजित पूँजीगत बजेट अपेक्षित रुपमा खर्च हुन नसकेको, अर्थ, उद्योग, ऊर्जा, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, परराष्ट्र, वातावरण, विज्ञान तथा प्रविधि, वाणिज्य तथा आपूर्ति र रक्षा मन्त्रालयहरूको पूँजीगत खर्च कम भएको र धेरै पूँजीगत खर्च विनियोजन भएका मन्त्रालयहरू भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको १८.४५ प्रतिशत, शहरी विकास मन्त्रालयको ८.५६ प्रतिशत, सिंचाइ मन्त्रालय १९.०८ प्रतिशत, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको १८.१८ प्रतिशत र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०.६० प्रतिशत मात्र पूँजीगत खर्च हुन सकेको छ। समग्रमा पूँजीगत खर्चमध्ये पुननिर्माण र ठूला पूर्वाधार निर्माणबाट पूँजी निर्माण गर्ने मन्त्रालयहरूको खर्च कम भएका कारणले पूँजीगत तर्फको कुल खर्च प्रतिशत न्यून भएको हो। विभिन्न निकायहरूको खर्चको विवरण अनुसूची- ५ मा उल्लेख गरिएको छ।

### २.१.३ कार्यगत खर्चको स्थिति

समीक्षा अवधिमा सबैभन्दा बढी सामान्य सार्वजनिक सेवातर्फ रू. ८२ अर्व ८ करोड ११ लाख, आर्थिक मामिला क्षेत्रमा रू. ७३ अर्व ४९ करोड १६ लाख, शिक्षा क्षेत्रमा रू. ४२ अर्व १८ करोड ९२ लाख खर्च भएको छ। यो कुल खर्चको क्रमशः २९.८९ प्रतिशत, २६.७५ प्रतिशत र १५.३६ प्रतिशत हुन आउँछ। यी तीन क्षेत्रमा मात्र कुल खर्चको ७२.० प्रतिशत खर्च भएको छ।

### २.१.४ प्राथमिकताका आधारमा खर्च स्थिति

समीक्षा अवधिमा पहिलो प्राथमिकताको क्षेत्रमा २६.४२ प्रतिशत, दोस्रोमा ३०.५४ प्रतिशत र तेस्रोमा २.५९ प्रतिशत खर्च भएको छ। पहिलो प्राथमिकताको क्षेत्रमा गत वर्षको सोही अवधिको तुलनामा ४.१५ प्रतिशत, दोश्रो प्राथमिकताको क्षेत्रमा ५.४५ प्रतिशत र तेस्रो प्राथमिकताको क्षेत्रमा ०.५२ प्रतिशत विन्दुले बृद्धि भएको छ। प्राथमिकताका आधारमा तुलनात्मक खर्च स्थितिको विवरण तालिका नं २.३ मा प्रस्तुत गरिएको छ।

तालिका २.३ः प्राथमिकताको आधारमा तुलनात्मक खर्च स्थिति

(रू.लाखमा)

| प्राथमिकता | बजेट विनियोजन | | पुस महिनासम्मको खर्च | | कुल बजेटको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७३/७४ | २०७२/७३ | २०७३/७४ | २०७२/७३ | २०७३/७४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पहिलो (P1) | ७०७१४०१ | ९०६८८१४ | १५८१६४१ | २४०४८५६ | २२.३७ | २६.५२ |
| दोस्रो (P2) | ८३६६८९० | १०९१७५१ | २१००३४ | ३३३४८७ | २५.०९ | ३०.५४ |
| तेस्रो (P3) | २८६३९७ | ३२८६४८ | ५९३१ | ८५०८ | २.०७ | २.५९ |
| **जम्मा** | ८१९४६८९ | १०४८९२१३ | १७९७६०६ | २७४६८५१ | २१.९४ | २६.१९ |

## २.१.५ रणनीतिक स्तम्भहरूको आधारमा खर्च स्थिति

रणनीतिक स्तम्भहरूको आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवै भन्दा बढी साधारण प्रशासनमा ३७.९१ प्रतिशत, सामाजिक विकासमा २४.६९ प्रतिशत र उत्पादन वृद्धिमा १७.९२ प्रतिशत खर्च भएको देखिएको छ।

तालिका २.४: रणनीतिक स्तम्भहरूको बजेट तथा खर्चको तुलनात्मक स्थिति

(रू.लाखमा)

| रणनीतिक स्तम्भ | २०७३/७४ को बजेट | २०७३ पुस सम्मको खर्च | खर्च % |
|---|---|---|---|
| उत्पादन वृद्धि | ८२०,४१२ | १४७,०१७ | १७.९२ |
| पूर्वाधार निर्माण | ३,५३५,८४३ | ५५०,१४२ | १५.५६ |
| सामाजिक विकास | १,३५८,५६७ | ३३५,४१३ | २४.६९ |
| सुशासन प्रवर्द्धन | २३७,२८७ | २९,०३९ | १२.२४ |
| अन्तरसम्बन्धित विकास | १६८,८६१ | २९,२८० | १७.३४ |
| साधारण प्रशासन | ४,३६८,२४४ | १,६५५,९६० | ३७.९१ |
| **जम्मा** | **१०,४८९,२१४** | २,७४६,८५१ | २६.१९ |

**आर्थिक वर्ष २०७३/७४ को कुल बजेटको तुलनामा रणनीतिक स्तम्भहरूको खर्च अनुपात प्रतिशत**



### २.१.६ वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको खर्च स्थिति

वैदेशिक अनुदान अन्तर्गत सञ्चालित कार्यक्रम/ आयोजनाहरूमा चालु आर्थिक वर्ष रु. १ खर्ब ६ अर्ब ८९ करोड ६४ लाख बजेट विनियोजन भएकोमा समीक्षा अवधिमा रु. १५ अर्ब ७७ करोड ३६ लाख अर्थात विनियोजनको १४.७६ प्रतिशत मात्र खर्च भएको छ। गत आर्थिक वर्षको यसै अवधिमा वैदेशिक अनुदान सहायता अन्तर्गत जम्मा रु. ५ अर्ब ९० करोड २३ लाख खर्च भएको थियो।

वैदेशिक ऋण सहायता अन्तर्गत सञ्चालित कार्यक्रम/आयोजनाहरूमा चालु आर्थिक वर्ष रु. १ खर्ब ९५ अर्ब ७१ करोड ५७ लाख बजेट विनियोजन भएकोमा समीक्षा अवधिमा जम्मा रु. १५ अर्व १७ करोड ६७ लाख अर्थात ८.६३ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षको यसै अवधिमा वैदेशिक ऋण सहायता अन्तर्गत जम्मा रु. २ अर्ब ९१ करोड ७ लाख मात्र खर्च भएको थियो।

यसै गरी वैदेशिक सहायता तर्फको गैर नगद खर्चतर्फ सोझै भुक्तानी समेत चालु आर्थिक वर्षमा रु. ९६ अर्व ७ करोड ११ लाख विनियोजन भएकोमा समीक्षा अवधि सम्ममा रु. ९७ करोड खर्चको प्रतिवेदनमा समावेश गरिएको छ। सोझै भुक्तानी तर्फको समयमा प्रतिवेदन हुन नसकेको कारण वास्तविक खर्चको विवरण आउन नसकेको अवस्था छ।

### २.१.७ शीर्षकगत खर्च स्थिति

समीक्षा अवधिमा भएको शीर्षकगत खर्च रकमलाई विनियोजित रकमसँग तुलना गर्दा सबैभन्दा बढी न्यायीक फिर्ता खर्चमा विनियोजित रकमको १०६.४१ प्रतिशत खर्च भएको छ। त्यस्तै गरी निवृतिभरण तथा अशक्तवृतिमा ६७.०७ प्रतिशत र घरभाडामा ५३.२४ प्रतिशत खर्च भएको छ। यस्तै विनियोजित रकमको तुलनामा सबैभन्दा कम विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमणमा ०.६७ प्रतिशत, अन्य फिर्तामा १.३० प्रतिशत र सफ्टवेयर निर्माण र खरीद खर्चमा २.१७ प्रतिशत मात्र खर्च भएको छ। शीर्षकगत खर्चको तुलनात्मक विवरण अनुसूची-३ मा उल्लेख गरिएको छ।

## २.२ स्रोत परिचालन विश्लेषण

### २.२.१ राजस्व परिचालन

आर्थिक वर्ष २०७३/७४ को वार्षिक बजेट सार्बजनिक गर्दा सरकारले करका दरहरुमा बृद्धि नगरी स्वेच्छिक कर सहभागिता अभिबृद्धि एवं कर कानुनको प्रभावकारी कार्यान्वयन मार्फत राजस्वको परिचालन गर्ने उद्देश्य लिई राजस्व नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो। चालु आर्थिक वर्षको बजेटमा राजस्वबाट ५३.९५ प्रतिशत योगदान रहने गरी रु. ५ खर्व ६५ अर्ब ८९ करोड राजस्व परिचालन गर्ने गरी लक्ष्य कायम गरेको थियो। राजस्वको यो अनुमान गत वर्षको लक्ष्यको तुलनामा १९.१३ प्रतिशत र यथार्थ असुलीको तुलनामा १७.२२ प्रतिशतले बृद्धि रहन गएको छ।

### २.२.२ राजस्व संकलनको अवस्था

- आर्थिक वर्ष २०७३/७४ को राजस्वको वार्षिक लक्ष्य रू. ५ खर्व ६५ अर्व ८९ करोड ६५ लाख रहेको छ। समीक्षा अवधि सम्ममा राजस्वको लक्ष्य रु. २ खर्व ५८ अर्व ७४ करोड ३ लाख रहेकोमा रू.२ खर्व ७७ अर्व ५७ करोड १५ लाख असुली भई लक्ष्यको तुलनामा १०७.९२ प्रतिशत र वार्षिक लक्ष्यको ४९.०५ प्रतिशत असुली भएको छ। यो असुली गत आर्थिक वर्ष २०७२/७३ को यसै अवधिको लक्ष्यको तुलनामा २८.१५ प्रतिशतले बढी रहेको छ।

- समीक्षा अवधिमा संकलित राजस्व मध्ये कर राजस्व तर्फ लक्ष्य रु.२ खर्व ३६ अर्व ६ करोड ५४ लाख रहेकोमा रु.२ खर्व ५५ अर्व ६६ करोड ८७ लाख अर्थात लक्ष्यको तुलनामा १०८.३० प्रतिशत र गैर कर राजस्व तर्फ लक्ष्य रु.२२ अर्व ६७ करोड ४९ लाख रहेकोमा रु.२१ अर्व ९० करोड २८ लाख अर्थात लक्ष्यको तुलनामा ९६.६० प्रतिशत संकलन भएको छ।

### कर राजस्वको शीर्षकगत योगदान




कर राजस्व संरचनाको विश्लेषण गर्दा मूल्य अभिवृद्धि कर २७ प्रतिशत, आयकर २० प्रतिशत, भन्सार महसुल २० प्रतिशत र अन्तःशुल्क १६ प्रतिशत रहेको छ। गत वर्षको यसै अवधिमा मूल्य अभिवृद्धि कर ३२.७१ प्रतिशत, आयकर २८.४० प्रतिशत, भन्सार महसुल १८.५५ प्रतिशत र अन्तःशुल्क १४.९१ प्रतिशत रहेको थियो। तसर्थ समीक्षा अवधिमा गत वर्षको तुलनामा मूल्य अभिबृद्धि कर र आयकरतर्फ योगदान घटेको, भन्सार तथा अन्तःशुल्कको योगदान बढेको अवस्था छ।घर जग्गा रजिष्ट्रेशनमा लाग्ने कर र सवारी साधन करको योगदान गत वर्षको यसै अविधको तुलनामा उल्लेख्य मात्रामा बढेको देखिन्छ।

### २.२.३ शीर्षकगत राजस्व संकलनको अवस्था

**मूल्य अभिवृद्धि करः**

चालु आर्थिक वर्ष २०७३/७४ मा मूल्य अभिवृद्धि कर तर्फ रू.१ खर्व ६४ अर्व ७२ करोड ०४ लाखको लक्ष्य छ। समीक्षा अवधिमा रू.७६ अर्व ९५ करोड ७९ लाख लक्ष्य रहेकोमा रू. ७४ अर्व ७४ करोड ९७ लाख असुली भई लक्ष्यको तुलनामा ९७.१३ प्रतिशत र वार्षिक लक्ष्यको ४५.३८ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको लक्ष्यको तुलनामा १३.४६ प्रतिशतले बढी रहेको छ। संकलित मूल्य अभिवृद्धि करमा पैठारीको योगदान ६१.७४ प्रतिशत र आन्तरिक उत्पादन, बिक्री र सेवाको योगदान ३८.२६ प्रतिशत रहेको छ।

**आयकरः**

चालु आर्थिक वर्ष २०७३/७४ मा आयकर तर्फ रू.१ खर्व २७ अर्व ५२ करोड २३ लाख लक्ष्य रहेको छ। समीक्षा अवधिमा रु.५६ अर्व ५५ करोड १३ लाख लक्ष्य रहेकोमा रू. ६१ अर्व ८८ करोड ६१ लाख असुली भई लक्ष्यको तुलनामा १२२.८ प्रतिशत र वार्षिक लक्ष्यको ४८.५३ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको लक्ष्यको तुलनामा २८.८८ प्रतिशतले बढेको छ। संकलित आयकर राजस्वमा आयकर, बहालको आयकर र व्याजको आयकरको योगदान क्रमशः ९०.८२ प्रतिशत ३.२० प्रतिशत र ५.९८ प्रतिशत रहन गएको छ।

**अन्तःशुल्कः**

चालु आर्थिक वर्ष २०७३/७४ मा अन्तःशुल्क तर्फ रू.८० अर्व ९४ करोड २६ लाख लक्ष्य रहेको छ। समीक्षा अवधिमा रू.३६ अर्व ७८ करोड ३४ लाख लक्ष्य रहेकोमा रू.४३ अर्व ८८ करोड १४ लाख असुली भई लक्ष्यको तुलनामा १०५ प्रतिशत र वार्षिक लक्ष्यको ५४.२१ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको लक्ष्यको तुलनामा ४५.२५ प्रतिशतले बढी रहेको छ। संकलित अन्तःशुल्कमा पैठारी र आन्तरिक उत्पादनको योगदान क्रमशः ५१.९६ प्रतिशत र ४८.०४ प्रतिशत रहेको छ।

**भन्सार महसुलः**

चालु आर्थिक वर्ष २०७३/७४ मा भन्सार महसुल तर्फ रू.१०४ अर्व ७४ करोड ०१ लाखको लक्ष्य रहेको छ।समीक्षा अवधिसम्ममा रू.४८ अर्व १८ करोड ०४ लाख लक्ष्य रहेकोमा रू.५५ अर्व ४५ करोड ३७ लाख असुली भई लक्ष्यको तुलनामा १०६.९० प्रतिशत र वार्षिक लक्ष्यको ५२.९४ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको लक्ष्यको तुलनामा ४४.७३ प्रतिशतले बढी रहेको छ। संकलित भन्सार महसुलमा पैठारी महसुलको योगदान ८८.७० प्रतिशत रहेको छ।

**शिक्षा सेवा शुल्कः**

चालु आर्थिक वर्ष २०७३/७४ मा शिक्षा सेवा शुल्क तर्फ रू.७५ करोड ६२ लाखको लक्ष्य रहेको छ। समीक्षा अवधिमा रू. ४३ करोड ८६ लाख लक्ष्य रहेकोमा रू. ३८ करोड ५० लाख असुली भई लक्ष्यको तुलनामा ८७.७७ प्रतिशत र वार्षिक लक्ष्यको ५०.९१ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको लक्ष्यको तुलनामा ४.६४ प्रतिशतले बढी रहेकोछ।

**स्वास्थ्य सेवा करः**

चालु आर्थिक वर्ष २०७३/७४ मा स्वास्थ्य सेवा कर तर्फ बार्षिक रू. ९६ करोड ८९ लाखको लक्ष्य रहेको छ। समीक्षा अवधिसम्ममा रू. ५९ करोड ११ लाखको लक्ष्य रहेकोमा रू. ५२ करोड ८५ लाख असुली भई लक्ष्यको तुलनामा ८९.८२ प्रतिशत र वार्षिक लक्ष्यको ५४.५४ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको लक्ष्यको तुलनामा ४.४७ प्रतिशतले बढी रहेको छ।

**घर जग्गा रजिष्ट्रेशनमा लाग्ने करः**

चालु आर्थिक वर्ष २०७३/७४ मा घर जग्गा रजिष्ट्रेशनमा लाग्ने कर तर्फ रू.१४ अर्व ०४ करोड २४ लाखको लक्ष्य रहेको छ।समीक्षा अवधिसम्ममा रू.७ अर्व ०२ करोड १२ लाख लक्ष्य रहेकोमा रू.९ अर्व ७७ करोड ५३ लाख असुली भई लक्ष्यको तुलनामा १३९.२ प्रतिशत र वार्षिक लक्ष्यको ६९.६१ प्रतिशत प्रगति भएको छ। यो असुली गत आर्थिक वर्षको यसै अवधिको लक्ष्यको तुलनामा ६३.३९ प्रतिशतले बढी रहेको छ।

**सवारी साधन करः**

चालु आर्थिक वर्ष २०७३/७४ मा सवारी साधन कर तर्फ रू.७ अर्व ५४ करोड ०९ लाख को लक्ष्य रहेको छ। समीक्षा अवधिसम्ममा रू.४ अर्व ६७ करोड ५३ लाखको लक्ष्य रहेकोमा रू.४ अर्व ९१ करोड ७३ लाख असुली भई लक्ष्यको तुलनामा १०५.२ प्रतिशत र वार्षिक लक्ष्यको ६५.२१ प्रतिशत प्रगति भएको छ।यो असुली गत आर्थिक वर्षको यसै अवधिको लक्ष्यको तुलनामा २३.८४ प्रतिशतले बढी रहेको छ।

### २.२.४ चालु आर्थिक वर्षको समीक्षा अवधिमा सम्पन्न भएका राजस्वसँग सम्बन्धित मुख्य मुख्य उपलव्धीहरु

- राजस्व प्रशासनका सवै विषयगत निकायहरुले चालु आर्थिक वर्षभरी सम्पादन गरिने कार्य र राजस्व नीति तथा कार्यक्रमहरुको बार्षिक कार्ययोजना साउन महिनामै स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।
- केन्द्रीय राजस्व बोर्डको गठन सम्बन्धी बिधेयकको मस्यौदा तयार भई छलफलको क्रममा रहेको छ।
- कर कानुनलाई सरल बनाउन एकीकृत कर संहिता तर्जुमाका लागि बिधेयकको प्रारम्भिक मस्यौदा तयार भएको छ।
- संघ, प्रदेश र स्थानीय निकायहरुको वित्त प्रणालीलाई व्यवस्थित गर्न अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी कानुनको प्रारम्भिक मस्यौदा तयार गरिएको छ।
- राजस्व प्रशासनमा एकीकृत विद्युतीय कर प्रणालीको स्थापनाका लागि अन्तिम प्रतिवेदन प्राप्त भई छलफलको क्रममा रहेको छ।
- राजस्व छुट सम्बन्धी विषयलाई पारदर्शी बनाउन र विवरणलाई एकिकृत गर्न राजस्व छुट सम्वन्धी Software तयार भई कार्यान्वयनमा ल्याइएको छ।
- वार्षिक रु. ४० लाखभन्दा बढी आय भएकालाई आय विवरण लिई सूचना बैंक बनाउने व्यवस्था कार्यान्वयनको थालनी गरिएको छ।
- बार्षिक रु. १ करोड सम्मको कारोबार गर्ने साना तथा मझौला करदाताले लेखा परिक्षण गर्नु नपर्ने र आफ्नो आयविवरण आफैं प्रमाणित गर्ने व्यवस्था कार्यान्वयन गरिएको छ।
- सेवा कारोवार तथा वस्तु मिश्रित कारोवारको मूल्य अभिवृद्धि कर लाग्ने सीमालाई रु. दश लाखबाट बढाई रु. बीस लाख कायम गरिएको छ।
- औद्योगिक प्रतिष्ठानको प्रदर्शनी कक्ष, विक्री कक्ष, पसल, होटल र रेष्टुरेन्ट तथा बार लगायतका वस्तु तथा सेवाको विक्री गर्ने स्थानमा प्रदर्शन गरिने मूल्यमा मूल्य अभिवृद्धि करसहितको मूल्य अंकित गर्नु पर्ने अनिवार्य व्यवस्था मिलाइएको छ।
- विश्व भन्सार संगठनद्धारा प्रतिपादित भन्सार कार्यविधिहरुको सरलीकरण तथा सामान्जस्यीकरण सम्बन्धी संशोधित अन्तर्राष्ट्रिय महासन्धि व्यवस्थापिका-संसदबाट अनुमोदन भएको छ।
- भन्सार जाँचपास प्रक्रियालाई सरलीकरण गर्न मेची भन्सार कार्यालय, सुख्खा बन्दरगाह भन्सार कार्यालय र वीरगन्ज भन्सार कार्यालयमा वेभमा आधारित आसिकुडा वर्ल्ड संचालनमा ल्याईएको छ।
- पाँचौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति तथा कार्ययोजना (२०१७-२०२१) कार्यान्वयनमा ल्याइएको छ।
- निकासी पैठारी व्यापारलाई व्यवस्थित गर्न आयात/निर्यात संकेत नम्बर (Exim Code) प्रदान गर्ने कार्य सुरु गरिएको छ।
- राजस्व प्रशासनलाई नतिजामुखी बनाउन राजस्व सचिव र चार वटा विभागका विभागीय प्रमुखहरुका बीच र विभागीय प्रमुख र कार्यालय प्रमुखहरुकाबीच कार्य सम्पादन सम्झौता सम्पन्न भएका छन्।
- चालु आर्थिक वर्षको समीक्षा अवधिसम्ममा आयकर तर्फ ११३००९ र मुल्य अभिवृद्धि कर तर्फ ९२०५ थप करदातालाई करको दायरामा ल्याइएको छ।

### २.२.५ सम्बृद्ध नेपालको लागि दिगो आर्थिक विकासको तत्कालिन कार्यान्वयन कार्ययोजना २०७३ मा समावेश विषयहरु

- राजस्व प्रशासनमा क्रमिक सुधार गर्दै आन्तरिक स्रोत परिचालन सुदृढ गर्ने,
- संघीय नेपालको वित्त संरचनालाई सवल वनाउन छुट्टै राजस्व नीति तयार गर्ने,
- करको दायरा विस्तार तथा करदातामैत्री वातावरण निर्माण गर्न करदाता चिन्नुहोस Know Your Taxpayer कार्यक्रम लागु गर्ने,
- विद्युतीय प्रणालीको प्रयोग गर्दै राजस्व भुक्तानीमा E-Payment System, ECR Machine र Track and Trace System लागु गर्ने,
- मदिरा र सुर्तिजन्य पदार्थको विक्री वितरणको नियमन र व्यवस्थापनलाई प्रभावकारी वनाउने,
- विल विजक लिने दिने प्रणालीमा सुधार गर्न वजार अनुगमन तथा राजस्व चुहावट नियन्त्रणका लागि विशेष गस्ति परिचालन गर्ने,
- मुख्य भन्सार कार्यालयहरुमा स्वचालित प्रणालीको विस्तार र आधुनिक प्रविधिको प्रयोग गरी मालवस्तुको आयात निर्यात र व्यापार सहजीकरण गर्ने,
- आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग र सम्पत्ति सुद्धिकरण अनुसन्धान विभागमा गुनासो सुन्ने डेस्क स्थापना गरी यथासिघ्र गुनासो सुनुवाई हुने व्यवस्था गर्ने।

### २.२.६ राजस्व परिचालनमा देखिएका चुनौतीहरुः

चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम छ महिनाको राजस्व नीति तथा कार्यक्रमको कार्यान्वयनको क्रममा राजस्व परिचालनमा देहायका चुनौतीहरु देखापरेका छन् :

- आर्थिक क्रियाकलाप मैत्री कर प्रणालीको कार्यान्वयनबाट अर्थतन्त्रलाई गतिशील बनाउने,
- आर्थिक क्रियाकलाप विस्तार र लगानी उत्प्रेरित गर्ने गरी राजस्व नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,
- कर कानुनहरुको प्रभावकारी कार्यान्वयन मार्फत स्वेच्छिक कर सहभागिता मार्फत कर राजस्वमा अभिबृद्धि ल्याउने,
- न्यून आर्थिक वृद्धिदर, बढ्दो व्यापार असन्तुलन, पूँजीगत खर्चको न्यूनता जस्ता समष्टिगत आर्थिक संरचनामा सुधार ल्याउने,
- संघीयता र संविधानको कार्यान्वयन र अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिवद्धताहरुको पालना गर्न आन्तरिक श्रोतको परिचालन गर्ने,
- कर नीति र कर सहभागितामा रहेको अन्तर घटाउने ,
- अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याई वैध अर्थतन्त्रलाई प्रोत्साहन गर्ने ,
- प्रशासनिक तथा कर सहभागिता लागत घटाउँदै स्वेच्छिक कर सहभागिता प्रवर्द्धन गर्ने,
- विद्युतीय माध्यममा आधारित स्वचालित कर प्रणालीको विकास गर्ने,
- अन्तर्राष्ट्रिय व्यापारमा आधारित करमाथिको निर्भरता घटाउँदै आन्तरिक राजस्वको परिचालनलाई सुदृढ गर्ने,
- नयाँ आर्थिक क्रियाकलाप अनुकूल कर नीति र क्रियाकलापहरुको अन्तर मिलान गर्ने,

- व्यापार सहजीकरण, संस्थागत क्षमता अभिवृद्धि र प्रक्रियागत सुधार गरी स्वेच्छिक कर परिपालनामा वृद्धि गर्ने।
- संघीय वित्त प्रणालीको सबलीकरणको लागि कराधारको संरक्षण र आर्थिक पारदर्शितामा जोड दिने।
- अबैध व्यापार व्यवसायलाई निरुत्साहन गरी बैध व्यापारलाई प्रोत्साहन गर्न र व्यापार सहजीकरण गरी सामाजिक सुरक्षा तथा राजस्व संरक्षणको कार्य गर्ने।

### २.२.७ राजस्व संकलनमा सुधारका सम्भावनाहरु

- चालु आर्थिक वर्षको बजेट समयमै पारित भएको र पुनः निर्माण सम्बन्धी कामले गति लिने अवस्था देखिएकोले पूँजीगत खर्च बृद्धि भई आर्थिक गतिविधिमा विस्तार भएसँगै राजस्व संकलनमा बृद्धि हुन सक्ने,
- कर प्रणालीको आधुनिकीकरणका लागि सूचना प्रविधिको उपयोगबाट कार्यसम्पादन स्तरमा सुधार,कर चुहावट नियन्त्रण तथा व्यवसायको लागत कम हुने,
- वीरगन्ज, मेची, सुख्खा बन्दरगाह जस्ता ठूला भन्सार कार्यालयहरुमा वेभमा आधारित आसिकुडा वर्ल्ड संचालनमा आएकोले भन्सार जाँचपास प्रक्रिया सरल र लागत प्रभावी हुने,
- बजार अनुगमनका माध्यमबाट विल विजक लिने प्रवृत्तिमा सुधार आई राजस्व संकलनमा बृद्धि हुन सक्ने,
- बक्यौता संकलनमा तदारुकता ल्याई राजस्व असुलीमा बढोत्तरी ल्याउन सकिने,
- वित्तीय उत्प्रेरणा र नियमनकारी छुटका प्रावधानले व्यवसायमा सहजीकरण हुने र अर्थतन्त्रमा थप गतिशीलता आई राजस्व असुलीमा सहयोग पुग्न सक्ने।

### २.२.८ राजस्व लक्ष्यको संशोधित अनुमान र त्यसका आधारहरू

चालु आर्थिक बर्षको राजस्व लक्ष्य गत आर्थिक बर्षको तुलनामा १७ प्रतिशतले बृद्धि गरी रु. ५ खर्ब ६५ अर्व ८९ करोड ६५ लाख कायम गरिएको थियो। गत आर्थिक बर्षको तुलनामा चालु आर्थिक वर्षमा व्यवसायिक वातावरण सहज भएकोले आर्थिक क्रियाकलाप बिस्तार भइ लक्ष्य अनुरुप राजस्व संकलन हुने अपेक्षा थियो। चालु आर्थिक वर्षको ६ महिना अपेक्षा अनुरुप नै लक्ष्यभन्दा बढी राजस्व संकलन भएको छ।

पहिलो ६ महिनाको राजस्वको लक्ष्य रु. २ खर्ब ५८ अर्व ७४ करोड ३ लाख रहेकोमा रु. २ खर्व ७७ अर्व ५७ करोड १५ लाख संकलन भएको जुन सोही अवधिको लक्ष्यको तुलनामा १०७.९२ प्रतिशत र गत आर्थिक वर्षको यहि अवधिको तुलनामा ६८.९१ प्रतिशतले बढी हो।

यस अवधिमा रु. १८ अर्व ८३ करोड १२ लाख लक्ष्य भन्दा बढी राजस्व असुली भएको छ। यस अवधि सम्मको असुली विश्लेषण गर्दा कर राजस्व तर्फ लक्ष्य भन्दा केही न्यून संकलन हुन सक्ने देखिए पनि गैरकर राजस्व तर्फ लक्ष्य भन्दा बढी संकलन हुन सक्ने भएबाट समग्रमा बार्षिक लक्ष्य भन्दा बढी राजस्व असुली हुन सक्ने सम्भावना रहेकाले देहाय वमोजिम संसोधित राजस्व लक्ष्य निर्धारण हुनु पर्ने देखिन्छ।

**तालिका नं.२.०६**

**आर्थिक वर्ष २०७३/७४ को राजस्व तर्फको संशोधित लक्ष्य**

**रु. हजारमा**

| राजस्व शीर्षक | वार्षिक लक्ष्य | संशोधित लक्ष्य |
|---|---|---|
| भन्सार महसुल | १०४७४००६८ | ९८२२८३६२ |
| मूल्य अभिवृद्धि कर | १६४७२०३८० | १४५२६६१४६ |
| अन्तशुल्क | ८०९४२६२६ | ७८८४६७२५ |
| आयकर | १२७५२२३४० | १४०५५७४०९ |
| स्वास्थ्य सेवा कर | ९६८९४३ | ८६४८६९ |
| शिक्षा सेवा शुल्क | ७५६२४८ | ६८०१८२ |
| रजिष्ट्रेशन कर | १४०४२३९७ | १५६४१५७२ |
| सवारी साधन कर | ७५४०८७६ | ८४९०४२१ |
| अन्य कर | ९३५७९५४ | १७१७८६८० |
| जम्मा कर राजस्व | ५१०५९१८३२ | ५०५७२४३६५ |
| गैर कर राजस्व | ५५३०४६६८ | ७३५७५८४० |
| **जम्मा राजस्व** | **५६५८९६५००** | **५७९३००२०५** |

## २.३ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

### २.३.१ बजेटमा वैदेशिक सहायताको अवस्था

चालु आर्थिक वर्षको बजेटमा वैदेशिक सहायता अन्तर्गत अनुदानबाट रु. १ खर्ब ६ अर्ब ८९ करोड ६४ लाख ११ हजार (३५.३२%) र ऋणबाट रु. १ खर्ब ९५ अर्ब ७१ करोड ५७ लाख ३७ हजार (६४.६८%) गरी जम्मा रु. ३ खर्ब २ अर्ब ६१ करोड २१ लाख ४८ हजार परिचालन गर्ने लक्ष्य रहेको छ। यो कुल बजेटको २८.८५ प्रतिशत रहेको छ, जुन गत वर्षको प्राप्त वैदेशिक सहायताको अनुमान भन्दा ४६.९७ प्रतिशतले बढी छ। पूर्वाधार निर्माण, सामाजिक विकास र भूकम्प पछिको पुनर्निर्माण र पुनर्स्थापनासँग सम्बन्धित कार्यक्रमको लागि वैदेशिक सहायतामा वृद्धि भएको हुँदा चालु आर्थिक वर्षमा गत वर्षको तुलनामा वैदेशिक सहायताको अंश बढी भएको हो।

**बजेटमा वैदेशिक सहायताको अवस्था**



### २.३.२ वैदेशिक सहायताको प्रतिवद्धता

समीक्षा अवधिसम्ममा विभिन्न विकास आयोजना कार्यान्वयनको लागि रु. १ खर्ब ५२ अर्व ३१ करोड ३१ लाख बराबरको वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको छ। यस मध्ये रु. ३८ अर्व ३० करोड २७ लाख अनुदान (२५.१५%) र रु. १ खर्ब १४ अर्व १ करोड बराबरको सहुलियतपूर्ण ऋण सहायता (७४.८५%) रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायताको प्रतिवद्धता रु. १ खर्ब ८ अर्व ४६ करोड ६१ लाख रहेको थियो। जसमध्ये अनुदान तर्फ रु. १६ अर्व ३६ करोड २१ लाख अनुदान (१५.०८%) र रु. ९२ अर्व १० करोड ४० लाख बराबरको सहुलियतपूर्ण ऋण सहायता (८४.९२%) रहेको थियो।

**वैदेशिक सहायता प्रतिवद्धताको वर्तमान अवस्था**







समीक्षा अवधिमा वैदेशिक सहायतामा सञ्चालित विभिन्न परियोजना कार्यान्वयनको सिलसिलामा वैदेशिक सहायता व्यवस्थापन प्रणालीमा दातृ निकायबाट प्रविष्टी गरेको विवरणको आधारमा दाता मार्फत रु. ९६ करोड ९९ लाख सोझै भुक्तानी भएको देखिन्छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च रु. १० करोड १२ लाख रहेको थियो।

**तालिका नं. २.०७ वैदेशिक सहायता प्रतिवद्धता, वार्षिक बजेटमा वैदेशिक सहायता प्राप्ति र खर्चको अवस्था**

रकम रु. दशलाखमा

| सि.नं. | विवरण | आर्थिक वर्ष २०७२।७३ | | | आर्थिक वर्ष २०७३।७४ | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा | |
| १ | प्रतिवद्धता पहिलो ६ महिना | १६३६२ | ९२१०४ | १०८४६६ | ३८३५७ | ११३९५६ | १५२३१३ | ४०.४२ |
| २ | वार्षिक बजेट | ११०९२९ | ९४९६४ | २०५८९३ | १०६८९६ | १९५७१६ | ३०२६१२ | ४६.९७ |
| ३ | खर्च पहिलो ६ महिना (कोष प्रणाली मार्फत्) | ५८९९ | २८१२ | ८७११ | १५६६३ | १४३१७ | ३२९८० | २७८.६ |
| ४ | खर्च पहिलो ६ महिना (सोझै भूक्तानी तर्फ) | २.८ | ९८ | १००.८ | ११० | ८६० | ९७० | ८६२.३ |

### २.३.३ वैदेशिक सहायताको सोधभर्ना स्थितिः

चालु आर्थिक वर्षको सुरुमा वैदेशिक सहायता तर्फ नेपाल सरकारको स्रोतबाट खर्च भई सोधभर्ना प्राप्त गर्नु पर्ने रकम रु. ३६ अर्ब ९६ करोड ९ लाख रहेकोमा समीक्षा अवधिमा रु. २१ अर्ब ९३ करोड ८४ लाख सोधभर्ना प्राप्त भइसकेको छ। गत वर्षको सोही अवधिमा रु. ३७ अर्ब ८७ करोड ९५ लाख सोधभर्ना लिनु पर्ने रकम रहेकोमा रु. २३ अर्ब ४१ करोड ९ लाख शोधभर्ना प्राप्त भएको थियो।

### २.३.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालनमा देखा परेका प्रमुख समस्याहरू

- प्रत्येक वर्ष सहायता प्रतिवद्धता बढिरहे पनि सोही अनुपातमा सहायताको उपयोगमा वृद्धि हुन सकेको छैन।
- बजेटरी सपोर्टतर्फ अनुमान गरे बमोजिमको वैदेशिक स्रोत प्राप्त हुन नसकेकाले आयोजनाको भुक्तानी प्रभावित भएको छ।
- वैदेशिक स्रोततर्फ अझै पनि शोधभर्नाको रकम समयमै प्राप्त गर्न नसकी सरकारी कोषमाथि अनावश्यक भार पार्ने र पछि खर्च समर्थन माग गर्ने प्रवृतिले वित्तीय अनुशासनहिनता कायमै रहेको पाइएको छ। कतिपय अवस्थामा दातृनिकायसँगको सम्झौता विपरित खर्च गरिदिंदा नेपाल सरकारबाट रकम फिर्ता गर्नु पर्ने अवस्था समेत रहेको छ।
- नेपालको विकासका लागि विकास साझेदारबाट प्राप्त हुने सबै सहायता सूचना प्रणालीमा नआउने र प्रणाली बाहिरबाट खर्च हुने गरेको छ।
- वैदेशिक सहयोग रकम स-साना विकास आयोजनाहरूमा छरिएर परिचालन हुँदा कारोवार लागत खर्च बढेको छ।
- एउटा विकास साझेदारले औसतमा ९ वटा निकायहरूसँग आवद्ध भई काम गर्ने गरेको पाइन्छ।
- आयोजना कार्यान्वयन क्षमतामा अपेक्षित सुधार आउँन नसक्नु, आयोजना प्रमुख र आयोजनाका अन्य कर्मचारीहरूको सरुवा, केही ठूला विकास आयोजना कार्यान्वयनमा शिथिलता, जग्गा अधिग्रहणमा कठिनाई, निर्णय प्रकृयामा ढिलाई, ठेक्काहरूमा बिलम्ब, स्थानीय अवरोध जस्ता समस्याहरू नियमित जस्तो देखिने गरेको छ।

### २.३.५ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालनलाई प्रभावकारी बनाउन गर्नुपर्ने सुधार

- शोधभर्ना हुन बाँकी रकमको बारेमा सम्बन्धित दातासंग समन्वय गरी महालेखा नियन्त्रक कार्यालय तथा तालूक मन्त्रालयहरूमा नियमित रूपमा छलफल गरी शोधभर्ना हुन बाँकी रकमको शोधभर्ना लिने र प्रक्रिया पूरा नगरी खर्च गरी नेपाल सरकारको स्रोतमा भार पार्ने जिम्मेवार अधिकारीलाई कानुन बमोजिम कारवाही अघि बढाउने।
- बजेट व्यवस्थापन सूचना प्रणाली, वित्तीय व्यवस्थापन सूचना प्रणाली र सहायता व्यवस्थापन प्रणालीलाई एकीकरण गरी एकीकृत सूचना प्रणालीको विकास गर्ने।
- परियोजना व्यवस्थापन तथा वित्तीय व्यवस्थापनका विषयमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने।
- वैदेशिक सहायता व्यवस्थापन प्रणाली (Aid Management Platform- AMP) मार्फत नेपालको नाममा प्राप्त हुने सबै सहायता रकम नियमित रुपमा प्रविष्टि गरी सार्वजनिक गर्ने।
- सोझै भुक्तानी हुने खर्च, बस्तुगत सहायता र प्राविधिक सहायताको मासिक प्रतिवेदन गर्ने र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सोको लेखा राख्ने व्यवस्था मिलाउने।

- विकास सहायतामा सञ्चालित परियोजनाको सघन स्थलगत अनुगमन गरी आयोजना कार्यान्वयनमा देखापरेका समस्याको आधारमा नीतिगत, कानुनी र प्रक्रियागत पृष्ठपोषण लिने व्यवस्था गर्ने।
- बजेटरी सपोर्टतर्फ अनुमानित समेत प्राप्त हुन नसकेको अवस्थामा सम्बन्धित दातृ निकायसँग छिट्टै सम्झौता गरी सहायता रकम प्राप्त गर्ने वा तत्काल सम्झौता हुन नसक्ने भएमा नेपाल सरकारको स्रोतमा स्रोतान्तर गरेरै भएपनि आयोजनामा रकम उपलब्ध गराउनुपर्ने।

### २.३.६ आन्तरिक ऋण परिचालन

- चालु आर्थिक वर्षमा आन्तरिक ऋण रु. १११ अर्व परिचालन गर्ने लक्ष्य राखिएकोमा समीक्षा अवधिसम्ममा आन्तरिक ऋण उठाइएको छैन। आर्थिक वर्षको बाँकी अवधिमा स्रोत व्यवस्थापनको आवश्यकता अनुसार आन्तरिक ऋण उठाउनु पर्ने देखिन्छ।

# परिच्छेद-३

# क्षेत्रगत उपलव्धि विश्लेषण

मन्त्रालयहरूबाट प्राप्त विवरणको आधारमा क्षेत्रगत उपलव्धिलाई प्रस्तुत गरिएको छः

## ३.१ आर्थिक क्षेत्र

### ३.१.१ अर्थ मन्त्रालय

- पुनर्कर्जा र ब्याज अनुदान उपलव्ध गराउने गरी आर्थिक पुनरुद्धार कोष (स्थापना र संचालन), २०७२ कार्यविधि बमोजिम आर्थिक पुनरुद्धार कोष स्थापना भई कार्य प्रारम्भ भएको,
- नेपाल राष्ट्र बैंक ऐन, (संशोधन) निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, कर्मचारी सञ्चय कोष ऐन, (संशोधन) बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३(संशोधन) र बैंकिङ्ग कसुरसम्बन्धी ऐन (संशोधन) व्यवस्थापिका संसदबाट स्वीकृत भई  कार्यान्वयनमा आएको,
- वित्तीय क्षेत्र विकास रणनीति (२०७३/०७४ - २०७७/०७८) नेपाल सरकार (मन्त्रिपरिषद्)बाट मिति २०७३/९/२२ मा स्वीकृत भई कार्यान्वयनमा रहेको,
- योगदानमूलक निवृत्तभरण कोष सम्बन्धी विद्येयकको प्रारम्भिक मस्यौदा तयार भएको,
- धितोपत्र बजारमा उत्पादनमूलक कम्पनीहरूलाई सूचीकृत हुन प्रोत्साहित गर्न धितोपत्र दर्ता नियमावली,२०७३ (निष्काशन) कार्यान्वयनमा रहेको,
- चालु आ.व.को शुरुवातबाट नै थप ३५ जिल्ला गरी हालसम्म कुल ५० जिल्लामा राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) संचालनमा रहेको,
- राजस्व बोर्ड सम्बन्धी विद्येयक तर्जुमा भई छलफलको क्रममा रहेको,
- एकिकृत कर संहिता सम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदा तयार भएको,
- आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागमा रहेका विद्युतीय सूचना प्रणालीलाई अन्तर निकाय आवद्धता गराउन प्रतिवदेन तयार भएको,
- महत्वपूर्ण अभिलेखहरु कम्प्युटर सफ्टवेयर प्रणालीमा संग्रहित गर्न ७ वर्ष अघि सम्मका निर्णयहरु स्क्यानिङ्ग गर्ने काम सम्पन्न भएको,
- अनुगमन र मूल्यांकनका वस्तुपरक सूचक तयार गरी लागू गर्ने प्रकृयामा रहेको,
- बजेट व्यवस्थापनसंग सम्बन्धित रहेका निकाय, आम संचार र जनता वीचमा समन्वय, संचार, जानकारी र सहयोगको वातावरण निर्माण र बजेट सुशासन कायम गर्न Mobile Application (Mob App) संचालनको लागि प्रारम्भिक कार्य शुरु गरिएको।
- कृषि तथा पशुपन्छी कर्जाको ब्याजमा दिइने अनुदान वृद्धि गरी ५ प्रतिशत पुऱ्याउने र रु. १ करोडको अधिकतम सीमा हटाइने व्यवस्था सम्बन्धमा युवाहरुलाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान कार्यविधि, २०७१ खारेज हुने गरी नयाँ व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ को मस्यौदा तयार भएको छ। हाल कायम रहेको कार्यविधिबमोजिम २०७३ असोज मसान्त सम्ममा ३३ बैंक तथा वित्तीय संस्थाबाट कुल ३९९६ ऋणीलाई रु. ४ अर्व ७९ करोड ५५ लाख ऋण प्रदान भई रु. १० करोड ११ लाख १५ हजार व्याज अनुदान प्रदान गरिसकिएको।
- आर्थिक पुनरुद्धार कोषको ब्याज अनुदान खातामा रु.२ अर्व ७५ करोड र पुनरकर्जा खातामा रु.२ अर्व २५ करोड गरी जम्मा रु. ५ अर्व जम्मा भएको छ। ब्याज अनुदानका लागि योग्य ऋणीहरुलाई

निवेदन पेश गर्न भनी पुनः सूचना जारी गर्न तथा कार्यविधि बमोजिम योग्य उद्योग/व्यवसायहरुबाट निवेदन लिई पुनरकर्जाको लागि निवेदन पेश गर्न बैंक तथा वित्तीय संस्थालाई परिपत्र गरिएको।

### ३.१.२ उद्योग मन्त्रालय

- बिशेष आर्थिक क्षेत्र विकास सम्बन्धी ऐन र औद्योगिक व्यवसाय सम्बन्धी ऐन संसदबाट पारित भइसकेको। कम्पनी ऐन संशोधनका लागि ब्यबस्थापिका संसदमा पेश भएको।
- उद्योग विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयमा Online प्रणाली बाट सेवा प्रवाह सुरु गरिएको, घरेलु तथा साना उद्योग विभागमा उद्योगहरुको डाटा बेस तयार गर्ने कार्य आगाडी बढाइएको।
- चालु आ. ब. २०७३/२०७४ मा २४ वटा सिमेन्ट उद्योग खानीस्थल पहुँच मार्ग निर्माण र १८ वटा सिमेन्ट उद्योगहरुको बिद्युत प्रसारण लाईन विस्तार तथा सब-स्टेशन निर्माणका लागि बजेट तथा कार्यक्रम स्विकृत भई कार्यान्वयन भइरहेको।
- ७ वटै प्रदेशमा कम्तिमा एक वटा औद्योगिक क्षेत्रको स्थापनाका लागि बिस्तृत परियोजना प्रतिबेदन (DPR) तयार गर्न बोलपत्र आब्हान गरि कार्य अगाडी बढेको।
- सिमरामा तयारी पोसाक उत्पादन क्षेत्रको स्थापना कार्य आगामी २ बर्षभित्र सम्पन्न गर्नका लागी Block A को बिस्तृत परियोजना प्रतिबेदन तयार भई गार्मेन्ट प्रोसेसिंगको पहिलो चरणको कार्य (जग्गा विकास, माटोको सब ग्रेड लेबलको काम, ढल र नालाको काम समेत) ३०% कार्य सम्पन्न भई सकेको | Block B र Block c को बिस्तृत Engineering कार्यको लागि परामर्शदाता छनोटको कार्य आगाडी बढेको।
- नेपाल औषधि लिमिटेड र हेटौडा कपडा उद्योगको पुन: संचालनका लागि सम्भाब्यता अध्ययनका लागि गठित कार्यदलको प्रतिबेदन प्राप्त भएको र हेटौडा सिमेन्ट तथा उदयपुर सिमेन्ट उद्योगको स्तरोन्नति गरि पूर्ण क्षमतामा संचालनका लागि सम्भाब्यता अध्ययन भइरहेको।
- खानी तथा खनिज पदार्थ नियमावली संसोधनका लागि मन्त्रिपरिषमा पेश भएको। खनिज नीति तर्जुमाको लागि ड्राफ्ट तर्जुमा भै सरोकारवालाहरुसँग छलफल भैरहेको।
- महिला उद्यमशिलता कोष संचालन कार्यविधिको मस्यौदा तयार भई चालु आर्थिक बर्षमा ४६ जिल्लामा कर्जा प्रबाह गर्ने गरी प्रस्ताब आव्हान गरिएको र उद्योग, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, बैंकर्स एसोसिएसन र सम्बन्धित निजी क्षेत्रका प्रतिनिधिहरु सम्मिलित एक संयन्त्र गठन गरिएको।

### ३.१.३ कृषि विकास मन्त्रालय

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना स्वीकृत भई यसै आ.व.को द्वितीय चौमासिक देखि सुपरजोन, जोन, ब्लक, पकेट निर्धारण गरी कार्यान्वयनमा आएको। परियोजना कार्यान्वयन इकाईहरुको स्थापना भई परियोजना अभिमुखीकरण, जोन, सुपरजोन, ब्लक, पकेट संचालक समिति गठनको क्रममा रहेको।
- ७ वटा सुपरजोन र ३० वटा जोन कार्यालय स्थापना कार्यलाई अघि बढाइएको।
- लागत सहभागिताको आधारमा १ लाख ६१ हजार ९ सय १२ मे. टन रासायनिक मल, ७ सय १८ मे. टन प्राङ्गारिक मल वितरण भएको।
- ४ हजार ९ सय ५९ मे. टन उन्नत गहुँको बीउ बिक्री वितरण भएको।
- किसान आयोग गठन भएको।

- साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना लागु भएका १० जिल्लामा उच्च मूल्यमा जाने बस्तुमा ५४० हेक्टर थप क्षेत्रफल विस्तार भै ४ हजार ४६४ मे. टन उच्च मूल्य बाली उत्पादन भै प्रति घरपरिवार रु.८२९६९ आम्दानी वृद्धि भएको र लाभान्वित ५४% महिला रहेको।
- मत्स्य विकास कार्यक्रम अन्तर्गत ६ करोड ६२ लाख २४ हजार मत्स्य बीज अनुदानमा वितरण।
- व्यवसायिक किट विकास कार्यक्रम अन्तर्गत कृषकस्तरमा १५०० मे. टनमह र ८०५ मे. टन च्याउ उत्पादन भई बिक्री भएको, ५० हजार चिउरीको बिरुवा उत्पादन भएको।
- माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम अन्तर्गत यस अवधिमा प्रयोगशालामा माटोको ६५० वटा नमूना विश्लेषण गरिएको, घुम्ति प्रयोगशाला मार्फत ६ वटा शिविर संचालन भएको, ८३ वटा मलखाद गुणस्तर विश्लेषण गरिएको, १३ वटा माटो परीक्षण शिविर सम्पन्न भएको।
- कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास कार्यक्रम अन्तर्गत ३६ औं विश्व खाद्य दिवस २०७३ कार्तिक ९ मा संचालन गरी ९६ जना उत्कृष्ट कृषक तथा व्यापारीहरुलाई पुरस्कृत गरिएको र प्रमुख खाद्यान्न बाली, तरकारी बाली, नगदे बाली तथा फलफूल बालीहरुको उत्पादन र बजारको लाभ लागत अध्ययन गरिएको।
- व्यावसायिक कृषि तथा व्यापार आयोजना अन्तर्गत चौथो कल अन्तर्गतका २८५ वटा उप-आयोजनाहरुको सम्बन्धित अनुदानग्राहीसँग अनुदान सम्झौता गर्ने कार्य सम्पन्न, २५० वटा लघु अनुदान उप-आयोजनाहरुको सम्झौता सम्पन्न भएको।
- विभिन्न बालीका श्रोत बिउ ५७.१३ मे. टन (धान ५.३८, गहुँ १७.६३, आलु १२, दलहन ०.०२, उँखु २१.४१, तरकारी १०६८, ढैचा ०.०२) तथा १,४१,२९० वटा तरकारी बेर्ना उत्पादन भएको।
- बाख्रा जिविकोपार्जन सुधारको लागि गठन भएका २१ समूहहरुमा ९२ वटा क्रस बोका वितरण भई विपन्न वर्गमा सहयोग पुगेको।
- कर्णाली अंचल कृषि विकास आयोजना अन्तर्गत ४५२ हेक्टर क्षेत्रफलमा प्राङ्गारिक स्याउ खेती विस्तार, सिमी उत्पादन प्रदर्शन ३०० वटा, ६७ हेक्टर क्षेत्रफलमा ताजा तथा बेमौसमी तरकारी खेती, ५ हेक्टर क्षेत्रफलमा बीउ तथा खायन आलु उत्पादन लगायतका कार्यक्रम संचालन भई कर्णाली अंचलका ५ जिल्लामा कृषि उत्पादन एवं रोजगारी वृद्धिमा सहयोग पुगेको।

### ३.१.४ श्रम तथा रोजगार मन्त्रालय

- कार्यस्थल दुर्घटना बीमा, मातृत्व संरक्षण, बीरामी र औषधी उपचार लागू गर्ने सम्वन्धी कार्यविधी मस्यौदा तयार भएको।
- एकीकृत सामाजिक सुरक्षासम्वन्धी विधेयक र श्रम विधेयक व्यवस्थापिका संसदको अन्तराष्ट्रिय श्रम सम्वन्ध समितिमा छलफलको क्रममा रहेको।
- आन्तरिक तथा वैदेशिक रोजगारीका लागि सीपयुक्त जनशक्ति तयार गर्न सीप विकास तालिमलाई प्रभावकारी रुपमा विस्तार गर्न विभिन्न १६ वटा तालिम केन्द्र मार्फत ४७२३ जनालाई आधारभूत, आवासीय महिला सीप विकास तालिम र दक्षिण कोरियामा वैदेशिक रोजगारमा जाने कामदारलाई EPS अभिमुखीकरण तालिम प्रदान गरिएको।
- उद्योग तथा व्यवसायिक प्रतिष्ठानहरुको कार्य वातावरणलाई स्वच्छ र सुरक्षित बनाउन व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी नीतिको मस्यौदा तयार भएको।
- वैदेशिक रोजगारीमा गई अशक्त भएका, समस्या र हिंसामा परेका महिला लगायत कामदारहरुको शिघ्र उद्धारका लागि परराष्ट्र मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा शिघ्र उद्धार टोलि गठन भई परिचालित भैरहेको।

- कारखाना तथा कार्यस्थलमा श्रम परीक्षणका लागि कारखाना निरीक्षकलाई निरन्तर परिचालन गरिदै आएको।
- ओमन, लेवनान, जोर्डन, मलेशिया र साउदी अरवसँग श्रम सम्झौताको मस्यौदा तयार भएको।

### ३.१.५ पशुपन्छी विकास मन्त्रालय

- पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रमका ४५ जिल्लामा तरल नाइट्रोजन र विर्य ढुवानी भई गाईमा ७५११०, भैसीमा २२६९१ र बाख्रामा ७३८ गरी जम्मा ९८५३९ पशुहरुमा कृतिम गर्भाधान गरिएको।
- च्याङ्ग्रा श्रोत केन्द्र स्थापना र संचालन मोडालिटी स्वीकृतिको क्रममा रहेको।
- क्षेत्रीय पशु रोग अन्वेशण प्रयोगशालाहरुमध्ये सुर्खेत र धनगढीको निर्माण कार्य शुरु भएको। केन्द्रिय पशुरोग अन्वेषण प्रयोगशालाको BSL२+ मा स्तरोन्नतीमा सम्बन्धी कार्यक्रम BSL२+ प्रयोगशाला निर्माण Waste Water Management Plant स्थापना, केन्द्रीय, क्षेत्रीय तथा जिल्लाका प्रयोगशालाहरुका लागि मेशिनरी उपकरण तथा औजार खरिदको प्रकृया शुरु गरिएको।
- १४ वटा जिल्ला पशुसेवा कार्यालयहरुका प्रयोगशालामा स्तरोन्नतीको कार्य प्रारम्भ भई काभ्रे, मकवानपुर, महोत्तरी, पाल्पा, गुल्मी, प्युठान, कंचनपुर, डडेल्धुरा र रुपन्देहीमा निर्माण कार्य समेत शुरु भएको।
- २० वटा आधुनिक मिट मार्ट स्थापना र सानो डेरी उद्योग प्रवर्धन गर्न स्थलगत प्रमाणिकरणको तयारी भइरहेको।

### ३.१.६ राष्ट्रिय योजना आयोगको सचिवालय

- नतिजा सूचकको अनिवार्य प्रयोग गरी अनुगमन तथा मूल्याङ्कनलाई ब्यवस्थित र प्रभावकारी बनाउन आयोगको अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तयार भई कार्यान्वयनमा रहेको।
- निर्णया कार्यान्वयन गर्न कार्ययोजना अनुसार आयोगका मा. सदस्यलाई एक एक प्रदेश जिम्मा दिइ सो प्रदेशमा रहेका प्रमुख २३ वटा कार्यक्रम/आयोजनाहरु अनुगमन भएको।
- राष्ट्रिय गौरवका आयोजना बन्नका लागि आवश्यक आधारहरु र ती आयोजनाहरुले तर्जुमा तथा कार्यान्वयनमा पाउने विशेष प्राथामिकता सहित मापदण्ड तयार गर्न कार्यदल गठन भई कार्य प्रारम्भ भएको।
- चौधौं योजनाको विस्तृत दस्तावेज तयार भई आयोगको पूर्ण बैठकबाट स्वीकृत भएको।
- जिल्स्तरीय बजेट सीमा तथा मार्गदर्शन तयारी गरी सम्बन्धित निकायलाई पठाइएको।
- मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी कार्य अन्तिम चरणमा पुगेको।

### ३.१.७ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको रनवे निर्माण कार्य २६.५ प्रतिशत कार्य प्रगति भएको। घाघरा खोलाको Canal र Diversion निर्माण कार्य सम्पन्न भएको।
- पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरणको मुआव्जा वितरणको कार्य सम्पन्न भएको।
- निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि ११० विगाह जग्गाको मुआब्जा वितरणको लागि घर जग्गा पहिचान भई दररेट निर्धारण कार्य प्रकृयामा रहेको।
- नेपाल वायु सेवा निगमलाई दुईवटा वाइड बडी विमान खरिदको लागि सप्लायर छनौट भईखरिद स्वीकृति प्राप्त भएको।

- पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष र वृहत्तर जनकपुर विकास समितिको कानुनी तथा संस्थागत पुनर्संरचना गर्ने कार्यदल गठन गरिएको।
- ऐतिहासिक रामग्रामको संरक्षण तथा विकासका लागि उत्खनन् कार्य सम्पन्न भई सकेको।
- ऐतिहासिक सिंजा सभ्यता संरक्षण तथा विकासको लागि अध्ययन समिति गठन भएको।

### ३.१.८ वन तथा भू-संरक्षण मन्त्रालय

- डढेलो नियन्त्रणका लागि समुदाय स्तरमा Rapid Response Team गठन गरी कार्य प्रारम्भ भएको।
- २७ जिल्लामा सामाजिक परिचालक मार्फत वन डढेलो रोकथाम सम्बन्धी प्रचार प्रसार साथै चुरे संरक्षणका थप कार्यक्रमहरु संचालन भईरहेको।
- गुरु योजना बनाउने र प्रदेशमा प्राणी उद्यान स्थापना सम्भाव्यता अध्ययन गर्ने कार्य प्रारम्भ भएको|
- भक्तपुरमा प्राणी उद्यान कार्यालय स्थापना भई संचालनमा रहेको ।
- जिल्ला भू संरक्षण कार्यालय मार्फत राप्ती, भेरी, कर्णाली सहितका अन्य जिल्लाहरुमा विपन्न वर्गको जिविकोपार्जनका लागि आयमुलक कार्यक्रम सञ्चालनको कार्य भइरहेको।
- रारा ताल संरक्षण तथा पर्या-पर्यटन प्रबर्धनको कार्य संचालन भै रहेको।
- वन्यजन्तु र बासस्थानको संरक्षण गर्न र संरक्षण क्षेत्रहरुमा भौतिक पूर्वाधारको निर्माण सम्बन्धी बिषय कार्यान्वयनमा आएको र नेपाल लगायत सार्कका ५ देशले South Asia Wildlife Enforcement Network सम्बन्धी कानुन अनुमोदन गरेको।
- Communication Strengthening को लागि चितवन राष्ट्रिय निकुञ्जमा ३५ कि.मी. Optical Fibre बिच्छ्याउने कार्य सम्पन्न भएको।
- चितवनको सौराहा, कसरा र मेघौलीबाट संचालन हुने Jungle Drive गाडीमा Tracking Device जडान भै Vehicle Monitoring System शुरु भएको।
- Wireless CC Camera को लागि चितवन राष्ट्रिय निकुञ्जमा ५ स्थानमा टावर स्थापना सम्पन्न भएको।
- मानव-वन्यजन्तु द्वन्द्व न्यूनिकरणको लागि Pre-alarming System को लागि टावर निर्माण सम्पन्न भएको।

### ३.१.९ वाणिज्य मन्त्रालय

- नेपाली मौलिक उत्पादनहरुलाई हिमालयन युनिक प्रोडक्टको रुपमा लेबलिङ्ग र ब्राण्डिङ्ग गरी निर्यात प्रवर्द्धन गर्न चिया, कफि, हाते कागज र अलैंचीको निर्यात रणनीति तयार भइरहेको, अलैंचीको सामुहिक व्यापार चिन्ह उद्योग विभागमा दर्ता भइ अन्तराष्ट्रिय बजारमा दर्ता प्रकृया शुरु गरिएको।
- अलैंची, अदुवा, पश्मिना र कफिजन्य वस्तुहरुको उत्पादन विकास र प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण, प्रशोधन केन्द्र स्थापनामा आर्थिक सहयोग, प्राविधिक तालिम लगायतका कार्यक्रमहरु संचालन गरिएको।

- निर्यात गरिने वस्तुहरुको गुणस्तर सुनिश्चितताको लागि परिक्षण प्रयोगशालाको भवन निर्माणका लागि डिसेम्बर १२, २०१६ मा सम्झौता सम्पन्न भइ हाल Inspection Report प्राप्त भएको।
- पाँचवटा निकासीयोग्य वस्तुहरु छाला, गलैंचा, तयारी पोशाक, फेल्ट र जडीबुटीको अध्ययन गरी Product Profile तयार गर्ने कार्य भइरहेको।
- चिया, कफि, हाते कागज र अलैंचीको निर्यात रणनीति तयार भइरहेको, उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी निर्देशिका निर्माण कार्य अन्तिम चरणमा पुगेको।
- व्यापार सूचना पोर्टलको स्थापना गरी मिति २०७३।७।११ बाट आयात तथा निर्यात सम्बन्धी सम्पूर्ण सूचनाहरुलाई एकीकृत गरी सरोकारवालाहरुलाई समयमै उपलब्ध गराउन Nepal Trade Information Portal औपचारिक रुपमा संचालनमा ल्याइएको।
- भन्सार विभागबाट लागु हुने आयात र निर्यात संकेत नम्बरको व्यवस्था कार्यान्वयन गर्न वाणिज्य प्रशासन संग सम्बन्धित कमर्चारीलाई अनुशिक्षण गरिएको।

### ३.१.१० भूमिसुधार तथा व्यवस्था मन्त्रालय

- भू-उपयोग बिधेयकको मस्यौदा तयार भई सहमतिका लागि कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको।
- ब्यबस्थित बसोबास आयोग गठन आदेशको मस्यौदा स्वीकृतिका लागि मन्त्रिपरिषदमा पेश भएको।
- १२ वटा मालपोत कार्यालयहरुमा LRIMS सेवा संचालन भएको। बढी भिडभाड हुने कार्यालयहरुमा पूर्णरुपमा LRIMS सेवा संचालनको तयारी अन्तिम चरणमा पुगेको।
- दूर सम्बेदन बिधिबाट १० वटा नक्सा सिट अद्यावधिक गरिएको, १० वटा नक्सा सिटमा GCP सर्वेक्षण कार्य सम्पन्न भएको र १६ वटा नक्सा सिटकफ पुन: छपाई सम्पन्न भएको।
- खगोल तथा भू-मापन कार्यक्रम अन्तर्गत प्रथम दर्जा नियन्त्रण बिन्दु कार्य (पूर्वान्चल विकास क्षेत्र) र झापा जिल्लामा तेश्रो दर्जा नियन्त्रण विन्दु विस्तारका लागि सर्वेक्षण कार्य सम्पन्न भएको। साथै तेश्रो दर्जा नियन्त्रण विन्दु (सिराहा) मा पूर्वेक्षण, मनुमेन्टेशन तथा सर्वेक्षण कार्य ७० प्रतिशत पुरा भएको।
- राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार कार्यक्रम अन्तर्गत ५ वटा नगरपालिकाहरुको Interactive Web Mapping भैसकेको र ६६ वटा नगरपालिकाहरुको नगरपालिकागत Database तयार भैसकेको।

### ३.१.११ सहकारी तथा गरिबी निवारण मन्त्रालय

- पिछडिएको वर्ग तथा दलितहरुको परम्परागत पेशालाई व्यवसायिक सहकारीमा संगठित गरी आधुनिक व्यवसायमा रुपान्तरण तथा प्रवर्द्धन गर्न सहकारीमार्फत प्रोत्साहन स्वरुप अनुदान वितरण गर्ने कार्यको प्रक्रिया प्रारम्भ भइसकेकोले यसै आर्थिक वर्षमा अनुदानको कार्य सम्पन्न गर्ने गरी प्रक्रिया अगाडी बढाइएको।
- सहकारी मार्फत मसला, चिया, कफी, अलैंची, अदुवा, जडिवुटी, फलफूल, तरकारी, माछा, मासु, मह र दूध जस्ता कृषि प्रशोधन तथा सामूहिक खेतीका लागि मापदण्डका आधारमा अनुदान वितरणको लागि

पूँजिगत अनुदान वितरण गर्न अनुदान सुविधा प्रदान गर्ने निर्देशिका पारित भई अनुदान वितरणको प्रक्रिया शुरु भएको।

- सहकारीबाट उत्पादित वस्तुको विक्री वितरणमा सहयोग पुऱ्याउन ललितपुरको लगनखेल र भरतपुरमा सहकारी बजार केन्द्र निर्माण सम्बन्धी ड्रईङ्ग, डिजाईन, ईस्टिमेट, सञ्चालन विधि सहित सम्भाव्यता अध्ययन सम्बन्धी कार्य सम्पन्न भएको।
- गरिबीको रेखामुनि रहेका नेपाली नागरिकहरु पहिचान गरी उनीहरुलाई राज्य सुरक्षा परिचयपत्र वितरण गर्न २५ वटा जिल्लाको विवरण छानविन गरी Database Update गर्ने कार्य सम्पन्न भएको।

### ३.१.१२ आपूर्ति मन्त्रालय

- सात वटै प्रदेशको लागि वर्तमान माग तथा भण्डारण क्षमता समेतको मूल्यांकन गरी प्रदेशगत रुपमा निर्माण हुनुपर्ने भण्डारणगृहहरुको क्षमता यकिन भई सकेको, कतिपय जिल्लामा जमिन खरिद गर्ने प्रकृया अघि बढिसकेको। यसलाई बहुवर्षिय आयोजनाको रुपमा भण्डारण निर्माण कार्य संचालन गर्ने गरी कार्य अगाडि बढिरहेको।
- नेशनल ट्रेडिङ्ग लिमिटेडमा रहेका २८९ कर्मचारी रहेको सन्दर्भमा संस्थाको केही स्थिर सम्पत्ती बिक्री गरी कर्मचारीहरुलाई स्वेच्छिक अवकाश दिने र सो पश्चात संस्थालाई पुनर्संरचना गरी नयाँ स्वरुपमा संचालन गर्ने प्रकृया शुरू गरिएको।
- उपभोक्ता संरक्षण ऐन, २०५४ को मस्यौदा निर्माण कार्य अन्तिम चरणमा पुगेको, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को मस्यौदा तयारी अन्तिम चरणमा पुगेको र पेट्रोलियम पदार्थ तथा ग्याँसको पैठारी ढुवानी तथा विक्री वितरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७३ को प्रारम्भिक मस्यौदा तयारी भएको।
- तोकिएका दुर्गम जिल्लाहरुमा नियमित रुपमा ढुवानी अनुदान दिइ खाद्यान्न तथा नुन उपलब्ध गराउँदै आएको।

## ३.२. भौतिक पूर्वाधार

### ३.२.१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

- गाउपालिका, नगरपालिका, विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगबाट संख्या र सिमाना सम्बन्धी प्रतिवेदन नेपाल सरकार समक्ष पेश भएको।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने १२ लाख ८४ हजार लाभग्राही (ज्येष्ठ नागरिक, एक महिला, विधवा महिला, अपांगता भएका व्यक्ति र लोपोन्मुख आदिवासि जनजाति) को MIS Entry गरिएको।
- ४५ जिल्लाका १६८ नगरपालिका तथा १९० गा.वि.स.मा वैकिङ्ग प्रणालीबाट भत्ता वितरण शुरु गरिएको।
- निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७१ र निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि (छैठौं संशोधन) नियमावली कार्यान्वयनमा आएको।
- सार्वजनिक तुइनलाई झोलुंगेपुलले विस्थापित गर्नका लागि १० वटा झोलुंगेपुल निर्माण सम्पन्न, ६५ वटा झोलुंगेपुल निर्माणका लागि सम्झौता सम्पन्न भएको।

- कर्णाली अंचलका सवै जिल्लाहरु र गरीवी सूचकांकमा सवैभन्दा पछि परेका अछाम बझाङ र रौतहट जिल्लाका ५ वर्ष मुनिका सवै वालवालिकाहरुलाई वालपोषण अनुदान वितरण गर्ने कार्य अगाडी बढाइएको।
- जनसहभागिता हुने गरी सौर्य सडक वत्तिका लागि रु.५० करोड रकम नगरपालिकाहरुलाई उपलव्ध गराइएको।
- गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत ९७ गाविसमा तोकिएको मापदण्ड वमोजिम लक्षित परिवार छनौट भई समूह संस्थामा आवद्ध गराइएको।

### ३.२.२ सिंचाइ मन्त्रालय

- रानी, जमरा कुलरिया सिंचाइ आयोजना ( प्रणाली आधुनिकिकरण समेत )मा मूल नहर ०.१५ कि.मि. मूल नहरमा व्यारेल ०.४० कि.मि. फिडर नहर ०.०५ कि.मि. फिडर नहर संरचना १.० वटा निर्माण सम्पन्न भएको। हालसम्म चार हजार नौ सय उन्नन्तीस हेक्टर जमिनमा थप सिंचाइ सुविधा पुगेको।
- कृषक ब्यबस्थित सिँचाइ प्रणालिको पुनस्थापना / स्तरोन्नतीबाट २४७७ हेक्टर जमीनमा सिंचाइ सुविधा पुगेको।
- बागमती सिंचाइ आयोजनामा सिल्ट इजेक्टर निर्माण कार्य ५०% सम्पन्न भएको।
- बबई सिंचाइ आयोजनामा ०.४० कि.मि. पूर्वि नहर रिमोडलिङ्ग तथा पश्चिमी मूलनहर विस्तार एवं ब्रान्च, सेकेन्डरी नहर निर्माण ०.२३ कि.मी. ग्रामिण तथा सर्भिस सडक निर्माण बाढीबाट क्षतिग्रस्त सिँचित क्षेत्र तथा संरचना तटवन्ध ०.२५ कि.मी. पुननिर्माण सरकारी ब्यबस्थित सिँचाइ प्रणालिको १००० हेक्टर पुनर्स्थापना/स्तरोन्नतीका साथै ३०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराएको।
- सिक्टा सिंचाइ आयोजनामा १.७५ हेक्टर जग्गा खरिद भएको मूलनहरमा स्ट्रक्चर निर्माण १.८० वटा मूलनहर लाइनिङ्ग कार्य १.१० कि.मि. सिघनिया शाखा नहर १ कि.मि. निर्माण भएको ५०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराएको।
- भेरी बबई डाइभरर्सन बहुउदेशिय आयोजनामा ०.०५ कि.मि. एक्सेस रोड निर्माण ५% साइट क्याम्प निर्माण कार्यालय भवन निर्माण १९.५ व.मी. १% TBM Platform र TBM entry portal कार्य भएको।
- जल उत्पन्न प्रकोप न्यूनिकरण सहयोग कार्यक्रममा ५वटा जलाधार क्षेत्र व्यवस्थापनमा ३० प्रतिशत कार्यहरु भएको।
- भारतिय अनुदान सहयोगमा संचालित नदी नियन्त्रण योजनाहरुको १२० मि.रिभेटमेन्ट र ४ वटा स्पर र्निमाण भएको।
- मध्य पहाडी लिफ्ट सिँचाइ योजनाको पूर्व सम्भाब्यता कार्य सम्पन्न भएको।
- सौर्य ऊर्जामा आधारित भूमिगत सिँचाइ आयोजना को पूर्व सम्भाव्यता कार्य सम्पन्न भएको।

### ३.२.३ सूचना तथा सञ्चार मन्त्रालय

- नेपाल टेलिकमबाट पुष १७, २०७३ देखि काठमाडौ र पोखराबाट LTE सेवा (4G) को Soft Lunch सम्पन्न गरिएको।

- मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्गमा अप्टिकलफाइबर सञ्जाल विस्तार गरी ७२ जिल्ला सदरमुकाममा तीव्रगतिको इन्टरनेट सुविधा पुऱ्याउन Technical Specification निर्माण भईरहेको तथा नेपाल टेलिकमले बिस्तृत Survey गर्ने कार्य अन्तिम चरणमा पुऱ्याएको।
- ग्रामीणदूरसञ्चार कोष परिचालन गरी माइक्रोवेभ ट्रान्समिसनबाट सामुदायिक क्याम्पस, सामुदायिक उच्च माध्यमिक र माध्यमिक विद्यालय एवं प्राथमिक स्वास्थ्य केन्द्रमानिःशुल्क इन्टरनेटको सुविधा पुऱ्याउनको लागि कार्य योजना स्वीकृत भएको।
- सार्वजनिक सेवाका भुक्तानीहरु हुलाकमार्फत हुने र बचत बैकिङ्ग सेवालाई ए.वि.वि.एस. प्रणालीमा लैजाने कार्य अघि बढाउन ३४ जिल्लामा डाटा ईन्ट्रि कार्य सम्पन्न भएको र बाँकी ३१ स्टेशनको डाटा ईन्ट्रिको लागि कर्मचारीलाई तालिम संचालन भैरहेको।
- मुद्रा, पासपोर्ट, अन्तशुल्क स्टीकर, परिचयपत्र, नागरिकता, प्रमाणपत्र, ऋणपत्र, चेकबुक, सर्टिफिकेट लगायतका सामग्रीहरु स्वदेशमै मुद्रण गर्न सुरक्षण मुद्रण छापाखानास्थापना गर्न नीतिगत, कानुनी र संस्थागत व्यवस्था मिलाउन सुरक्षण मुद्रण विकास समिति (गठन), आदेश २०७३ तयार पारी स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश भएको तथा सुरक्षण मुद्रण विकास समिति गठन गरिएको।
- सामुदायिक सूचना केन्द्र स्थापना गर्ने जिल्लाहरु छनौट भएको।
- सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गतका निकायको सूचना एवं तथ्यांकहरुको Digital Archive बनाउने कार्य भैरहेको।
- नेपाल टेलिभिजनको गुल्मी, पाल्पा र डोटी प्रसारण केन्द्रहरुमा डिजीटाईजेशन अन्तर्गत आवश्यक उपकरणहरु खरिद कार्य भइरहेको साथै V-Sat Link को स्तरोन्नति गर्न Thai Com वाट विशेषज्ञ टोली आइ स्पेशिफिकेशन सहित लागत अनुमान तयार भएको।
- सूचनाको हकको कार्यान्वयन परीक्षणको लागि राष्ट्रिय सूचना आयोगबाट (RTI Audit) गर्ने कार्य भईरहेको।
- सासेक सूचना राजमार्ग आयोजना अन्तर्गत CeC भवन निर्माण र Optical Fibre बिच्छ्याउने ९० प्रतिशत कार्य सम्पन्न भैसकेको।
- सामुदायिक सूचना केन्द्रको Technical Verification and Community Awareness कार्य सम्पन्न भएको।
- विद्युतिय संचार माध्यमहरुको आचारसंहिताका विषयमा अनुगमन गर्न आवश्यक पर्ने उपकरण जडान भई विहान वेलुका र दिउँसो मिडिया मनिटरिङ्ग भैरहेको।

### ३.२.४ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

- सम्पूर्ण बहुवर्षिय सडक तथा योजनाहरुको डिपिआर र वातावरणिय प्रभाव मूल्यांकन गरेर मात्र निर्माण कार्य अघि बढाउने अनिवार्य व्यवस्था गरिएको।
- देशभरीको रणनीतिक र प्रादेशिक केन्द्र जोड्ने सडकहरु न्यूनतम २ लेन र कालोपत्रे स्तरमा निर्माण गर्ने व्यवस्था गरिएको र साविकको साँघुरा सडकहरुको स्तरोन्नती कार्य शुरु गरिएको।
- उत्तरदक्षिण लोकमार्ग अन्तर्गत कालिगण्डकी लोकमार्गको १ कि.मि. ग्राभेल भएको। कर्णाली कोरिडोरको हिल्सा-सिमिकोट खण्डको ०.५ कि.मि. ट्रयाक निर्माण भएको। कोशी कोरिडोरको ४

कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको। भेरी र रासी कोरिडोरको अध्ययन कार्य शुरु भएको छ भने सो मध्ये भेरी कोरिडोरको २.५ कि.मि. ट्र्याक निर्माण कार्य सम्पन्न भएको।

- महाकाली लोकमार्गको ०.३ कि.मि. ट्र्याक निर्माण भएको छ भने सेती लोकमार्गको ५ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको।
- काठमाडौं उपत्याकाभित्र Pvt Hole Free सडक हुने गरी कार्य अघि बढाइएको र ४ कि.मि. सडक कालोपत्रे निर्माण सम्पन्न भएको।
- डोल्पा र हुम्ला जिल्ला सदरमुकाममा सडक संचालबाट जोड्ने लक्ष्य अनुरुप डोल्पा सडक नेपाली सेनाबाट निर्माण भैरहेको र हिल्सा-सिमिकोट सडक खण्डको ०.५ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको।

### ३.२.५ ऊर्जा मन्त्रालय

- बुढीगण्डकी जलविद्युत आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भइ EIA स्वीकृत भएको।
- स्वदेशी लगानीमा शुरू भएको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको अनुमानित लागत रू ३५ अर्ब २९ करोड रहेकोमा हालसम्मको खर्च रु.३२अर्ब ६१ करोड र भौतिक प्रगति ८३.५% रहेको छ।आयोजनाको ६९ कि. मि. प्रवेशमार्ग सुचारू गर्न काभ्रे भीरमा ३३७ मि लम्बाइ भएको सुरुङमार्ग खन्ने कार्य सम्पन्न भएको। संशोधित कार्यतालिका अनुसार आयोजना पहिलो युनिट उत्पादन -३१ अषाढ २०७५ मा र सवै युनिट उत्पादन- २७ मंसिर २०७५ मा हुने लक्ष रहेको।
- आन्तरिक विद्युत उत्पादन तथा विद्युत आयातका साथै विद्युत माग व्यवस्थापन लगायतका कार्यहरु गरी हाल लोडशेडिङ्ग उल्लेख्य रुपमा कम गरिएको छ। जलविद्युत उत्पादन प्रसारण तथा वितरणका आयोजनाहरु द्रुत गतिमा अगाडि बढिरहेको छ र ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी कार्ययोजना, २०७२ लाई उच्च प्राथमिकताकासाथ अगाडी बढाइएको।
- ३० मेगावटको चमेलिया जलविद्युत आयोजनाको समग्रमा ९७.७ प्रतिशत प्रगति भएको। २०१७ को डिसेम्वरको अन्त्यसम्म निर्माण सम्पन्न हुने अपेक्षा रहेको।
- कुलेखानी तेस्रो जलविद्युत आयोजना मुख्य सुरुङ Forby तथा Penstock Tunnel Horizontal Position खन्ने कार्य सम्पन्न भएको तथा कंक्रिट लाइनिङको कार्य ९९.४% सम्पन्न भएको छ। पावरहाउसको Erection Bay को Brick wall निर्माण सुचारु भएको छ।
- ६० मेगावाटको त्रिशुली ३ 'ए' जलविलुत आयोजनाको अडिट निर्माण तथा Access tunnel र Tailrace खन्ने कार्य सम्पन्न भएको छ। हेडरेस टनेल (४०७६ मि.) खन्ने कार्य ९५ प्रतिशत सम्पन्न भएको छ। विद्युतगृह निर्माण चालु रहेको र इलेक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल कार्यअन्तर्गत पी१ यूनिटमा ड्राफ्ट ट्यूब जडान कार्य सम्पन्न भएको।
- सुनकोशी, दुधकोशी, ठोसे खिम्ती शिवालय, नौमुरे, बबई, नलसिंङ गाड, उत्तरगंगा जस्ता जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन कार्य भईरहेको।
- नेपाल र भारतबाट संयुक्त रुपमा निर्माण हुने पञ्चेश्वर बहुउद्देश्यीय आयोजना कार्यान्वयनको लागि Pancheshwor Development Authority (PDA) ले महेन्द्रनगरमा कार्यालय स्थापना गरी कार्य

गरिरहेको। परामर्शदातृ संस्था, WAPCOS ले आयोजनाको Draft DPR तयार गरेको।

- भारतीय कम्पनीहरुको लगानीमा निर्माण हुने माथिल्लो कार्णाली र अरुण तेस्रो जलविद्युत आयोजनाहरुको वित्तीय व्यवस्थापनको म्याद थप गरिएको।
- २१६ मेगावाट क्षमताको माथिल्ल त्रिशुली १ जलविद्युत आयोजना निर्माण गर्ने सम्बन्धमा कोरियन कम्पनी NWEDC र नेपाल सरकार बीच Project Development Agreement (PDA) सम्पन्न भएको छ।

- कर्णाली चिसापानी बहुउद्देश्यीय आयोजनाको लागि हाइड्रोलोजिकल अध्ययन र सामाजिक तथा वातावरणीय अध्ययन हाल भैरहेको छ।
- उत्पादित विद्युतलाई देशका सबै भागमा पुऱ्याउन र निर्यात गर्न उपयुक्त क्षमताका उच्च प्रविधियुक्त प्रसारण हाइवे निर्माणका लागि हेटौडा-ढल्केवर-इनरुवा,मर्स्याङ्दी कोरिडोर,कालीगण्डकी कोरिडोर जस्ता प्रसारण हाइवेको निर्माण कार्य चालु रहेको छ।
- हेटौडा-ढल्केवर-इनरुवा ४०० के.भी. प्रसारण लाईन निर्माण गर्ने सन्दर्भमा ७९२ टावरहरु मध्ये ३९० टावरको निर्माण कार्य सम्पन्न भइसकेको छ। ढल्केवर सबस्टेशनलाई स्तरोन्नती गर्ने कार्य अन्तर्गत ढल्केवर सबस्टेशनको २२० के. भी. मा Charge गर्ने कार्य द्रुत गतिमा भैरहेको छ। यो सवस्टेशन ४०० के.भी. मा स्तरोन्नति गर्न DPR को तयारी कार्य भैरहेको छ।
- खिम्ती-ढल्केवर डवल सर्किट २२० के. भी. प्रसारण लाईनको र एक सर्किट हेटौडा-स्युचाटार-१३२ के. भी प्रसारण लाईन निर्माण कार्य सम्पन्न भई लाईन चार्ज गरिएको छ।
- कालीगण्डकी कोरिडोर २२० के.भी. प्रसारण लाईन अन्तर्गत दाना–कुश्मा खण्डको प्रशारण लाईन सबस्टेशन निर्माण कार्यको लागि कुश्मा सबस्टेशन क्षेत्रमा Excavation र Levelling कार्य भइरहेको छ।कुश्मा-न्यू बुटवल खण्डको वातावरण अध्ययनको IEE Review सम्पन्न गरिएको छ।नयाँ बुटवल बर्दघाट खण्डको विस्तृत सर्भे कार्य सम्पन्न भएको।
- कोशी कोरिडोर २२० के.भी. प्रसारण लाईन अन्तर्गत इनरुवा–वसन्तपुर–तुम्लिङ्टार खण्डको प्रशारण लाइनको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको छ।वसन्तपुर-ताप्लेजुङ खण्डको प्रशारण लाइनको वातावरणीय अध्ययन कार्यको ToR स्वीकृत भएको छ।
- मर्स्याङ्दी-काठमाडौं २२० के.भी. प्रसारण लाईनको निर्माण ठेक्कापट्टा व्यवस्था सम्बन्धी Tower Spotting का लागि Check Survey र Detail Survey कार्य भइरहेको।
- समुन्द्रटार–त्रिशुली ३बी हब सबस्टेसन १३२ के.भी. प्रसारण लाईन आयोजनाको प्रारम्भिक वातावरणीय अध्ययन कार्य सम्पन्न भएको। आयोजनाको लागि जग्गा प्राप्तिको कार्य सम्पन्न भएको छ। एशियाली विकास बैंकबाट परामर्शदाता नियुक्त भएको छ। PSC (Project Supervision Consultant) को लागि Contract Negotiation सम्पन्न भएको।
- वीरगञ्ज-काठमाडौं-सिमरा कोरिडोर १३२ प्रसारण लाईन आयोजनाको ५३५० वटा पोल बदली भएको।

- वीरगञ्ज-काठमाडौं-सिमरा कोरिडोर १३२ प्रसारण लाईन अन्तर्गत वितरण प्रणाली सुदृढीकरण तर्फ ११ के.भि. लाईनको १६५ कि.मि. लाइन निर्माण भएको। ०.४ के. भि. लाईनको २६० कि. मी. लाइन निर्माण भएको। ४५० वटा ट्रान्सफर्मर जडान भएको।
- निर्माणाधीन १३२ के.भी. क्षमताको परवानीपुर-रक्सौल प्रसारण लाईन आगामी वर्ष सम्पन्नन गर्न नेपाली भू-भागमा पर्ने ५५ वटा टावर मध्ये ५५ वटा को जग निर्माण कार्य र ४८ वटा टावरको जडान कार्य सम्पन्न् भएको छ भने ७.५ कि.मी. Stringing कार्य सम्पन्न भएको छ। Bay Extension तर्फ Foundation, Structure र Equipment Erection का कार्य सम्पन्न् भइसकेका छन् साथै Cable Trench, Earthing तथा Cable Laying का कार्य सम्पन्नज भइसकेका छन्।
- कुशाहा- कटैया १३२ के.भी. प्रसारण लाईन निर्माण तर्फ नेपाली भू-भागमा पर्ने ४५ वटा टावर मध्ये ४५ वटाको जग निर्माण कार्य सम्पन्नम भएको छ। ४३ वटा टावरको जडान कार्य सम्पन्न् भएको छ।८ कि मी. Stringing सम्पन्न भएको छ। Bay extension तर्फ Foundation, Structure र Equipment Erection का कार्य सम्पन्न भइसकेका छन् साथै Cable Trench, Earthing तथा Cable Laying कार्यहरू सम्पन्न भइसकेका छन्।
- ६४ मेगावाटको सौर्य ऊर्जाको लागि सम्झौता सम्पन्न भएको छ। विद्युत विकास विभागबाट सौर्य ऊर्जाको लागि सर्वेक्षण अनुमति पत्र जारी भएको। साथै सिंहदरवार परिसरमा १ मेगावाट क्षमताको सौर्य ऊर्जा जडान कार्य चालु रहेको। नेपाल विद्युत प्राधिकरणबाट सञ्चालित २५ मेगावाट ग्रीड सोलारको परामर्शदाता छनोटको सम्पुर्ण कार्य सम्पन्न भएको।
- विद्युत उत्पादन तथा राष्ट्रिय प्रसारण ग्रीड स्थापना भई कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरु छनौट भएको छ। विद्युत व्यापार तथा इन्जिनिषरिङ्ग परामर्श कम्पनीहरु स्थापनाको लागि मन्त्रीपरिषद्बाट सैद्धान्तीक सहमति प्राप्त भएको।

### ३.२.६ सहरी विकास मन्त्रालय

- सघन सहरी विकास कार्यक्रम संचालन गर्ने ३७ नगरपालिकाहरुको आवधिक योजना/भौतिक विकास योजना कार्यान्वयन, ठूला शहरी कोरिडोर खण्डको पूर्वाधार विकास हुने कार्यको क्रमागत कार्यक्रम शुरु भएको।
- जनता आवास कार्यक्रम अन्तर्गत दलित, विपन्न मुस्लिम, चेपाङ्ग, राउटे, गन्धर्व, वादी, वनकरिया, सुरेल, थामी लगायतका विपन्न एवं लोपोन्मुख समुदायका थप २० हजार परिवारका लागि आवास निर्माण गर्न १४४७ क्रमागतआवास इकाईमध्ये ४३२ वटा आवास इकाईको निर्माण कार्य सम्पन्न ८१३ वटाको निर्माणको विभिन्न चरणमा रहेको।
- पुष्पलाल (मध्य पहाडी) राजमार्ग तोकिएका १० स्थान आधुनिक सहरहरुको भौतिक पूर्वाधार निर्माण गर्न १० वटा सहरहरुमा जग्गा विकास कार्यक्रम (LP) को DPR तयार गरि कार्यान्वयन गर्ने कार्य मध्ये ४ वटाको प्रथम चरणको कार्य सम्पन्न भई Block Plan स्वीकृतिको चरणमा रहेको। एकीकृत पूर्वाधार विकास योजना तयार १० मध्ये ८ वटा सहरको Draft प्रतिवेदन प्राप्त भईसकेको। ९ वटा सहरी पूर्वाधारहरुको वहुवर्षिय यस वर्षबाट सुरुभएको र २९ वटा गतवर्षको वहुवर्षिय कार्यक्रम अन्तरगत निर्माण भईरहेको।

- हुलाकी राजमार्गका १० नयाँ स्थानमा आधुनिक सहर विकास गर्न स्थान पहिचान विस्तृत परियोजना प्रतिवेदनको तयारीर पूर्वाधार निर्माण गर्न स्थान पहिचान गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्न परामर्शदाता नियुक्ती भएको।
- सुर्खेतमा भेरिगंगा उपत्यकालाई नयाँ सहरको रुपमा छनौट भएको र प्यूठानमा भिंग्री बजार नयाँ सहर छनौट भई परामर्शदाताबाट DPR तयार गर्ने कार्य भईरहेको।
- ७० नयाँ नगरपालिकाहरुको एकीकृत सहरी विकास योजना तर्जुमा गर्न नगरपालिकाहरुको एकीकृत सहरी विकास योजना तर्जुमा गर्न प्याकेजिङ्ग गरी LOI सम्बन्धी कार्य अन्तिम चरणमा पुगेको।
- काठमाण्डौ बबरमहलमा बहुतल्ले प्रशासनिक प्लाजाको निर्माण गर्न बबरमहल प्रशासनिक प्लाजाको डिजाइनका लागि EOI प्रकृया पुरा भई RFP भई परामर्शदाता छनौटको प्रकृयामा रहेको।
- बुटवलमा निर्माणाधिन अन्तराष्ट्रिय सभा भवन तथा अन्तराष्ट्रिय प्रदर्शनीस्थलको निर्माण कार्य आगामी दुई वर्ष भित्र सम्पन्न गर्न प्रथम फेज अन्तर्गत मुख्य सभाहलको ब्लक A, B र C को DPC सम्मको कार्य सम्पन्न।

### ३.२.७ विज्ञान तथा प्रविधि मन्त्रालय

- वैज्ञानिक प्रतिभाहरुलाई अध्ययनवृत्ति उपलब्ध गराउने सम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको।
- परमाणविक पदार्थको नियमन सम्बन्धी ऐनको मस्यौदा तयार भएको। सूचना प्रविधि सम्बन्धी छाता ऐनको मस्यौदा अन्तिम चरणमा रहेको।

## ३.३. सामाजिक पूर्वाधार

### ३.३.१ स्वास्थ्य मन्त्रालय

- वीर अस्पताललाई अन्तर्राष्ट्रिय स्तरको बनाउन बृस्तृत गुरू योजना तयार भई निर्माणको कार्य शुरु गरिएको।
- त्रि.वि. शिक्षण अस्पताल (सुरेश वाग्ले स्मृति क्यान्सर केन्द्र समेत) अस्पतालको लागि मेशिनरी औजार तथा उपकरण तथा २० बटा डायलासिस मेशिन खरिद प्रकृया अगाडी बढाइएको।
- छातीरोग अस्पतालको निर्माण कार्य अघि बढेको।
- ५ वटै क्षेत्र र अञ्चल तथा क्षेत्रिय अस्पतालबाट पाठेघर खस्ने रोगको स्क्रिनिङ,१५०० जनाको शल्यक्रिया र घुम्ती शिविर सञ्चालन गर्ने सेवा सुचारू गरिएको।
- कोल्डबक्स तथा विभिन्न खोपहरू, भ्याक्सिन सूई र सेफ्टी बक्स सहित खरिद कार्य अघि बढेको। ७५ वटै जिल्लामा समुदायमा आधारित नवजात शिशु स्याहार प्याकेज कार्यक्रम सञ्चालन भै रहेको।
- रेबिजको जोखिममा पर्ने लगभग ६०००० व्यक्तिलाई टिस्सु कल्चर एआर्भी भ्याक्सीनको व्यवस्था गर्न भ्याक्सिन खरिदको टेण्डर सूचना पत्रिकामा प्रकाशित भएको। हात्तीपाइले रोग विरुद्धको डी.ई.सी. चक्की खरिद, व्यवस्थापन तथा निवारण अभियान सञ्चालन गर्न औषधि खरिदको सम्झौता भएको।
- टिभी र रेडियोबाट स्वास्थ्यसम्बन्धी सचेतना कार्य सञ्चालन गर्न नियमित रूपमा विभिन्न संचार माध्यमबाट प्रचार प्रसारको कार्य भइरहेको।

- ६८ जिल्लामा किड्नी परिक्षण (स्कृनिङ्ग) गर्नको लागि यूरिस्टीक तथा यूरिन कन्टेनर खरिद र वितरणको कार्य भै रहेको। ४ स्थानमा प्रयोगशाला विस्तार भएको। केही जिल्लाका स्वास्थ्य चौकीसम्म प्रयोगशाला सेबाको बिस्तार अन्तर्गत २५ स्थानको लागि सामान खरिदको कार्य भएको।
- राष्ट्रिय स्वास्थ्य बीमा नीति अनुरुप थप ५ जिल्ला सेवा संचालन गरी ८ जिल्लामा विस्तार गरिएको तथा थप ५ जिल्लामा सेवा विस्तार गर्न तयारी गरिएको। सबै क्षेत्रीय तथा सरकारी शिक्षण संस्थाहरुमा एम.डी., एम. एस.जस्ता बिशेषज्ञ शिक्षा निःशुल्क गर्न NAAMS, BPKIHS, TU मा निःशुल्क शिक्षाको व्यवस्था भै रहेको।
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवन निर्माण भइरहेको।
- मानव अंग प्रत्यारोपण केन्द्रमा औजार उपकरण खरिदको प्रकृया आरम्भ भएको। विरगंज, जनकपुर र विराटनगरमा हेमोडाइलाइसिस सेवा विस्तार भै रहेको।
- २४ घण्टा Comprehensive Emergency Obstetric Care सेवा संचालन गरिएको। आमा सुरक्षा कार्यक्रम अन्तर्गत २२४८७५ जनाले पुर्व प्रसूति (प्रथम) लिएका, १३९७३८ जनाले स्वास्थ्य संस्थामा प्रसूति गराएको, २८९२९ जनाले सुरक्षित गर्भ पतन सेवा पाएका
- भवन विभागबाट क्रमागत र नयाँ निर्माणका गरि १०५५ वटा स्वास्थ्य संस्था भवन निर्माण भै रहेको छ।

### ३.३.२ शिक्षा मन्त्रालय

- आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षालाई क्रमशः अनिवार्य तथा निःशुल्क बनाउनका लागि  शिक्षा नियमावली संशोधनको मस्यौदा तयार भएको।
- विद्यालयमा बालबालिकाको पहुँच विस्तार गर्न, अध्ययन अध्यापनको गुणस्तर सुधार ल्याउन र व्यवस्थापकीय सरचनालाई जवाफदेही, पारदर्शी र सुदृढ बनाउन विद्यालय क्षेत्र विकास योजना स्वीकृत भएको।
- आधारभूत शिक्षाको सुनिश्चितता, निरन्तर र सिकाइ उपलब्धिमा सुधार ल्याउन लक्षित वर्ग, क्षेत्र र विपन्न समूहका बालबालिकाहरुलाई प्रोत्साहनमूलक सुविधाहरु एकीकृत रुपमा उपलब्ध गराउन विद्यालयलाई रकम निकासा गरीसकेको।
- विद्यालय भर्ना नभएका र भर्ना भई बीचमै विद्यालय छाडेका बालबालिकाहरुलाई विद्यालय शिक्षा सुचारु गराउन विशेष कार्यक्रमहरु अन्तर्गत लक्षित स्थानहरूमा सामुदायिक अध्ययन केन्द्रहरुको परिचालन र सिकाइ केन्द्रहरू सञ्चालन भइरहेको।
- तराईका जिल्लाहरुमा विद्यालय बाहिर रहेका किशोरकिशोरीहरुको पहिचान गरी विद्यालयमा भर्ना तथा निरन्तरताका लागि प्रोत्साहनमूलक कार्यक्रमहरु अन्तर्गत लक्षित स्थानहरूमा सामुदायिक अध्ययन केन्द्रहरुको परिचालन र सिकाइ केन्द्रहरू सञ्चालन हुनुको साथै विद्यालयमा निरन्तरताका लागि छात्रवृत्ति कार्यक्रमका लागि रकम निकासा गरिएको।
- कर्णाली अञ्चलका सबै, मानव विकास सूचकाङ्कमा पछि परेका र तोकिएका जिल्लाहरुका विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम नियमित रूपमा तोकिएका जिल्लाहरूमा सञ्चालन भईरहेको।

- दलित तथा लोपोन्मुख समुदायका बालबालिकाहरुलाई सबै विषयमा उच्च शिक्षा निःशुल्क उपलव्ध गराउनका लागि उत्प्रेरणा छात्रवृत्ति कार्यक्रम अन्तर्गत चालु आ.व.मा २ जना विद्यार्थी छनोट गरिएको।
- गुरुकूल, गुम्बा र मदरसा शिक्षालाई शैक्षिक मूलधारमा ल्याई प्रवर्द्धन गर्नका लागि गोन्पा विहार व्यवस्थापन परिषद्को सकृयतामा गोन्पा/विहारहरूमा शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेको।
- नक्शाङ्कनको आधारमा विद्यालय र शिक्षकको दरवन्दी पुनर्वितरण गरी प्राथमिक तहमा अधिक हुने शिक्षक दरवन्दीलाई ६ देखि ८ कक्षासम्म समायोजन गर्न र सामुदायिक विद्यालयहरुमा अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयका विषयगत शिक्षकहरुको दरवन्दी विस्तार गर्दै लग्नका लागि शिक्षकको विवरण संकलनका लागि साधन तयार भएको।
- कार्य सम्पादन र विद्यार्थी उत्तीर्ण प्रतिशतको आधारमा शिक्षकको मूल्याङ्कन गरी पुरस्कार र सजायको व्यवस्थाका लागि ७३ जिल्लाका जिल्ला शिक्षा अधिकारीसँग कार्यसम्पादन करार भइसकेको र जिल्ला शिक्षा अधिकारी र प्र.अ.हरूबीच कार्यसम्पादन करारको कार्यलाई निरन्तरता दिइएको।
- अध्ययन अध्यापनका सम्पूर्ण चरणहरुमा सामाजिक अडीट गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकलाई जवाफदेही बनाउनका लागि हरेक विद्यालयले अनिवार्य रूपमा सामाजिक परीक्षण गराउनु पर्ने प्रावधान गरिनुका साथै विद्यालयका सम्पूर्ण वार्षिक गतिविधिको सामाजिक परीक्षण सम्पन्न गरी सोको समष्टिगत प्रतिवेदन पठाउन सुचना जारी गरिएको।
- सामुदायिक विद्यालय र सरकारी कलेजहरुको सञ्चालन र व्यवस्थापनका लागि निश्चित अवधि तोकी निजी क्षेत्रका विद्यालय र कलेजहरुसँग व्यवस्थापन सम्झौता गर्ने र शैक्षिक गुणस्तर सुधारको यस कार्यक्रममा सहभागी हुने निजी क्षेत्रका विद्यालय तथा कलेजहरुलाई सम्मान गरिने व्यवस्था गरिएको।
- प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारको स्थापना गर्न अनुदान दिने र विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशालाको स्थापना, स्मार्ट बोर्डको प्रयोग र अन्तरक्रियात्मक विद्युतीय शिक्षण सिकाइ पद्धतिको विस्तार गर्न विद्यालयमा ICT को पूर्वाधारका लागि बजेट विनियोजन भएको।
- विश्वविद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्दै विश्वविद्यालयका शिक्षक तथा प्राध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गर्ने सम्बन्धमा विश्वविद्यालयहरुमा परिपत्र गरि कार्य प्रारम्भ गरिएको।
- विश्वविद्यालयका शिक्षक तथा प्राध्यापकहरुसंग कार्यसम्पादन विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरुलाई क्यालेण्डर अनुरुप संचालन गर्न उच्च शिक्षा सुधार परियोजना अन्तर्गत कार्यक्रम समावेश गरी प्ररिक्षाफल प्रकाशित गर्ने समय क्रमशः कम गर्दै ३ महिनामा ल्याइने व्यवस्था भएको।

### ३.३.३ खानेपानी तथा सरसफाई मन्त्रालय

- ४२ न.पा. २७८ गाउँ विकास समिति खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भएको।
- तराई मधेशका २० जिल्लाहरूका आर्सेनिकयुक्त स्यालो ट्यूवबेलको विकल्पमा १०० खानेपानी आयोजनाहरूको अध्ययन प्रतिवेदन तयारीका लागि सर्भेक्षण कार्यक्रमको सम्झौता सम्पन्न भइ Detailed सर्भेक्षणको लागि फिल्डमा खटिएको।
- यासोक खानेपानी आयोजनाको दोश्रो प्याकेजको काम शुरु हुने क्रममा रहेको, तथा पकरवास रतिमाल खा.पा.यो.को विभिन्न संरचनाहरु (पानीपोखरी निर्माण, गार्ड हाउस, ट्रान्समेसन लाइन, वितरण लाइन, विद्युतीकरण कार्य, सम्पवेल आदि) को निर्माण काम भइरहेको।

- रामेछाप वृहत खानेपानी आयोजनाको भेरिफीकेसनको काम भइरहेको।
- दोस्रो साना सहरी खानेपानी आयोजना अन्तर्गत निर्माणाधिन नारायण न.पा., बैतडी, खाँदवारी ३ नगर आयोजनाहरूको निर्माण कार्यलाई निरन्तरता दिई आयोजनाहरू सम्पन्न गरेर ३० हजार जनतालाई उच्च /मध्यम स्तरको खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न यस आ.व. मा ४ वटा सहीत हालसम्म १७ वटा आयोजनाहरू सम्पन्न भइ ७६७७३ जनसंख्या लाभान्वित भएको।
- तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तरगत निर्माण चरणमा रहेका १० ओटा आयोजनाहरुको निर्माण कार्य निरन्तर चलिरहेको, खरिद प्रक्रियामा रहेका ५ ओटा आयोजनाहरुमा पनि निर्माण कार्य शुरु भएको, डिजाइन प्रतिवेदन तयारी सम्पन्न भएको ५ ओटा आयोजनाहरुमध्ये १ ओटा आयोजनाको निर्माण कार्य शुरु भएको, २ ओटा आयोजनाहरुको छिट्टै निर्माण कार्य शुरु हुने।
- मेलम्ची चरण -१
  - हेडवर्कसमा १९५ निर्माण कार्य भएको ४०००० घ.मी. ओपनकट भएको ५ गोटा बेन्च तयार गरि रक सपोर्टको कार्य गरिएको हेडवर्कस प्रवेशमार्गको मर्मत सम्भमार गरिएको।
  - सुरुङ्ग निर्माण -४.३१ कि.मी. सुन्दरीजल-सिन्धु खण्डको ९.४ कि.मी. सुरुङ्ग जोडिएको। हालसम्ममा २२.२४ कि.मी. (८०.६०५० निर्माण भएको
  - पानी प्रशोधन भाग १ - ९८५ निर्माण कार्य सम्पन्न इलेक्ट्रो मेकानिकल, पाइप, भल्भ तथा फिटिङ्ग को ७०५ जडान कार्य सम्पन्न
- मेलम्ची चरण - २
  - दोस्रो चरणको DPR तयार गर्ने कार्यका लागि परामर्शदाता छनौट गरिएको।
- पानी प्रशोधन केन्द्रको क्षमता विस्तार (पानी प्रशोधन केन्द्र भाग-२) गर्ने कार्यको लागि परामर्शदाता तथा निर्माण व्यवशायी छनौट गरिएको।
- थोक वितरण प्रणाली अन्तर्गत ५१.०० कि.मि. पाइप लाइन मध्ये १०.९१ कि.मि पाइप लाइन विच्छाइएको।
- हनुमन्ते नदीमा र मनोहरा नदीमा ढल इन्टरसेप्टर निर्माण गर्ने कार्यको ०.२८५ कि.मि. ढल विछ्याइएको।
- विभिन्न स्थानमा ढल प्रशोधन केन्द्र निर्माण गर्न गुहेश्वरी ढल प्रशोधन केन्द्र निर्माणको Basic Design स्वीकृत भएको।

### ३.३.४ जनसंख्या तथा वातावरण मन्त्रालय

- वातावरणीय प्रभाव मूल्याकन प्रक्रिया सरलीकरण गरी वातावरण संरक्षण नियमावली, २०५४ को पाँचौ संशोधन भएको।
- मध्यपश्चिम र सुदुर पश्चिम विकास क्षेत्रका १४ जिल्लामा जलवायु परिवर्तनको असर र प्रभाव सम्बोधन गर्न क्षमता विकास कार्यक्रम सम्पन्न हाल सम्म १०० Local Adaptation Plan of Action (LAPA) कार्यान्वयन भएको।
- प्लाष्टिक तथा पोलिप्रोपिलिन झोला मुक्त नेपाल बारेको सार्वजनिक सूचना प्रचारप्रसार गरिएको।

- १५६९१ बायोग्यास प्लान्ट १७८० वटा शहरी सौर्य ऊर्जा २२९६१ वटा सुधारिएको चुलो र ९२९१ वटा घरेलु सौर्य बिद्युत प्रणाली जडान भएको।
- नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि,२०७३ स्वीकृत भएको।
- वालवालिकाहरुका लागि प्रयोग हुने खेलौनामा Heavy Metals (गह्रौं धातु) लगायतका तत्व तथा अन्य रासायनिक पदार्थहरुको मापदण्ड, २०७३ स्वीकृत भएको।
- Paris Aggrement On Climate Change व्यवस्थापिका संसदबाट अनुमोदन भएको।
- जलवायु अनुकुलित गाउँ कार्यक्रम संचालन कार्यविधि, २०७३ स्वीकृत भएको।
- सफा टेम्पोमा प्रयोग हुने Deep Cycle Lead Acid Battery सिफारिश सम्वन्धी कार्यविधि स्वीकृत भएको।
- मौसमी पूर्वानुमान सेवा १ दिन पूर्व प्रदान गर्दै आएकोमा ३ दिन पूर्व प्रदान गर्न सुरु गरिएको।
- राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रियाको लागि हरित जलवायु कोषबाट अमेरिकी डलर २.९ मिलियन (२९ लाख) अनुदान सहयोग प्राप्त गर्न पहिलो राष्ट्रको रुपमा नेपाल सफल भएको।
- वातावरणीय मापदण्ड पालना नगर्ने २ उद्योगहरुलाई जरीवाना गरिएको।
- विभिन्न क्षेत्रका ११ वटा आयोजनाहरुको EIA र ३ वटा आयोजनाहरुको SEIA स्वीकृत भएको साथै २४ वटा आयोजनाहरुको SD/ToR स्वीकृत भएको।
- वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत नगराई संचालनमा आएका ३ वटा आयोजनाहरु (मेडिकल कलेज, शिक्षण अस्पताल र अस्पताल) लाई कारवाही गरी वातावरणीय प्रभाव मूल्यांकनको प्रक्रियामा ल्याईएको।

### ३.३.५ महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय

- ५१ वटा संस्थाको कार्यक्रमको अनुगमन मूल्यांकन कार्य अघि बढेको।
- प्रत्येक अन्चलबाट पर्ने गरी महिला रेखदेख केन्द्र स्थापना र सेवा कार्यक्रम संचालन गर्न ३० महिला संस्थालाई अनुदान प्रदान।
- बालबालिका उपर हुने ज्यादती विरुद्ध कार्यक्रम गर्न १८८ संस्थालाई अनुदान प्रदान।
- हिंसापीडित महिला र किशोरीहरुलाई पुनर्स्थापना गर्न मंगला-सहाना पुनर्स्थापना केन्द्र संचालनमा निरन्तरता दिइएको।
- महिला हिंसा विरुद्ध, बालबालिकामाथि हुने ज्यादती विरुद्ध, जेष्ठ नागरिक संरक्षणका लागि विभिन्न संचारका माध्यमबाट जनचेतनामूलक कार्यक्रम नियमित रुपमा संचालन भैरहेको।
- जेष्ठ नागरिकका लागि काम गर्ने २२२ वटा संस्थाका लागि अनुदान उपलब्ध गराइएको। ८७ वटा जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालनमा ल्याइएको।
- बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २००२ कर्यान्वयनमा रहेको।
- वेवारिसे ४४ जना बालकालिकाको संरक्षणका लागि सहयोग दिइएको।
- हराएका ८९३ जना बालबालिकाको खोजी गरी २०८ जना र वेवारिसे १८५ गरी जम्मा ३९० जनालाई पुनर्मिलन तथा बालगृहमा संरक्षण गरिएको।

- जोखिमपूर्ण रुपमा रहेका ६९९ जना बालबालिकाको आपतकालिन उद्दार गरी पुनर्स्थापना गरिएको।
- ३५९० महिला समूह र ५४२ समिति गठन गरी ९५४५ जनालाई अनुशिक्षण र १९५३ लाई आधारभूत तालिम प्रदान गरिएको।
- १२ वटा मुक्त कम्लहरी समूह गठन र वादी समुदायका ६० जनालाई प्रशिक्षण दिइएको।

### ३.३.६ युवा तथा खेलकुद मन्त्रालय

- मन्त्रालय, राष्ट्रिय युवा परिषद र NRN को संयुक्त आयोजनामा युवाहरुमा सामाजिक उद्यमशिलताको विकास, उद्यमशिलता नै देश निर्माणको आधार भन्ने नाराका साथ २०७३ असोज १५ र १६ गते १५ बुँदे बोडे घोषणापत्र जारी भएको।
- विभिन्न क्षेत्रमा ख्याति प्राप्त १० जना युवा तथा सम्बन्धित संघ संस्थालाई अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा जनही रु. १ लाख नगद र ताम्रपत्र सहित सम्मान।
- काठमाडौंको मूलपानी क्रिकेट मैदानमा दुबो लगाउने कार्य सम्पन्न भई आधा भाग प्याराफिट निर्माण सम्पन्न भएको।

## ३.४. सार्वजनिक सेवा प्रवाह र सुशासन

### ३.४.१ अख्तियार दुरूपयोग अनुसन्धान आयोग

- विभिन्न मन्त्रालय/ निकायहरू विच फोकल प्वाइन्ट वैठकहरू आयोजना गरिएको।
- केन्द्र तथा मातहतका कार्यालयहरु मार्फत भ्रष्टाचार विरुद्ध जनचेतनामूलक २१ वटा सामुदायिक शिक्षा कार्यक्रम गरिएको।
- रेडियो, एफ.एम. मार्फत भ्रष्टाचार नियन्त्रण सम्बन्धी चेतनामूलक सूचनाहरु प्रशारण गरिएको।
- केन्द्रमा एनेक्स भवन र इटहरी, हेटौडा, बुटवल, नेपालगंज तथा महेन्द्रनगरमा प्रशासकीय भवनहरुको स्ट्रक्चरको निर्माण सम्पन्न भएको।

### ३.४.२ निर्वाचन आयोग

- निर्वाचन आयोग सम्बन्धी ऐन, राजनीतिक दल सम्बन्धी ऐन, मतदाता नामावली सम्बन्धी ऐन, निर्वाचन (कसुर तथा सजाय) सम्बन्धी ऐन र स्थानीय तहको निर्वाचन सम्बन्धी ऐनहरुको विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमा गरिएको।
- निर्वाचन सञ्चालन दिग्दर्शन तयार गरिएको।
- थप २,६९,११७ जनाको मतदाता नामावली नाम दर्ता भएको।
- आयोगको दोश्रो पञ्चवर्षिय रणनीतिक योजना, २०७१/७२ - २०७५/७६ को मध्यावधि मूल्यांकन गरी उक्त रणनीतिक योजनामा परिमार्जन सहित बाँकी ३ वर्षको कार्य योजना निर्माण गरिएको।

### ३.४.३ लोक सेवा आयोग

- वार्षिक कार्यतालिका अनुसार परीक्षा सञ्चालन, नतिजा प्रकाशन र अन्तरवार्ता कार्य भएको।
- सुरक्षा निकाय, संघ संस्थानहरुको विभिन्न पदहरुको परीक्षा सञ्चालन र नतिजा प्रकाशन भएको।

- विभिन्न सेवा समूहहरुको नयाँ पाठ्यक्रम निर्माण तथा परिमार्जन भएको।
- क्षेत्रीय निर्देशनालय दिपायल र सुर्खेतमा नयाँ भवन निर्माण कार्य सम्पन्न भएको।

### ३.४.४ महालेखा परीक्षकको कार्यालय

- कम्प्युटर नेटवर्किङ तथा EWP को कार्य सम्पन्न गरिएको।

### ३.४.५ राष्ट्रिय मानव अधिकार आयोग

- मानव अधिकार उल्लंघनका उजुरी तथा घटनाहरुको अनुसन्धान तथा पिडकलाई कारवाही तथा पीडितलाई क्षतिपूर्तिको लागि सिफारिस गरिएको।
- मानव अधिकारको विषयमा जर्नल तथा मासिक पत्र प्रकाशन गरिएको।
- आप्रबासी कामदारको मानव अधिकार संरक्षणकालागि कतारको मानव अधिकार आयोगसँग MOU गरिएको।

### ३.४.६ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

- सार्वजनिक खरिद ऐन र नियमावलीलाई समय सापेक्ष संशोधन गरिएको।
- विद्युतीय खरिद प्रणाली संचालन मार्ग निर्देशिका तयार भइ जारी भएको।
- नमुना कागजात/डकुमेन्टको तयारी भएको।

### ३.४.७ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

- नेपालको संविधानबमोजिम नयाँ कानुनको तर्जुमा गर्न विज्ञहरूको समूहलाई कार्यदिश दिई तर्जुमाको कार्य प्रारम्भ भएको। साथै, विभिन्न मन्त्रालयहरूले तर्जुमा गर्नुपर्ने कानुनहरूको पहिचान गरी त्यसको सूची मन्त्रालयहरूमा पठाइएको।

### ३.४.८ गृह मन्त्रालय

- प्रकोप व्यवस्थापनका लागि तत्कालिन, मध्यकालीन र दीर्घकालीन रणनीति बनाइएको।
- गृह मन्त्रालयसँग सम्बन्धित निर्वाचन सम्बन्धी कानुनको लागि विधेयक पेश गरिएको।
- प्रहरी कर्मचारीहरुको व्यक्तिगत नोकरी अभिलेख कम्प्युटर प्रणालीमा प्रविष्ट गर्ने कार्य भएको।

### ३.४.९ परराष्ट्र मन्त्रालय

- राहदानी प्राप्त गर्न अनलाइन मार्फत निवेदन गर्न सकिने प्रणाली कार्यान्वयनमा आइसकेको छ। Nepal Passport नामक Mobile Application बनाई लागु गरिएको र यसबाट पनि अनलाइन निवेदन गर्न सकिने व्यवस्था गरिएको।
- सम्माननीय प्रधानमन्त्रीहरुको राजकीय भ्रमणमा सहमती भए बमोजिम परराष्ट्र सचिवको संयोजकत्वमा सरोकारवाला निकायहरुको सहभागितामा अनुगमन समिति गठन भई प्रगति समीक्षा गर्ने र कार्यान्वयन गर्न बाँकी रहेका सहमतीहरुलाई अगाडि बढाउने कार्य भएको।
- नेपाल र भारत दुवैतर्फबाट गठन भएको प्रवुद्ध समूहले नेपाल-भारत बीच भएका सन्धी सम्झौताको पुनरावलोकनका लागि कार्य गरिरहेको।

### ३.४.१० रक्षा मन्त्रालय

- युवालाई राष्ट्रप्रति समर्पित, देशभक्त र अनुशासित बनाउने उद्देश्यले २ हजार युवाहरुलाई तालिम दिने कार्य भइरहेको।

### ३.४.११ शान्ति तथा पुनर्निर्माण मन्त्रालय

- सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगबाट उजुरी आह्वान गरी प्रारम्भिक अनुसन्धानको कार्य भइरहेको।
- सशस्त्र द्वन्दको क्रममा मृतक तथा बेपत्ता पारिएका व्यक्तिका हकदारलाई ५ लाख नबढ्ने गरी राहत उपलब्ध गराइएको। जनआन्दोलनका घाइते, घाइतेका सन्तति, शहिद परिवार र अंगभङ्ग भएकाहरुलाई मासिक वृत्ति तथा भत्ता र राहत उपलब्ध गराइएको।
- १० जिल्लामा करिब २५०० द्वन्द्व पिडितलाई समुदायमा आधारित मनोसामाजिक परामर्श सेवा उपलव्ध गराइएको।
- २० जिल्लामा करिब ३००० द्वन्द्व पिडित बालबालिकालाई शैक्षिक सहयोग वितरण गरिएको, १६६ जना बालबालिका लाई स्वास्थ्य सहयोग र १७७ जना बालबालिकालाई मनोसामाजिक परामर्श सेवा र १५० बालबालिकालाई जिविकोपार्जन सहयोग उपलब्ध गराइएको र २८ विद्यालयलाई विद्यालय शान्ति क्षेत्र घोषणा गरिएको।
- पूर्वाञ्चलका १६ जिल्लाका द्वन्द्वपिडित घाइते तथा अपांगता भएका व्यक्तिहरुमध्ये १० जनालाई शल्यक्रिया सेवा, २०४ जनालाई स्वास्थोपचार सेवा, १४२ जना अपांगलाई कृतिम अंग तथा मर्मत सेवा र करिब ३०० जनालाई विभिन्न पुनस्थापना सेवा उपलब्ध गराईको।

### ३.४.१२ सामान्य प्रशासन मन्त्रालय

- राष्ट्रसेवकहरुको निवृत्तिभरण योगदानमा आधारित बनाउने गरी समग्र निवृत्तिभरण व्यवस्थामा सुधार गर्न निजामती सेवा ऐन २०४९ को संशोधनमा समावेश गरि ऐन संशोधनको क्रममा रहेको।
- स्वच्छ, पारदर्शी र सेवाग्राही–मैत्री निजामती सेवा विकास गर्न निजामती अस्पताल र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान सँग कार्य सम्पादन संझौता गरिएको। विभागिय प्रमुख र आयोजना प्रमुखलाई सरुवा सहमति प्रदान गर्दा नै कर्मचारीको कार्यसम्पादन करार गर्न निर्देशित गरिएको। कार्य सम्पादन मूल्याङ्कन गर्दा कार्यसम्पादन करार सम्झौतालाई समेत आधार लिन परिपत्र गरिएको।
- प्रशिक्षण कार्यक्रमहरु अन्तर्गत नवनियुक्त राजपत्रांकित तृतीय श्रेणीका ११७ जना अधिकृतहरुलाई ४ समुहमा बिभाजन गरी ३ महिने र सामान्य प्रशासनतर्फका २८० जनालाई १० समुहमा बिभाजन गरी ६ महिने सेवा प्रवेश आधारभूत प्रशासन प्रशिक्षण संचालन भैरहेको।

### ३.४.१३ सार्वजनिक संस्थान व्यवस्थापन

- सार्वजनिक संस्थानमा समीक्षा अवधिमा रु. ३७ करोड ८६ लाख ३४ हजार ऋण लगानी भएको।
- बुटवल धागो कारखाना र वीरगन्ज चिनी कारखानालाई पुन: संचालनमा ल्याउन निजीकरण समितिबाट लिज Modality मा संचालन गर्ने निर्णय भएको।

- सरकारी स्वामित्वमा रहेका नेशनल ट्रेडिङ्ग लिमिटेड, नेपाल खाद्य संस्थान, कृषि सामग्री कम्पनी लिमिटेड र दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड जस्ता संस्थानहरुलाई गाभेर राष्ट्रिय आपूर्ति कम्पनी निर्माण गर्न अर्थ मन्त्रालय संस्थान समन्वय महाशाखा प्रमुख (सहसचिव) को संयोजकत्वमा सरोकारवाला मन्त्रालयहरुको समेत सहभागितामा समिति गठन भएको।
- नेपाल वायुसेवा निगमलाई २ वटा वाइड बडि विमान ल्याउनका लागि नेपाल सरकारको जमानीमा वित्तीय संस्थाहरुबाट ऋण लिन सहमति प्रदान गरिएको।

विभिन्न मन्त्रालय/निकायहरूबाट प्राप्त विवरणहरूको विश्लेषण गरी हेर्दा प्राप्त उपलब्धिहरू सन्तोषजनक देखिएनन्। यस्तो हुनुमा आधारभूत रूपमा सम्पादन गर्नु पर्ने कार्यसम्पादन हुन नसकेर वा प्रतिवेदन नभएर हो, यसमा सुधार हुनु पर्ने देखिन्छ।

# परिच्छेद ४
# राष्ट्रिय पुनर्निर्माण

## ४.१ पृष्ठभुमी

भूकम्प पछिको पुनर्निर्माण र पुनस्थापनाका लागि भौतिक संरचनाको पुनर्निर्माण तथा सामाजिक आर्थिक पुनरुत्थानका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना संगै सुदृढ एवं प्रभावकारी ढंगले पुनर्निर्माणको कार्यलाई अगाडी वढाएको छ। भूकम्पबाट अति प्रभावित १४ र प्रभावित १७ जिल्ला गरी कुल ३१ वटा जिल्लामा पुनर्निर्माणको कार्यलाई तीव्रताका साथ संचालन गर्न नीतिगत तथा संस्थागत आधारहरु तयार हुनुका साथै निजी आवास अनुदान वितरणको क्षेत्रमा महत्वपुर्ण प्रगति भएको छ। यसैका लागि भूकम्पबाट प्रभावित संरचनाको पुननिर्माण सम्बन्धी ऐन तथा नियमावली, २०७२ का साथै पुनर्स्थापना सम्बन्धी नीति, २०७२ तयार भएको छ। पुनर्निर्माणको बांकी चार वर्ष भित्र Post Disaster Recovery Framework (PDRF) ले तोके वमोजिमका क्षेत्रमा उल्लेखित कार्यक्रमहरु सम्पन्न गर्ने गरी प्राधिकरणले कार्य गरिरहेको छ।

## ४.२ अद्यावधिक स्थिति र प्रगति

### ४.२.१ आवास अनुदान वितरण र निर्माण

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मातहत रहने गरी स्थापना भएको केन्द्रीय आयोजना कार्यान्वयन इकाई मार्फत भूकम्प अति प्रभावित १४ जिल्लामा लाभग्राहीहरु संग सम्झौता गरी पहिलो किस्ताको रु.५० हजार वितरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ भने पहिलो किस्ता प्राप्त गरी आधारभुत तह निर्माण गरिसकेका लाभग्राहीहरुको लागि दोश्रो किस्ता वापतको रकम वितरणका लागि प्राविधिक निरीक्षण पश्चात अनुदान वितरण कार्य शुरुवात भएको छ। यस सिलसिलामा ५ लाख ५० हजार २ सय ४२ जना लाभग्राही घरधनीसंग अनुदान सम्झौता भै सकेको र ५ लाख १० हजार १ सय ३० लाभग्राहीहरुको खातामा पहिलो किस्ता वापतको रकम जम्मा भइसकेको छ। भूकम्पबाट प्रभावित १७ जिल्लाको लागि Verification Model मा विस्तृत इन्जिनियरिङ्ग सर्भे र भूकम्प प्रभावित घरधनीको सूची तयार भई क्षतिग्रस्त घरहरुको सर्भेक्षण कार्य प्रारम्भ भएको छ।

भूकम्पपीडितहरुलाई नेपाल सरकारले उपलब्ध गराउने अनुदान रकम साविकको रु. २ लाखमा रु. १ लाख वृद्धि गरी रु. ३ लाख पुऱ्याइएको छ। अनुदान रकम वृद्धि भएसँगै दोस्रो किस्ताको लागि रु. १ लाख ५० हजार अनुदान वितरण कार्यको शुरुवात भएको छ।



### ४.२.२ पुरातात्विक सम्पदा पुननिर्माण

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहतमा रहेको केन्द्रीय आयोजना कार्यान्वयन इकाईबाट १३२ वटा पुरातात्विक महत्वका सम्पदाको कार्यक्रम स्वीकृत भइसकेको छ। ४८ वटा सम्पदाको सम्झौता भइसकेको छ भने ४४ वटाको सूचना प्रकाशित भइसकेको छ। २१७ वटाको आशय पत्र पेश भइसकेका छन। पशुपति क्षेत्रभित्रको सत्तल तथा मन्दिरहरुको डिजाइन तथा वोलपत्र मूल्यांकनको कार्य भै रहेको छ। गैरसरकारी क्षेत्रबाट १४ वटा सम्पदाको निर्माण कार्य सम्पन्न भइसकेको छ।

### ४.२.३ विद्यालय भवन पुनर्निर्माण

शिक्षा मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाई मार्फत क्षतिग्रस्त विद्यालय भवन पुनर्निर्माण कार्य थालनी भएको छ। हालसम्म १२९ वटा विद्यालय निर्माणधीन रहेका छन्। ४६४ क्षति भएका विद्यालयको पहिचान भई निर्माण प्रक्रिया अगाडी बढाइएको छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुको पुनर्निर्माणका लागि मोडालिटी तयार गरी कार्यक्रम स्वीकृतिको क्रममा रहेको छ। गैर सरकारी संस्थामार्फत पूर्ण रुपले पुनर्निर्माण सञ्चालन भएका विद्यालयको संरचना संख्या ४८० पुगेको छ।

### ४.२.४ भौतिक संरचना पुनर्निर्माण

संरचना निर्माणको कार्यलाई प्राथमिकतामा राख्दै हालसम्म ११६५ जना प्राविधिकहरुलाई आवास निर्माणका लागि TOT उपलब्ध गराइएको छ। नेपाली सेना, सशस्त्र प्रहरी सहितको सहभागीतामा TOT तालिम सञ्चालन गरिएको छ। राष्ट्रपति कार्यालयमा अस्थायी कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ भने सिहदरवार मुख्य प्रशासनिक भवनको रेट्रोफिटिङ कार्यको Design Report तयार भएको छ। ८ वटा राणाकालिन भवनहरु (सिंहदरवार पश्चिम लङ्ग, ग्यालरी वैठक, केशरमहल ववरमहल, श्रीमहल, जुद्ध वारुण यन्त्र, केन्द्रीय कानुन पुस्तकालय, रानीपोखरी र केन्द्रीय वाल कल्याण कार्यालय नक्साल) को Detail Damage Assessment का लागि परामर्शदातावाट Draft Final Report तयार भइसकेको छ। नेपाल राष्ट्र बैंक थापाथली र वालुवाटारका भवन निर्माण गर्न परामर्शदातासंग सम्झौता भै सकेको छ। सिन्धुली, रामेछाप तथा धादिङमा एकिकृत कार्यालय भवन निर्माण कार्य शुरु भएको छ।

### ४.२.५ गुनासो व्यवस्थापन

लाभग्राहीको सूचीमा नपरेका घरधनीहरुले दर्ता गराएको २ लाख ४ हजार गुनासोमध्ये ९३ हजार गुनासो पुनरावलोकन भईसकेका छन्। जसमध्ये ८३ हजार गुनासो कार्यसमितिले फछ्यौट गर्ने गरी निर्णय गरेको छ। लाभग्राहीमा पर्ने गरी फछ्यौट भएका गुनासोहरुको कार्यन्वयनका लागि पुन: सर्भेक्षण गर्नुपर्ने र स्थलगत निरीक्षण गर्नुपर्ने कार्य बाँकी छ।

## ४.३ समस्या तथा चुनौती

छनोट भएका लाभग्राही घरधनीहरुले अनुदान सम्झौता गर्न आवश्यक जग्गाको स्वामित्व सम्वन्धी लालपुर्जा लगायतका कागजात उपलब्ध गराउन जटिलता रहनु, ऐलानी जग्गा, गुठी जग्गा, सुकुम्वासी समस्याको समाधानमा ढिलाई रहनु, स्थानीयस्तरमा युवा जनशक्ति वैदेशिक रोजगारीका लागि पलायन हुँदा निर्माण कार्यका लागि जनशक्तिको अभाव हुनु, क्षति अनुपातमा न्यून बजेट रहनुका साथै वैदेशिक

तर्फको श्रोत परिचालनमा लचकता नहुनु, लाभग्राहीको सूचीमा नपरेर गुनासो गर्नेहरुको संख्या बढदै जानु जस्ता कारणले क्षतिग्रस्त आवास पुनर्निर्माण ढिलाई भएको छ। क्षतिग्रस्त विद्यालय निर्माणको लागि बजेटको कमी, स्थानीय स्तरमा जनशक्तिको अभाव तथा प्राविधिक जनशक्तिको लागि पर्याप्त क्षमता विकास तथा प्रोत्साहनको कमीले सुपरिवेक्षण कार्यमा समस्या उत्पन्न भएको छ। पुरातात्विक महत्वको सम्पदाको निर्माणका लागि परम्परागत निर्माण सामाग्री तथा सीपयुक्त कालीगढहरुको अभाव तथा पुरातात्विक मापदण्ड वमोजिमको बजेट नहुनु जस्ता कारणले पुरातात्विक महत्वका संरचना निर्माणमा ढिलाई भएको छ।

## ४.४ अवसर

छरिएर रहेको वस्तीको वदला एकीकृत तथा संयुक्त वस्तीको विकास गर्नु, स्थानीयस्तरमा सञ्चालित रहने आयोजनाहरुको दिगोपनाका लागि समुदायमा चेतनशीलताको विकास हुनु, भूकम्पले क्षतिग्रस्त संरचनाको निर्माणका लागि निकायगत समन्वय र सहकार्य बढेर जानु, निश्चित ढाँचाका भूकम्प प्रतिरोधी आवास निर्माण हुनुका साथै योजनावद्ध ढंगले व्यवस्थित आवास योजना तयार हुनु, जोखिम युक्त वस्तीको पहिचानका र सुरक्षित वासस्थान विकल्पका रुपमा खोजिनु, नागरिकमा वढ्दो एकिकृत वस्तीको चाहनाका साथै भूकम्प प्रतिरोधी र समावेशी संरचनाको पुननिर्माणको लागि वढ्दो सचेतना, विपद-प्रकोप व्यवस्थापनका लागि भएका अन्तराष्ट्रिय प्रयासको खोजी गरिदै विपद जोखिमको सामना गर्न सक्षमता हासिल गर्नु आदि अवसरको रुपमा रहेका छन्।

# परिच्छेद ५
# सुधारका प्रयास

## ५.१ बजेट कार्यान्वयनलाई तिव्रता दिन गरिएका प्रयासहरू

बजेट मार्फत चालु आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण गरिनुका साथै कुन कुन क्षेत्रबाट के कति राजस्व असुल गर्ने र कुन क्षेत्रमा के कति खर्च गर्ने हो सो उल्लेख गरिएको हुन्छ। यसमा व्यवस्था भएका कार्यक्रमहरु जनतासंग प्रत्यक्ष सरोकार राख्ने विषय भएको हुँदा यसको कार्यान्वयनमा मितव्यिता, अनुशासन, पारदर्शिता र जवाफदेहिता आवश्यक हुनु पर्दछ र आगामी आर्थिक वर्षको बजेट मार्फत जनतालाई जवाफ समेत पनि दिनुपर्ने हुँदा यसको सही कार्यान्वयनमा अत्यन्त संवेदनशिल समेत हुनुपर्दछ। जनताको हीत अनुसार बजेट उत्पादनशील र नतिजामुखी तवरले कार्यान्वयन गर्दै जानुको साथै यसको सुक्ष्म अध्ययन गर्दै कमी कमजोरीमा सुधार ल्याउनु आवश्यक हुन्छ। चालु आ.ब. मा पनि बजेट कार्यान्वयनलाई उपलब्धीमुलक वनाउन र प्रभावकारी कार्यान्वयन गर्ने सम्वन्धमा निम्न सुधारका प्रयासहरु गरिएका छन्ः

- चालु आर्थिक वर्षको लागि २०७३ जेठ १५ मा व्यवस्थापिका-संसदमा बजेट प्रस्तुत गरी २०७३ असारभित्रै पारित समेत भई सोही बमोजिम बजेट कार्यान्वयनको लागि २०७३ असार ३१ गते नै अख्तियारी पठाइएको।
- २०७३ साउन ७ गते भित्रै कार्यक्रम स्वीकृत गराउने, साउन १५ गते भित्र सबै विनियोजित बजेटको अख्तियारी कार्यान्वयन इकाईमा पठाउने ब्यवस्था मिलाउन र विनियोजित बजेट खण्डिकरण नगर्ने तथा अबण्डामा नराख्ने ब्यवस्था सहितको अख्तियारी पठाइएको।
- नयाँ कार्यक्रमका लागि थप बजेट माग नगरी विनियोजित बजेट कार्यान्वयन गर्ने गराउने, २०७३ फागुन मसान्तसम्म काम सुरु नभएका कार्यक्रमहरुको सम्पूर्ण बजेट २०७३ चैत्र १ गतेभित्र फिर्ता गर्नुपर्ने ब्यवस्था गरिएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट भएका आयोजना तथा कार्यक्रमहरुको मात्र कार्यक्रम स्वीकृत गर्ने, LMBIS मा क्रियाकलाप यकिन नगरी एकमुष्ट बजेट राखिएको वा एकाइ फरक परेको वा दोहोरो परेको भए कारण र पुष्ट्याई सहित मात्र LMBIS मा प्रविष्ट गराएर कार्यक्रम स्वीकृत गराउने ब्यवस्था मिलाइएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) को तालीम कार्यक्रमलाई जिल्लास्तरीय तहसम्म विस्तार गरिएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट भई स्वीकृत चौमासिक विभाजन सहितको कार्यक्रमहरुको मात्र भुक्तानी दिने ब्यवस्था गरिएको।
- साउन मसान्तभित्र आयोजनाको विस्तृत डिजाइन र लागत अनुमान तयार गरी भदौ मसान्तभित्र बोलपत्र आह्वान गर्ने, कार्तिक मसान्तभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्ने र मंसिर मसान्तभित्र काम शुरु गर्ने गरी कार्यादेश दिने ब्यवस्था गरिएको।
- तोकिएको समयभित्र कार्य शुरु नगर्ने र आयोजना कार्यान्वयनमा कार्ययोजना अनुरुप काम नगर्ने निर्माणब्यवसायीसंगको ठेक्का सम्झौता रद्ध गर्ने ब्यवस्था गरिएको।

- निर्धारित समय र लागतमा काम सम्पन्न गर्ने र निर्माण गुणस्तर कायम गर्ने । आयोजना प्रमुख तथा निर्माण व्यवसायी परिणाम प्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने व्यवस्था गरिएको।
- आर्थिक वर्ष २०७२/७३ सम्म वहुवर्षीय ठेक्कामा गएका आयोजना तथा कार्यक्रमहरुका लागि विनियोजित बजेटबाटै आवश्यक रकम छुट्याइ कार्यक्रम स्वीकृत गर्नुपर्ने र बहुवर्षीय ठेक्का सम्झौताबाट सिर्जित दायित्वको लागि प्रयाप्त बजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रमहरुमा बाँडफाँड गर्ने व्यवस्था गरिएको।
- त्रिवर्षीय खर्च अनुमानको सीमाभित्र रही राष्ट्रिय गौरवका आयोजना र प्रथम प्राथमिकता प्राप्त आयोजनाहरुको हकमा राष्ट्रिय योजना आयोगबाट स्वीकृत कार्यक्रमका आधारमा बहुवर्षीय ठेक्का लगाउन सकिने, ठेक्का सम्झौता पश्चात सोको जानकारी अर्थ मन्त्रालयलाई गराउनु पर्ने, त्रिवर्षीय खर्च अनुमानको सीमा भन्दा बढी रकमको ठेक्का लगाएमा अर्थ मन्त्रालयले स्रोत उपलब्धता नगराउने र यसरी बढी रकमको ठेक्का लगाउनु पर्ने भएमा पर्याप्त पुष्ट्याई सहित अर्थ मन्त्रालयको पूर्व सहमती लिनु पर्ने व्यवस्था गरिएको।
- अख्तियारी प्राप्त बजेटको प्रभावकारी कार्यान्वयनको लागि समयसीमा सहितको कार्ययोजना बनाई कार्यसम्पादन गर्ने व्यवस्था गरिएको, अर्थ मन्त्रालयबाट बजेट कार्यान्वयनको स्थितिको निरन्तर अनुगमन गर्ने र कम उपलब्धी देखिएका आयोजनाहरुका लागि विनियोजित बजेट विनियोजन ऐनको परिधिभित्र रही राम्रो प्रगति भएका अन्य आयोजनालाई आवश्यकता अनुरुप रकमान्तर गर्ने व्यवस्था गरिएको।
- बैदेशिक सहायतामा सञ्चालित आयोजनाहरुको बजेट खर्चलाई आयोजनाले गरेको खर्च, कार्यान्वयनबाट प्राप्त नतिजा र समयमै वित्तीय तथा लेखा परिक्षण प्रतिवेदन सम्बन्धी कार्य गरे नगरेको विषयसँग आवद्ध गरिएको, सोधभर्ना हुनु पर्ने रकम सोधभर्ना नभएकोमा सम्बन्धित आयोजना प्रमुख र लेखा प्रमुखलाई प्रचलित कानुन अनुसार कारवाही गर्ने व्यवस्था गरिएको।
- भूकम्पबाट प्राभावित संरचनाहरुको पुनर्निर्माण सम्बन्धी ऐन २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२, राष्ट्रिय योजना आयोगबाट प्रकाशित Post Disaster Need Assessment-PDNA र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्रकाशित Post Disaster Recovery Framework- PDRF को परिधिभित्र रही पुनर्निर्माण सम्बन्धी विस्तृत कार्यक्रमको लागि स्रोत यकिन गरी निकासा दिने व्यवस्था गरिएको।
- कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि मन्त्रालय निकायले विभागीय प्रमुख र विभागीय प्रमुखले आयोजना प्रमुखसंग भदौ १५ गतेभित्र कार्यसम्पादन सम्झौता गर्नुपर्ने र बस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजाय गर्ने व्यवस्था गरिएको।
- आयोजना कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) भाद्र १५ गते भित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेवसाइटमार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको।
- सरकारी कार्यालयहरु र अनुदान जाने निकायहरुको आम्दानी र खर्चको विवरण मासिक रुपमा प्रकाशन गर्नु पर्ने र स्थानीय निकायलाई जाने सशर्त र निशर्त अनुदान र राजस्व आम्दानीको विवरण छुट्टै होर्डिङ बोर्ड बनाई सर्वसाधारणले देख्ने गरी राख्नु पर्ने व्यवस्था गरिएको।
- ठूला आयोजना र महत्वपूर्ण कार्यक्रमहरुको अनुगमन सम्माननीय प्रधानमन्त्रीबाट गरिने व्यवस्था गरिएको।

- रु २५ करोड भन्दा बढी विनियोजन भएका छानिएका आयोजना तथा कार्यक्रमको कार्यान्वयनको प्रगति समीक्षा अर्थमन्त्रीको अध्यक्षतामा प्रत्येक २ महिनामा गरिने ब्यवस्था गरिएको।
- सार्वजनिक निकायमा स्वदेशी बस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका २०६९ अनुसार मालसामान तथा बस्तु खरीद गर्ने ब्यवस्था गरिएको।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने ब्यवस्था मिलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिने ब्यवस्थालाई कार्यान्वयनमा ल्याइएको।

## ५.२ यस मध्यावधी अवधिभित्र चालिएका कदमहरु

### ५.२.१ पूँजिगत खर्च बृद्धिका प्रयासहरु

कार्तिकको अन्तिम हप्ता र मंसिरको पहिलो हप्ता पूँजीगत बजेट बढी विनियोजन भएका मन्त्रालयहरुसँग अर्थ मन्त्रालयमा छुट्टा छुट्टै छलफल गरी पूँजीगत खर्च बढाउन मिति २०७३ मंसिर ८ गते कार्यक्रम स्वीकृति र अख्तियारी सम्बन्धी विषय, बजेट कार्यन्वयन र बजेट फिर्ता गर्ने विषय, बजेट खर्च गर्ने र कार्यान्वयन गर्नेलाई जिम्मेवार र जवाफदेही बनाउने विषय, आयोजनाको नियमित अनुगमन र समीक्षा गर्ने विषय, बैदेशिक भ्रमण र सवारी साधनमा थप बजेट नमाग्ने विषय, लेखाङ्कन र विवरण नियमित रुपमा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जानकारी गराउने विषय, समय तालिका सहित उत्पादनमूलक क्षेत्रमा मितव्ययी ढंगले खर्च गर्ने विषय, निर्धारित समय र लागतमा गुणस्तरीय ढंगबाट खर्च गर्ने र थप नयाँ संगठन र दरबन्दी सिर्जना नगर्ने विषय सहित समावेश गरेर १० बुँदे निर्देशन जारी गरिएको थियो।

### ५.२.२ नयाँ नीति निर्माण सम्बन्धी

आर्थिक विकास एवं समग्र विकास र लगि दिगो आर्थिक बृद्धिका लागि अवलम्वन गर्नुपर्ने आर्थिक नीति तर्जुमाका लागि अर्थ मन्त्रालयका प्रमुख आर्थिक सल्लाहकारको संयोजकत्वमा निर्देशक समिति गठन भई आर्थिक नीति तर्जुमाको चरणमा रहेको

### ५.२.३ समृद्ध नेपालको लागि दिगो आर्थिक विकासको कार्ययोजना

संविधानले निर्दिष्ट गरेको आर्थिक उद्धेश्य हासिल गर्न सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तिव्र आर्थिक वृद्धिदर हासिल गर्दै दिगो आर्थिक विकास गर्ने, आर्थिक विकास गर्दा प्राप्त उपलव्धीको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य तथा शोषणरहित समाजको निर्माणबाट राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर स्वतन्त्र र उन्नतशील बनाउँदै समाजवाद उन्मुख र समृद्ध अर्थतन्त्रको विकास गर्ने राष्ट्रिय अभियान सहित समृद्ध **नेपालको आधार समृद्ध गाउँ नगर, समृद्ध गाउँ नगरको आधार समृद्ध समाज** भन्ने मूल नाराका साथ मुलुकको आर्थिक सामाजिक रुपान्तरणको लागि समृद्ध नेपालको सोचलाई प्रस्तुत गरिएको छ। समष्टिगत आर्थिक स्थायित्व कायम भई उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्न, रोजगारीको अवसर सिर्जना गर्न, आर्थिक असमानता हटाई गरिवी न्यूनीकरण गर्न र समग्र आर्थिक समृद्धिको आधार तयार गर्न सघाउने गरी कार्यान्वयन कार्ययोजना प्रस्तुत गरिएको छ। कार्ययोजनाका लक्ष्यहरु निम्नानुसार छन्।

- आर्थिक वृद्धि ६.५ प्रतिशत हासिल हुने

- ठूला र तत्काल प्रतिफल दिने आयोजनाहरुको लागि विनियोजित पूँजीगत बजेट २०७४ बैसाख मसान्त भित्र ८० प्रतिशत खर्च हुने।
- १ अर्व भन्दामाथिका आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहजीकरणका लागि प्रत्येक ६/६ महिनामा अनुगमन गरिने।
- मुद्रास्फीति ७.५ प्रतिशतमा सिमित राख्ने ।
- स्रोत कम भएका ठुला र तत्काल प्रतिफल दिने आयोजनाहरुको पूँजीगत खर्च ८० प्रतिशत भन्दा बढी हुने गरी स्रोतको सुनिश्चितता दिने।
- पूँजीगत खर्च बढाउन पहिलो चौमासिक अवधिभित्र पनि कार्यक्रम स्वीकृत नगराउने, अख्तियारी नदिने, आयोजनाहरुका लागि आवश्यक कर्मचारी र प्राविधिक उपलब्ध नगराउने पदाधिकारीलाई अख्तियारवालाले कानुन बमोजिम कारवाही गर्ने।
- ठूला तथा छानिएका आयोजनाको प्रभावकारी अनुगमनका लागि द्रुत अनुगमन टोली (Rapid Monitoring Team) परिचालन गर्ने।

### ५.२.४ नयाँ कानुनको निर्माण र विद्यमान कानुनहरुको संशोधन

वित्तीय स्थायित्व कायम गर्ने उद्धेश्यले बैंक तथा वित्तीय संस्थाको स्थापना, संचालन, ब्यवस्थापन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी प्रचलित कानुनमा संशोधन र एकीकरण गरी समयानुकुल बनाइएको बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ब्यवस्थापिका संसदबाट स्वीकृत भएको छ। त्यस्तै बस्तु विनिमय बजारलाई ब्यवस्थित गर्न बस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७३ को विधेयक ब्यवस्थापिका संसदमा पेश भएको छ। निक्षेप तथा कर्जा सुरक्षण कोष विधेयक २०७२, बैङ्किङ कसुर तथा सजाय (पहिलो संशोधन) विधेयक २०७१, लेखापरीक्षण (पहिलो संशोधन) विधेयक २०७१, आर्थिक विधेयक २०७३, नेपाल राष्ट्र बैंक ऐन (दोस्रो संशोधन) विधेयक २०७१ ब्यवस्थापिका संसदबाट पारित भएका छन्।

नेपालको संविधान अनुसार संघीयतालाई संस्थागत गर्नको लागि परिमार्जन, संशोधन एवं नयाँ तर्जुमा गर्नु पर्ने संघीय आर्थिक कार्यविधि सम्बन्धी ऐन, संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा ब्यवस्थापन तथा वित्तीय ब्यवस्था सम्बन्धी ऐन, अन्तरसरकारी वित्तीय ब्यवस्थापन ऐन, नेपाल सरकार संघीय संचित कोषबाट प्रदान गर्ने सशर्त समपूरक विशेष अनुदान सम्बन्धी ऐन, प्रदेश र स्थानीय तहको बजेट पेश गर्ने समय सम्बन्धी ऐन, वित्तीय अनुमान सम्बन्धी ऐन, कर संहिता (Tax Code) ऐन र राजस्व बोर्ड गठन सम्बन्धी ऐनको मस्यौदा तर्जुमा भई छलफलको क्रममा रहेको छ।

त्यसैगरी बोनस (पाचौं संशोधन) विधेयक २०७३, र संघीय आकस्मिक कोष विधेयक २०७३, ब्यवस्थापिका संसदमा पेश भएको छ भने संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन २०५४ संशोधनको लागि प्रस्तावित विधेयक र योगदानमूलक निवृत्तभरण सम्बन्धी कानुनको मस्यौदा तर्जुमा गरी छलफलको क्रममा रहेका छन्। सुरक्षित कारोवार नियमावली र सम्पत्ति सुद्धिकरण (मनी लाउण्ड्रिङ) निवारण नियमावली २०७३ स्वीकृत भई कार्यान्वयनमा रहेको छ।

### ५.२.५ वित्तीय क्षेत्र विकास रणनीति

मुलुक लामो राजनीतिक संकटबाट अगाडि बढिरहेको अवस्थामा विकास र आर्थिक वृद्धि प्रतिको जनचाहना बढदै गएकोछ। सरकारले सन २०२२ सम्ममा आर्थिकस्तरलाई बढाई मुलुकलाई विकासशील देशको स्तरमा पुऱ्याउने लक्ष्य लिएको छ। यो लक्ष्य प्राप्त गर्न वित्तीय प्रणालीले उपलब्ध

वित्तीय स्रोतलाई प्रभावकारी रुपमा वितरण गर्न सक्नु पर्दछ। वित्तिय क्षेत्रले नेपाललाई मध्यम आय भएको अर्थतन्त्रमा स्तरोन्नती गर्न महत्त्वपूर्ण भूमिका खेल्न सकोस भन्ने उद्देश्यका साथ वित्तीय क्षेत्रका विद्यमान चुनौती र कमी कमजोरीलाई सम्बोधन गर्न नेपाल सरकारले एक समन्वयात्मक पद्धति स्थापना गर्न २०७३/७४ देखि २०७७/७८ सम्मका लागि मिति २०७३।९।२२ मा वित्तीय क्षेत्र विकास रणनीति जारी गरेको छ।

जारी वित्तीय क्षेत्र विकास रणनीतिले नेपालको वित्तीय प्रणालीको संरचना निम्न बमोजिम उल्लेख गरेको छ।




वित्तीय क्षेत्रका विद्यमान कमी कमजोरीहरुलाई सम्बोधन गर्ने गरी प्रस्तुत रणनीतिले आन्तरिक वित्तीय प्रणाली र अर्थतन्त्रको विकास तथा विस्तारका साथै स्थायित्व हासिल गर्नमा अझ बढी योगदान पुग्न सक्ने अपेक्षा गरिएको छ। यस रणनीतिले बैंकिङ वीमा, पुँजीबजार गैर बैङ्किङ वित्तीय संस्था र सहकारी गरी पाँच मुख्य क्षेत्रहरु तथा वित्तीय बजार पूर्वाधार र क्षमता अभिवृद्धि गरी ५ वटा अन्तरसम्बन्धित विषयहरुमा जोड दिएको छ। रणनीतिले सबै क्षेत्रको गन्तव्य (Destination ) सहितको कार्ययोजना प्रस्तुत गरेको छ।

### ५.२.६ भूकम्पपछिको पुनर्निर्माणको लागि बजेट ब्यवस्थापन

भूकम्पबाट क्षतिग्रस्त भएका विद्यालय, स्वास्थ्य संस्था, महत्त्वपूर्ण सरकारी भवन लगायत सरकारी संरचनाहरु, विश्व सम्पदा सूचिमा रहेका ऐतिहासिक एवं पुरातात्विक तथा सांस्कृतिक महत्वका धरोहर तथा पशुपति क्षेत्रका संरचनाहरुको पुनर्निर्माणका लागि रू. २१ अर्व ५६ करोड थप रकम निकासा गरिएको छ। पुनर्निर्माण कोषमा रहेको रू. २८ अर्व राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले घर निर्माण अनुदानमा उपयोग गर्ने गरी सम्पूर्ण अख्तियारी प्रदान गरिएको छ। यसमध्ये रू. ७ अर्व स्रोतान्तर

निकासा समेत भैसकेको छ। यसैगरी विद्यालय पुनर्निर्माणको लागि रू. ४ अर्वको स्रोत सुनिश्चितता समेत प्रदान गरिएको छ।

भूकम्प पीडितहरुको आवास निर्माणका लागि बैंक तथा वित्तीय संस्थाबाट दुई प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउने र सामुहिक जमानीमा रु. ३ लाखसम्मको कर्जामा शुन्यदरमा पुनर्कर्जा उपलब्ध गराइने गरी व्यवस्था गरिएको छ। भूकम्प प्रभावित घरपरिवारलाई पुनर्निर्माणको कार्यलाई अभियानको रुपमा संचालन गर्न कुनै किसिमको स्रोतको कमी नहुने व्यवस्था मिलाइएको छ।

### ५.२.७ प्रभावकारी अनुगमन तथा मूल्याङ्कन

राष्ट्रिय गौरवका र प्राथामिकता प्राप्त २५ करोड भन्दा बढी लागत भएका परियोजनाहरुको समग्र बजेट विनियोजन, ठेक्का पट्टाको स्थिति, खर्चको अवस्था, त्यसको सवल तथा दुर्वल पक्षसमेतको स्थलगत अनुगमन गरी पृष्ठपोषण एवं कार्ययोजना परिमार्जन समेत गर्न अनुगमन तथा मूल्याङ्कन महाशाखाका सह-सचिवको संयोजकत्वमा ५ सदस्यीय अनुगमन टोली गठन भई सो टोलीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, लुम्विनी विकास गुरु योजना, ब्यापारिक मार्ग विस्तार आयोजना समेतको स्थलगत भ्रमण गरी निर्माणाधिन आयोजनाहरुमा देखिएका समस्या समाधानका लागि सहजीकरणको समेत भूमिका निर्वाह गरेको छ। त्यस्तै भेरी बबई डाइभर्सन बहुउद्धेश्यीय आयोजना, बबई सिंचाइ आयोजना र रानी जमरा कुलरिया सिंचाइ आयोजना समेतको अनुगमन गरी बजेट कार्यान्वयनमा जोड दिइएको छ।

नेपाल सरकारको उच्च प्राथामिकतामा रहेका आयोजना/कार्यक्रमहरुलाई आर्थिक स्रोतको अभाव हुन नदिने गरी स्रोतको सुनिश्चितता दिइएको छ।

ठूला आयोजना र महत्वपूर्ण कार्यक्रमहरुको अनुगमन सम्माननीय प्रधानमन्त्री स्वयंबाट हुनुका साथै आयोजना कार्यान्वयनसँग सम्बन्धित मन्त्री, अर्थमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सम्बन्धित मन्त्रालयका सचिवहरुबाट यस्ता आयोजनाको अनुगमनमा प्रत्यक्ष संलग्नता रही अनुगमन भइरहेकोले बजेट तथा आयोजना कार्यान्वयनमा अनुशासन र नतिजाप्राप्तिमा सहजता आएको छ।

# परिच्छेद ६
# खर्च प्रक्षेपण र पुन: प्राथमिकीकरण

## ६.१ खर्चको संशोधित अनुमान र त्यसका आधारहरू

### समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान

खर्च प्रवृत्तिको विश्लेषण गर्दा हरेक आर्थिक वर्षको पहिलो छ महिनाभन्दा पछिल्लो छ महिनामा बढी खर्च हुने गरेको छ। गत आर्थिक वर्षको खर्च शीर्षकगत विनियोजनको तुलनामा भएको औसत खर्च प्रतिशत, चालु आर्थिक वर्षको छ महिनामा भएको खर्च, वर्तमान स्थितिमा देखिएका सम्भावित खर्च, नयाँ सरकार गठन भएपछि थालिएका नीतिगत सुधार र बाँकी अवधिको अनुमानित खर्च समेतको आधारमा खर्च प्रक्षेपण गरिएको छ। माथि उल्लेखित खर्चको प्रवृत्ति र अनुमानको आधारमा चालु खर्च रू. ५ खर्व ६१ अर्व ६१ करोड ९३ लाख ५७ हजार, पूँजीगत खर्च रु. २ खर्व ६२ अर्व ३ करोड ४९ लाख १३ हजार र वित्तीय व्यवस्था तर्फ रू. १ खर्व १२ अर्व २२ करोड ७३ लाख ८८ हजार समेत गरी कुल खर्च रू. ९ खर्व ३५ अर्व ८८ करोड १६ लाख ५८ हजार पुग्ने संशोधित अनुमान रहेको छ। यो कुल विनियोजित बजेटको ८९.२२ प्रतिशत हुन आउँछ।

### चालु खर्च अनुमान

समीक्षा अवधिमा रु. २ खर्व १८ अर्व ६० करोड ९० लाख अर्थात् विनियोजित चालु बजेटको ३५.४२ प्रतिशत खर्च भएको छ। पुनर्निर्माण कार्यको दोश्रो किस्ता वितरण कार्य सुरु भएको, मन्त्रालय/निकायहरूबाट भएका थप बजेट मागलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको, मन्त्रिपरिषद्को निर्णयबाट सिर्जित दायित्व भुक्तानी गर्नुपर्ने अवस्था, निर्वाचन र सरकारबाट सोको तयारीमा हुने खर्च, मुद्रास्फीति तथा अन्य सञ्चालन तथा उपभोग खर्चमा हुनसक्ने वृद्धि समेतको आधारमा चालु आर्थिक वर्षको बाँकी अवधिमा चालु खर्च तर्फ रु. ३ खर्व ४३ अर्व १ करोड ३ लाख १९ हजार खर्च भई जम्मा रु. ५ खर्व ६१ अर्व ६१ करोड ९३ लाख ५७ हजार अर्थात् ९१ प्रतिशत खर्च हुने प्रक्षेपण गरिएको छ। चालु खर्च प्रक्षेपणका आधार तथा अनुमान देहाय बमोजिम छन् :

- भूकम्पबाट क्षतिग्रस्त घरहरूको पुनर्निर्माणका लागि पहिलो किस्ता प्राप्त गरी तोकिएको मापदण्द अनुसार घर निर्माण शुरु गरेका व्यक्तिगत घरधनीलाई दोश्रो किस्ताको रकम तुरुन्त उपलब्ध गराइने जसबाट करीव रू. ३८ अर्ब खर्च हुने देखिन्छ।
- नेपाल सरकार (मं.प.) को निर्णयबाट सिर्जित चालु दायित्व भुक्तानी गर्दा विनियोजित चालु तर्फको बजेट खर्च हुने देखिन्छ।
- स्थानीय निकाय/तहको चुनावका लागि तयारी भएकोले यसमा हुनसक्ने खर्च बढ्ने देखिन्छ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यान्वयन स्वीकृति ढिला गरी हुन गएकोले पछिल्लो अवधिमा मात्र काम हुने देखिन्छ।
- समृद्ध नेपालको लागि दिगो आर्थिक विकासको तत्कालीन कार्यान्वयन कार्ययोजना, २०७३ ले लिएका प्रतिबद्धताहरुले पनि चालु खर्च बढ्ने देखिन्छ।
- तलव, भत्ता, निवृत्तिभरण, सामाजिक सुरक्षा भत्ता एवं शान्ति सुरक्षा कायम र नेपाल सरकारको दैनिक प्रशासन संचालनमा हुने नियमित खर्च।

### पूँजीगत खर्च अनुमान

चालु आर्थिक वर्षको पहिलो छ महिनामा रु. ३५ अर्व २५ करोड ४६ लाख १७ हजार अर्थात कुल पूँजीगत विनियोजनको ११.३ प्रतिशत खर्च भएको छ। यो खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको

तुलनामा १३४ प्रतिशतले बढी हो। गत आर्थिक वर्ष २०७२/७३ को पहिलो छ महिनामा रु.१५ अर्व ५४ लाख र पछिल्लो छ महिनामा रु. १ खर्व ७ अर्व ८७ करोड ७१ लाख खर्च भएको थियो। यसरी पछिल्लो छ महिनाको खर्च पहिलो छ महिनाको खर्चको तुलनामा ७ गुणाले बढी भएको थियो।

